सूर्य झैं तेजस्वी, ठूलो विचार भएका, विद्याको प्रभावले आदर्श चरित्र भएका, शक्ति र पुरुषार्थबाट तेजिलो व्यक्तित्व भएका, अत्यन्त आकर्षक स्वरूप र देवतुल्य गुणले सुहाएका, नम्र स्वभाव र भद्र हृदयका छोराहरूले गर्दा राजाहरूमा श्रेष्ठ वृषदेव चहकिला देखिन्थे ।

(९–१०) ॥४॥

।

४ [रम्यां महो-]- च्च गिरिशृङ्गसमां प्रतोलीम्[11] ।
[धामोत्तमं भगवतो मणिमद्विभूषम्]
[निर्माय मन्दि-]- र विधानविशारदत्वात् ।
[पृथ्वां बभूव नितरां नृपतिर्यशस्वी]

अनुवाद–

अत्यन्त अग्लो पर्वतको चुचुरा झैं देखिने र राम्रो प्रतोली (बाहिरबाट मन्दिरसम्म जोडिएको छानू समेत भएको र रथ हाँक्न पनि मिल्ने गल्ली) र मणिमय अलंकारहरूबाट अलंकृत भगवान्को मन्दिर बनाएर आफ्नो मन्दिर आदि निर्माण कार्यमा देखिएको कलात्मक कुशल प्रवृत्तिबाट वृषदेव राजा पृथ्वीमा अत्यन्त यशस्वी बनेका थिए ।

(११–१२) ॥५॥

।

५ – [सम्पूर्णम-]- ण्डलनभस्तलनिर्मलेन्दो: ।
[तुल्यो गुणैर्मनुजलोचनरम्यरूपा–] ॥
[बभ्राजपद्म–]– नयनो वृषदेवनामा !
[नित्योत्सव: श्रुतकलाकरुणाभिराम:] ॥

अनुवाद–

पूर्णिमाको रमणीय रातमा आफ्नो पूर्ण र चहकिलो मण्डल फैलाएर गगनमा चंकिने निर्मल चन्द्रमाको सौन्दर्यलाई अंगालेका, जसको रूपमाधुरीलाई पिएर दर्शकहरूका आँखा कहिल्यै अघाउँदैनन्, कमल जस्तै कलात्मक आँखा भएका शास्त्रमा वैदुष्य, कलामा कुशलता र हृदयमा करुणा हुनाले सबैलाई मन पर्ने प्रजारञ्जन राजा वृषदेव दिनहूँ उत्सव झैं लाग्ने माङ्गलिक कार्यका कर्ता बनेर सगौरव शासन गरिरहेका थिए ।

(१३–१४) ॥६॥

।

६ – [सोऽतिष्ठिपद्-]-(भ)– गवत: प्रतिमांसुरूपाम् ।
[सालङ्कृतिं त्रिजगतां हितमाददानाम्] ॥
[दत्वाशिवाय] विपुलानि धनानि तस्मै ।
[ध–]– र्मैकहेतुरकरोद् धन धान्यदानम्] ॥

अनुवाद–

धर्मलाई नै सर्वोपरि ठान्ने राजा वृषदेवले आफूले निर्माण गराएको मन्दिरमा अलङ्कारहरूबाट अलङ्कृत, सुन्दर र त्रिलोकीको कल्याण गर्ने भगवान्को मूर्तिको प्रतिष्ठा गरे । त्यस अवसरमा उनै भगवान् सदाशिवलाई प्रशस्त भेटी चढाएर ब्राह्मण आदिलाई धनधान्य दान गरे ।

(१५–१६) ॥७॥

।

७ – [भद्रैर्जनै: प्र-]- थितवीर्यबलप्रतापो–

११) मूलपाठमा "प्रतोदीम्" रहेको छ ।

[भूपोऽभवत्तदनु शङ्करदेवनामा] ।।
[प्रमोदकृत् स्व-] जन-भृत्य-सुहृद्-द्विजानाम् ।
[आर्तार्तिहा शरणद: शरणागतानाम् ।।

अनुवाद–

राजा वृषदेवपछि, बल, पराक्रम र प्रतापको कारणबाट असल मानिसहरूद्वारा सादर यशोगान गरिएका बन्धु–बान्धव, नौकर–चाकर, इष्ट–मित्र र ब्राह्मण हरूको प्रसन्नताका लागि तयार रहने, शरणागतहरूका लागि शरण दिने र दु:खीहरूको दु:खलाई निवारण गर्ने शङ्करदेव नामक राजा भए ।

(१७–१८) ।।८।।
।
८ – [राज्यञ्च स्वर्ग-]- मिव य:[12] शरषष्टिवर्षम् ।[13]
[धृत्यैव धर्मवलतो बलतो बभार] ।।
[सोऽप्येकदाश्व-]- मधिरूह्य सवायुवेगम् ।
[योद्धुं परैर्युतबल: पुरत: प्रतस्थे] ।।

अनुवाद–

राजा शङ्करदेवले धर्मशास्त्र र दण्डनीतिद्वारा धीर राजाको रूपमा स्वर्ग जस्तो सुख–सुविधाले संपन्न यस राज्यको परिपालन ६५ वर्षसम्म गरेका हुन् । आफ्नो शासनकालमा एक पटक (बाहिरिया दुश्मनहरूले आक्रमन गर्ने कुरा पत्तो पाएकाले) हावा समान बेगवाला घोडामा सवार भएर शत्रुसंग लडाईं गर्न राजधानीबाट बाहिर गएका थिए ।

(१९–२०) ।।९।।
।
९ – [शत्रून् निय–]– म्य युधि सर्वगुणोपपन्नो–
[वीर्येण सम्मुखगतानभिनन्दित स्तै:] ।।
[भूप: शशि–]–ग्रह इव प्रियचारूमूर्ति: ।
[प्रत्याजगाम विजयी निजराजधानीम्] ।।

अनुवाद–

सर्वगुणसंपन्न राजा शङ्करदेव, आफ्नो प्रबल पराक्रमबाट साम्ने आएका शत्रुहरूलाई युद्धमा जितेपछि परास्त शत्रुहरूबाट नै अभिनन्दित भएका हुन् । त्यस पछि, विजयोल्लासका अवसरमा चन्द्रमा झैं प्यारो र रमणीय स्वरूपद्वारा सुहाएका विजयी राजा शङ्करदेव आफ्नो राजधानी तर्फ फर्केका थिए ।

(२१–२२) ।।१०।।
।
१० – [तस्यान्तरे] क्रतुषु नैकविधेषु नित्यम् ।
[सक्तोऽभवन्नरपतिर्भुवि धर्मदेव:] ।।
[यज्ञेषु तेषु] परिशुद्धविधानकर्म [।] ।
[नेपालराज्यमपियस्त्रिदिवञ्चकार] ।।

अनुवाद–

शङ्करदेव पछि, अनेक प्रकारका यज्ञयागहरूमा सधैं व्यस्त रहने राजा धर्मदेव यस राज्यका राजा भएका हुन् । यज्ञयागहरूमा अत्यन्त पवित्र विधानहरूद्वारा कर्म संपादन गर्ने राजा धर्मदेवले आफ्ना धार्मिक क्रियाकलापबाट नेपाल राज्यलाई स्वर्ग जस्तै बनाएका थिए ।

(२३–२४) ।।११।।
।
११ – [युद्धान्त-]- यूपचयनै[14] र्वसुधां सम (स्ताम्) ।
[आच्छादयँश्च शुशुभे नितरां प्रवीर:] ।।
[कीर्तिं विता-]– य सकलां सुनयेन[15] [शुभ्राम्] ।
[राजर्षिरेष सहसा त्रिदिवं प्रयात:] ।।

अनुवाद–

धर्मवीर र युद्धवीर राजा धर्मदेवले आफ्नो विजय अभियानको दौरानमा युद्धमा विजय हासिल गरेका

---

१२) "शक्तै:" पाठ मूल अभिलेखमा रहेको छ ।
१३) "शराष्टिवर्षम्" पाठ मूल अभिलेखमा रहेको छ ।
१४) मूलपाठमा "युपचयनै" रहेको छ ।
१५) मूलपाठमा "सुनय" मात्र रहेको छ । पूर्व संशोधनमा "सुनयनाम्" बनाइएको छ । "सुनयनाम्" को प्रयोग गर्दा छन्दोभङ्ग हुने र अर्थसङ्गति पनि नहुने हुंदा मैले अर्थानुसार पाठ "सुनयेन" बनाएको छु ।

अनगिन्ती ठाउँहरूमा विजयस्मारकका रूपमा मौलाहरू गाडी मानू पृथ्वीलाई ढाकी दिएर ठूलो शोभा र ख्याति प्राप्त गरेका थिए। यसरी असल राजनीतिबाट उज्ज्वल कीर्ति फिजाएर राजर्षि धर्मदेव एक दिन अचानक स्वर्ग भएका हुन्।

(२५) ॥१२॥

।

१२ – [श्री धर्मदेवत-]- नयः प्रतिमा [नवेव]।
[नित्यं पितुर्विजयते भुवि मानदेवः] ॥
[संस्कृत्य तच्छिवगृहं भुवनस्य देवः]।
[लावण्यरूपललितोऽपरकामदेवः] ॥

अनुवाद–

त्यस पछि, श्री धर्मदेवका छोरा, गुण, स्वभाव र स्वरूपबाट आफ्नै बाबुको दोस्रो रूप भने पनि हुने, अनौठो माधुर्य र सौन्दर्यका कारणबाट अति सुहाएका, कामदेवका अवतार र आफ्ना बराजु वृषदेवले बनाएको शिवालयको पुनर्निर्माण गर्ने मानदेव यस पृथ्वीमा आफ्नो विजयका पताका फहराएर राज्य गरिरहनु भएको छ।

# भोटमा नेपाली खचडा

–डा. तीर्थप्रसाद मिश्र

कुनै पनि देशको विदेश नीतिको निर्णायकतत्त्वमा आर्थिक कारणले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। प्राचीनकालदेखि नै नेपालको भोटप्रतिको नीतिमा पनि आर्थिक कारणले उल्लेखनीय प्रभाव पारेको पाइन्छ। कयौं शताब्दीसम्म नेपालले भोटको आन्तरिक र वैदेशिक व्यापारमा एकाधिकार प्राप्त गरेको थियो। नेपाल र भोट बीच राजनीतिक सम्पर्क हुनु अगावै व्यापारिक सम्बन्ध स्थापना भएको परिकल्पना गरिएको छ। लिच्छविकालदेखि नेपाल–भोट व्यापारको प्रमाणिक इतिहास उपलब्ध भएको पाइन्छ। सातौं शताब्दीको प्रारम्भमा केरूङ्ग मार्ग प्रचलनमा आएपछि[1] काठमाडौं भोट–हिन्दुस्थान दुवैको व्यापारिक संगमस्थल बन्न पुग्यो। लिच्छविकालमा नेपालीहरूमा किसानभन्दा व्यापारीहरूको संख्या अधिक भएको टिपोट चिनिया यात्रीले गरे[2] बाट पनि नेपालको व्यापार फष्टाएको देखिन्छ।

मध्यकालमा पनि भोटसंगको व्यापारमा नेपालको अग्रणी स्थान नै थियो। सत्रौं शताब्दीमा कान्तिपुरका राजा प्रतापमल्लले भोटलाई पराजित गराई एक सन्धि गरे। सन्धि अनुसार कान्तिपुरका व्यापारीले ल्हासामा बत्तीस कोठी स्थापना गर्न पाउने; ल्हासामा नेपाली व्यापारीको मृत्यु भएमा र मृतक निःसन्तान भएमा अपुताली कान्तिपुरले पाउने; व्यापारको सुरक्षाकालागि नायक नियुक्त गर्न पाउने; नेपाली व्यापारीले भोटेनी विवाह गरी जन्मेका सन्तानमध्ये छोरा नेपालको र छोरी भोटकै रैती हुने; जस्ता एकतर्फी अधिकार उपलब्ध भयो।[3] यसपछि नेपाली व्यापारीहरू ल्हासा र आसपासका क्षेत्रहरूमा बसोबास गरी आफ्नो कारोवार चलाउन थाले। कालान्तरमा ललितपुर र भक्तपुरका व्यापारीहरू पनि भोट व्यापारमा सहभागी भै कान्तिपुरका व्यापारीहरूले उपभोग गरे सरह सुविधा पाउन थाले। यो परम्परा पछिसम्म चल्दै गयो–पृथ्वीनारायण शाहले उपत्यका दखल गरे पश्चात पनि यसमा कुनै परिवर्तन आएन।

आधुनिककालमा आएर नेपाल–भोट बीच

---

१) लियो ई रोज र मारगरेट फिसर, **पोलिटिक्स अफ नेपाल**, लण्डनः कोरनेल यूनिभर्सिटी प्रेस, १९७०, पृ. २।

२) जगदीशचन्द्र रेग्मी– **लिच्छवि संस्कृति**, काठमाडौं: रत्न पुस्तक भण्डार, २०२६, पृ. १५३।

३) रेवतीरमन खनाल– "नेपाली कानूनी इतिहासमा ल्हासा अदालत" **नेपाल**, पूर्णाङ्क ६५, २०३२–कार्तिक, मंसीर र पुस, पृ. ४।

१७८९, १७९२ र १८५६[4] ईमा प्रमुख तीन सन्धिहरू भए। यी सन्धिहरूबाट कुनै नयाँ व्यवस्था भयो र कुनै पूर्व व्यवस्थाहरू खारेज भए भने कतिपय परम्परागत रीत दस्तुरहरू पनि कायमै रहे। नेपाली व्यापारीले भोटमा विवाह गरी जन्मेका सन्तानहरूको रैतानसम्बन्धी प्रचलित नियममा पनि कुनै फरक आएन। यस विषयमा १९५६ ई. को नेपाल—चीन मैत्री सन्धिबाट मात्र नयाँ व्यवस्था हुन गयो।

## खचडा व्यवस्था

सत्रौं शताब्दीबाट प्रारम्भ भै बीसौं शताब्दीको मध्यसम्म नेपालीले अनवरत रूपमा भोटमा प्राप्त गरेको सुविधाहरूमध्ये नेपाली व्यापारीहरूले भोटका कन्यासंग विवाह गरी जन्मेका छोरा नेपालको रैतीमा दर्ता हुने र छोरी भोटकै रैती हुने अनौठो (शायद संसारमा कतै नभएको) व्यवस्था एक थियो। तत्कालीन कागजपत्र तथा व्यवहारमा नेपालीको भोटे स्वास्नीबाट जन्मेका छोराहरूलाई "खचडा" भन्ने गरेको पाइन्छ, त्यसैले यहाँ पनि यी मिश्रित रक्तका व्यक्तिलाई खचडा नै उल्लेख गरिएको छ।

नेपालको व्यापार लिच्छविकालमा नै प्रारम्भ भए तापनि भोटमा नै बसोबास गर्ने व्यापारीहरूको संख्या न्यून भएको अनुमान हुन्छ। प्रतापमल्लको पालाको सन्धिबाट नेपाली व्यापारीहरूले भोटमा धेरै सुविधा पाएको तथा ल्हासामा नै नायो बस्ने व्यवस्था भएपछि ल्हासामा बसोबास गर्ने व्यापारीहरूको संख्यामा अभिवृद्ध भयो। कालान्तरमा नेपाली व्यापारीहरू ल्हासाको अतिरिक्त सिगात्से (डिगर्चा), ग्यान्ची, याटुङ, कुति, केरूङ आदि सामरिक क्षेत्रमा बस्न थाले। भोटमा बसोबास गरी आफ्नो व्यवसायमा संलग्न हुने नेपाली व्यापारीहरूले आफ्नो साथमा परिवार लिएर जाँदैन थिए। आफ्ना परिवार लिएर नजानाका कारणहरू विभिन्न थिए। प्रथमतः नेपालबाट टाढा र अति विकट ल्हासामा परिवार लिएर जान संभव थिएन, दोस्रो व्यापारीहरूले भोट–मोगलान (हिन्दुस्तान) गरिरहनु पर्ने हुनाले, व्यापारी–हरूका परिवारलाई आफ्नो व्यापारिक स्थलमा राख्नु उपयुक्त संझदैन थिए, तेस्रो नेपाली व्यापारीहरूले भोटमा विवाह गर्न मुश्किल थिएन, भोटकै स्त्री विवाह गर्दा शारीरिक, मानसिक सन्तुष्टि हुनुका साथै व्यापारमा पनि बढावा मिल्ने हुँदा नेपालीहरू आफ्नो परिवार, विशेषत: श्रीमतीलाई, लिएर जान आवश्यक ठान्दैन थिए।[5] व्यापार तथा अन्य प्रयोजनका लागि भोटमा जाने व्यक्तिले आफ्नो स्त्री लिएर जान निषेध गरिएको थियो भन्ने भनाइ[6] रहे तापनि निषेध गरिएको प्रमाण भने पाइएको छैन। "नारीलाई मृत्युदण्ड जस्ता डरलाग्दा सजायँ दिनु पर्‍यो भने भोट धपाउने चलन थियो" भन्ने उल्लेख गरेको[7] पाइए तापनि यसको ठोस दस्तावेज पाउन सकिएको छैन। समकालीन लेखक तथा यात्रुहरूले प्राय: सबै नेपालीहरूले भोटेनी स्वास्नी राख्ने गरेको चर्चा गरेका

---

४) १७८९ को सन्धिका शर्तहरूको लागि हेर्नुहोस्, रोज, पूर्ववत पादटिप्पणी संख्या १, पृ. ४३। १७९२ को सन्धिका शर्तहरूको लागि हेर्नुहोस्, उही, पृ. ६४, ६५। १८५६ को शर्तहरूको लागि हेर्नुहोस्-उही, पृ. ११४-१५। १७८९ र १७९२ को सन्धि विषयमा प्रामाणिक दस्तावेज पाउन सकिएको छैन। दुवै देशहरू बीच युद्धकालमा भएका पत्राचारहरूको आधारमा सन्धि शर्तहरू निर्धारण भएको अनुमान गरिन्छ।

५) खनाल, पूर्ववत, पादटिप्पणी, संख्या ३, पृ. ५।

६) ज्ञानमणि नेपाल, नेपाल निरुक्त; काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४०, पृ. २०६।

७) उही, पृ. २०६, राजराजेश्वरी (रणबहादुर शाहकी रानी) र भीमसेन थापाकी दुई श्रीमतीलाई हेलम्बुमा निर्वासित गरिएको र राजेन्द्रलक्ष्मी (सिंहप्रताप शाहकी रानी) लाई विष ख्वाउने अभियोग लगाइएको, मथुरालाई भोटमा धपाएर पठाएको अधुरो सूचनाकै आधारमा संगीन अपराध गर्ने स्त्रीलाई भोट पठाइन्थ्यो भनेर ठोकुवा गर्न सकिंदैन।

छन् ।[8] एक ब्रिटीश अधिकारी जो ह्रान्सीस योगहस्वेण्डको अभियानमा १९०४ मा ग्याञ्चीमा पुगेका थिए, उनले त्यस स्थानमा रहेका सातजना नेपाली सबैले भोटेनी स्वास्नी राखेको टिपोट गरेका छन् ।[9]

**खचडाहरूको संख्या**

नेपाली व्यापारीले भोटका स्त्री विवाह गरी जन्मिएका खचडाहरूको संख्या यकिन हुनसकेको छैन । प्रारम्भमा यस्ता खचडाहरूको संख्या कम थियो तर क्रमशः व्यापारीहरूको संख्या बढ्ना साथ खचडाहरूको संख्यामा पनि वृद्धि भयो। खचडाको सन्तान (छोरो) पनि खचडा हुने हुनाले कालान्तरमा यस समुदायको संख्या बढ्न थाल्यो । भोटमा नेपाली खचडाहरूको संख्या यकिन गर्न मुश्किल छ, सरकारले खचडाहरूको लगत राखी अद्यावधिक बनाउने कुनै प्रयास गरेको देखिदैन । राणाकालको मध्यतिर आएर खचडाको रैती सम्बन्धमा विवाद आउन थालेपछि मात्र लगत राख्नु पर्ने आवश्यकता महसूस हुन थाल्यो । यसैकारण चन्द्रशम्शेरले ल्हासास्थित नेपाली वकील लालबहादुर बस्नेतलाई वि. सं. १९७० भाद्र १८ गते (सेप्टेम्बर–१९१३) निम्न आदेश दिएका थिए:—

> षचराहरूमा यो यो हाम्रो रैतीको भन्या लगत नभयाकाले मामिला मुद्दा पर्दा रैती छुट्टाउन मुस्कीलभैं वरावर गडवड भैरहने भयाको हुनाले अब उप्रान्तलाई सो लगत षडागरी राषना निमित्त डिगर्चाका नाइके थकालीहरूलाई लेषी गयाको छ. तिमीले पनी ताहा ल्हासामा रहेका हाम्रा रैयत ठहरेका षचराहरूको ३ पुस्ते औ यस ठाउंको जन्म भन्या समेत देखिने गरी लगत किताप बनाई १ प्रति ताहा राषी १ प्रति हाम्रो हर्जुमा चढाई पठाउनु पछि थपघट पनि सो कितापमा लेषने गरी राषनु[10]

सोही मितिमा डिगर्चाका नाइके नरबहादुर षत्री छेत्रीलाई पनि वकीललाई जस्तै "पुराना मानिस थकाली संग सोधी हाम्रा षचरा यस्का छोरा नाती भनि छुट्याउनु" भन्ने दुई छापे सनद पठाएको पाइन्छ ।[11] तर भोट मुलुकभर खचडाको संख्या भएको अद्यावधिक लगत राखेको प्रमाण भने उपलब्ध हुनसकेको छैन ।

वि. सं. १९६६ मा केरूङ्ग, कुति, डिगर्चा र ल्हासामा खचडाहरूको संख्या क्रमशः ८०, २४८, ११२ र १८३ भएको र वि. सं. १९७० मा गाम्ती चितन गाउँमा क्रमशः २४ र ४९ तथा रोङपाले डेरोङ सुंखा आदि स्थानमा ४४, ढाही, लवरा, कोगु आदि स्थानमा ८०, ढनाम आदि स्थानमा ५३ खचडाहरू थिए ।[12] १९२० ई. तिर ल्हासा पुगेका अंग्रेज कुटनीतिज्ञ चार्ल्स वेलले भोटमा नेपाली व्यापारी ६००।७०० भएको र खचडाहरूको संख्या १००० भएको उल्लेख गरेका छन् ।[13] १९५६ ई. सम्म, जुनवेला खचडा समुदाय

---

८) एल. अस्टाइन वाडेल– **ल्हासा एण्ड इट्स माइस्ट्रिज** दिल्ली: संस्करण प्रकाशन, १९७५ (पुनः मुद्रित) पृ. २१४ ।

९) तीर्थप्रसाद मिश्र–"पोलिटिकल रिलेसन्स विटविन नेपाल एण्ड टिवत"– अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध, पटना विश्वविद्यालय, १९८६, पृ. २००–०२ ।

१०) श्री ३ चन्द्रशम्शेरले वकील लालबहादुरलाई पठाएको आदेश, वि. सं. १९७० भाद्र १८ गते रोज ३ (सेप्टेम्बर–१९१३), पोका नं. ६०, परराष्ट्र मन्त्रालय अभिलेखालय, काठमाडौं ।

११) उही

१२) ज्ञानमणि नेपाल– **नेपाल–भोट चीन सम्बन्धका केही सांस्कृतिक पक्ष,** काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४५, पृ. २१०–१२ ।

१३) चार्ल्सवेल, **टिवट पास्ट एण्ड प्रिजेन्ट,** अक्सफोर्ड: क्लेरनडन प्रेस, १९२४ ई., पृ. २३३ ।

नेपालको रैती हुने परम्परामा परिवर्तन भयो, यस्ता समुदायको संख्या २००० भन्दा अधिक भएको अनुमान हुन्छ ।

## विभिन्न क्षेत्रमा खचडा

भोट अधिराज्यभरि नै छरिएर रहेका यी खचडाहरूले विविध पेशामा सरीक भएका देखिन्छन् । अधिकांश खचडाहरूमा व्यापार व्यवसायमा नै संलग्न रहने चाहना भएको पाइन्छ । ल्हासा, ग्याञ्ची, सिगात्से, याटुङ, कुति, केरूङ्ग, ताक्लाखार आदि स्थानमा खचडाहरूले बन्द व्यापारको व्यवसाय लिएका देखिन्छन् । वि. सं. १९६० मा ल्हासास्थित नेपाली वकील जीतबहादुर खत्री छेत्रीले पठाएको 'ल्हासाको दस्तुर किताबमा' ल्हासा, ग्यामता, ग्याञ्ची, चेतान्, सिगात्से, लाछे, टिंगरी, कुति, केरूङ्गमा यस्ता खचडाहरूको कोठी २३ भएको टिपोट गरेका छन् ।[14] वि. सं. १९६० तिरनै भोट सरकारबाट चौध जना नेपाली व्यापारीलाई महाजनमा गणना गरेकोमा टाशी डिहु र झुमरा पासाङ दुई जना खचडा व्यापारीहरू पनि समाविष्ट थिए ।[15] सिगात्सेमा बसोबास गर्ने रिनाजिन तोप्के उन चवरका नामी व्यापारी थिए– भारतसंगको उन चवरको व्यापारमा उनको प्रमुख भूमिका थियो ।[16] यस्तै धोर्जे धम्दी पनि उन चवरका ठूला व्यापारी थिए । कतिपय खचडाहरू वकील र स्थानीय नेपाली कर्मचारीको ढाढस पाएर अफिम जस्ता निषिद्ध वस्तुको व्यापारमा लागेका दृष्टान्तहरू पाइएका छन् । भोट मुलुक भर जाँड रक्सीको भट्टी थापेर बस्ने खचडाको संख्या पनि निकै थियो ।[17]

खचडाहरू भोटको भाषामा पनि पोख्त भएकाले दोभाषेको रूपमा पनि कार्य गरेको देखिन्छ । ल्हासास्थित वकील कार्यालय र ग्यात्से हुङ्डामा सरकारी दोभासे भएर खचडाहरूले काम गरेको पाइन्छ ।[18]

नेपाली खचडा र भोटका स्थानीय व्यक्तिहरूको आकृति, लवाइ, खवाइ, र बोलाइमा पनि खास भिन्नता नहुने हुनाले नेपाल सरकारले विभिन्न संकटका घडीहरूमा उनीहरूलाई जासूसी कार्यमा संलग्न गराएका उदाहरणहरू पाइन्छन् । १९०३–०४ को भोट-अंग्रेज विवाद चर्केको बेलामा नेपाल सरकारको निर्देशनमा तत्कालीन वकील जीतबहादुरले दुवै पक्षको गोप्य क्रियाकलापहरू बुझ्न यीनै खचडाहरूलाई सरीक गराएका थिए ।[19] याटुङमा अंग्रेजको गतिविधि बुझ्न जमभेल (जयभे ?) पठाएको समाचार वकीलले काठमाडौं पठाएका थिए ।[20] यस तनावको समयमा नेपाली वकीलले महत्त्वपूर्ण गोप्य सूचना संकलन गरी अंग्रेजलाई दिएका थिए । दोर्जेफ (खेन्देछेगा) गोप्य गतिविधि र भोट रूसको साँठगाँठ बुझ्न जीतबहादुरले नेपाली खचडाहरूलाई लगाएका थिए ।[21] यसका अतिरिक्त दलाई लामा चार काजीहरूको गतिविधि बुझ्न यस्ता व्यक्तिहरूको चयन हुने गर्दथ्यो ।[22]

---

१४) ल्हासाको दस्तुर किताब, परराष्ट्र मन्त्रालय अभिलेखालय, काठमाडौं, (पोका नम्बर उल्लेख नभएको)
१५) उही
१६) रिनाजेन तोप्केजे श्री ३ महाराज चन्द्रशम्शेरलाई पठाएको विन्तिपत्र, वि. सं. १९७१ श्रावण (जुलाई अगष्ट १९१४), परराष्ट्र मन्त्रालय अभिलेखालय, पोका नं. ९० ।
१७) तीर्थप्रसाद मिश्र– **पूर्ववत**, पाद टिप्पणी संख्या ९, पृ. ३०८–१४ ।
१८) कम्माडरी किताब खाना अभिलेख, १९०५–१९९८, राष्ट्रिय अभिलेखालय, काठमाडौं ।
१९) वकील जीतबहादुरले श्री ३ महाराज चन्द्रशम्शेरलाई पठाएको विन्तिपत्र, वि. सं. १९७१ श्रावण १४ रोज ५ (जुलाई १९१४), परराष्ट्र मन्त्रालय अभिलेखालय, पोका नं. २०६ ।
२०) उही
२१) उही
२२) उही

चीन भोट संघर्ष, ग्यालवु काण्ड र यस्तै भोट नेपाल विवादमा खचडाहरूद्वारा भोटको गोप्य गतिविधि बुझ्ने प्रयास भएको पाइन्छ । तर अधिकांश खचडाहरू अशिक्षित तथा चतुर नहुनाको कारणबाट नेपाल सरकारले जासूसी कार्यमा उनीहरूबाट अपेक्षाकृत लाभ पाउन सकेको देखिदैन । कति पटक त गलत सूचना र समाचार दिएकोमा वकीलले राणा सरकारबाट हप्की पनि खानु परेको थियो ।[23]

व्यापारी र सरकारी सेवामा संलग्न हुने खचडाहरूको संख्या ज्यादै न्यून थियो । अधिकांश खचडाहरू भेडा गोठाला, भरिया तथा मजदूरहरू थिए । आफ्ना बाबुबाट उचित प्रोत्साहन नपाउँदा खचडाहरू कुशल व्यापारी हुने कमैले मौका पाए ।[24]

## खचडाहरूप्रति नेपाल सरकारको नीति तथा दृष्टिकोण

खचडाहरूप्रति नेपाल सरकारको नीति खचडाहरूको हित र सुरक्षा तर्फ पूर्णरूपले केन्द्रित हुनसकेको पाइदैन–खचडाहरूलाई कज्याउने तर्फ सबै सदैव उन्मुख भएको देखिन्छ । भोट र नेपाल दुवैबाट बहिष्कृत यी वर्गलाई वकील र स्थानीय अधिकारीहरूले रैतीमात्र दावा गर्ने, कर लिने र झारामा काम लगाउने गर्दथे । आफ्नो फाइदाका लागि भने खचडा र स्थानीय भोटका निवासी बीच भएको झगडामा नेपाली अधिकारीहरूले सदैव खचडाकै साथ दिन्थे । खचडाहरूले कति पटक आफूलाई स्थानीय नेपाली अधिकारीहरूले दुःख दिएकोमा श्री ३ महाराज समक्ष विन्तीपत्र जाहेर गरेका थिए । वकील मालिकाप्रसाद विरूद्ध खचडा र महाजनहरूले उजुरी गरेका थिए । यसमा चीन जाने सौगात मण्डलका नेता काजीले उक्त मुद्दाको सुनुवाई गरेको प्रमाण पाइन्छ ।[25] तर यस मुद्दामा के कस्तो कार्यवाही भयो थाहा हुन सकेको छैन । कुनै बखतमा त खचडाहरू काठमाडौं आई वकील विरूद्ध श्री ३ महाराज समक्ष कराएका पनि थिए । ल्हासास्थित नेपाली वकील जीतबहादुर खत्री छेत्रीले खचडाहरूलाई ज्याला नदिई काम लगाउने, बढता दुःख दिएको उल्लेख गरी ७५ जना खचडाले उजुरी गरेका थिए । सो विन्तीपत्र लिई ल्हासाबाट नर्बु छिरिङ र काजीमान सम्पूर्ण खचडाको प्रतिनिधित्व गर्दै काठमाडौं आएका थिए ।[26] यस उजुरीमा श्री ३ महाराज चन्द्र शम्शेरले बडापत्र पठाएको देखिन्छ, जसमा:

> वकिलका मित मानबहादुर आउदा ल्हासादेखि १५ पाऊसम्म ५० भारी जिन्सी वेदाम बोकाया भन्ने नर्बु छिरिङ काजीमान षचराले उजुर गर्दा तिमीलाई सोधनी भै गएकोमा ५।६ भारी देखि थिएन भनेऊ तर ५० भारीकै उनीहरूको ज्याला भराई दिनु...... भोटका मुलुकमा हाम्रा रैयत हुनाले वकिली अड्डाको तालुकमा राखी चलि आएको तिरो भरी लि षुसीसंग काम चलाउनु पर्छ ज्यादा करकाप गरी चिढाई जलाउनु हुदैन... आफ्ना रैती षचरालाई खलतनतमा राखी कां गर्नुमा चिढाई काम गर्न लाग्यौ भने तिम्रो कसो गरी रवाफ रहला .... [27]

काठमाडौं आई कराएको यो एउटै घटना मात्र

२३) वकील जीतबहादुरले खचडाको खबर अनुसार रूस र भोटको गोप्य सन्धि भएको विषयमा दिएको समाचार गलत थियो । यस्तै अन्य कतिपय समाचारहरू असत्य सावित भएका थिए ।

२४) डोरबहादुर विष्ट, ''नेपलिज इन टिवट, ''कन्ट्रिब्युसन इन नेपलिज स्टडिज'' भोलुम ७ संख्या–१ (डिसेम्वर १९८०), पृ. १–२० ।

२५) तीर्थप्रसाद मिश्र र निरञ्जन शर्मा–'ल्हासा वकीली अदालतमा पर्ने कार्यहरू' रोलम्बा भोलुम ४; संख्या–१ (जनवरी–मार्च, १९८४), पृ. ५ (नेपाली खण्ड) ।

२६) वि. सं. १९६४ साल भाद्र १६ गते रोज ३ को (अगष्ट १९०४), वकील जीतबहादुरलाई पठाएको बडापत्र, पोका नं. ५०, परराष्ट्र मन्त्रालय अभिलेखालय ।

२७) उही ।

पाइन्छ । स्वयं जीतबहादुरले पठाएको जाहेरीमा नोर्बु छिरिङ बाहेक अरू "हाकिमको नाउँमा कराउन आएको" थाहा छैन भन्ने उल्लेख छ ।[28] श्री ३ महाराजहरूले खचडाहरूप्रति राम्रो व्यवहार गर्न वकीललाई आदेश दिइयो तर वकील विरुद्ध कुनै कार्यवाही भएन । जीतबहादुरलाई खारेज गर्नमा उनको खचडाप्रतिको नीति उत्तरदायी थियो । तर सोही कारणले मात्र उनको तानाबाना गएको भने अवश्य होइन ।[29] अधिकांश खचडाहरू अनपढ सोझा भएकाले उनीहरूमा स्थानीय अधिकारीप्रति शिकायत गर्ने पनि धृष्टता गर्दैन थिए । उक्त एक दुई घटनाको आधारमा सबै वकीलहरूले खचडाहरूलाई सताएका मात्र थिए भन्ने निष्कर्षमा भने पुग्न सकिँदैन । तर पनि खचडाहरूको स्थिति सुधार्न भने सरकारबाट ठोस कार्यक्रमको तर्जुमा कहिले पनि भएन ।

खचडाप्रति सरकारले लिने सबैभन्दा कठोर परम्परागत नीति थियो-खचडाले बाबुको अंश नपाउनु । भोटस्थित महाजनको सम्पत्तिमा खचडा छोराको कुनै अधिकार हुँदैन थियो । उक्त महाजन निःसन्तान भएमा पनि मृतकको सम्पत्ति सरकारको हुन्थ्यो, खचडाले पाउँदैन थिए । यस विषयमा जीतबहादुरको जाहेरी:

> अपुतालीको भन्या लेषियाका महलमा कामलाई नेवार महाजनहरू पट्टिमा हकवाला जाहा भया (उसैले पाउने) जाहा नभया नेपालमा भया नभयाको सोधी पठाई सर्कारमा अैन वमोजिम रपोट जाहेरी गरी सदर भै आयाको रपोट वमोजिम गर्ने र (हकवाला कोही नभए) साहु बुझाई वाँकी स्याहामा आमदानी गरी तोसा षाना दाषिल गर्ने खचडा छोरो भयापनी नीजले नपाउने, षचडा षचडैमा भया छोराहरूले पाउने... माहाजनहरूको धन्मा खचडाहरू सवैले दुःख गरि कमायाको धन हामीले पनि केहि पाउनु पर्ने हो. आफ्ना वावुको धन केहि षान नपाई अलपत्र परी दुष पाउनु पर्ने होइन भोट तरफको हामीलाई केहि छैन भनी खचडाहरू सान्है रूनु कराउनु गरी आयाको बुझिन्छ ।........[30]

भोटबाट पनि यी खचडाहरूलाई आफ्ना रैती नभएकाले कुनै सुविधा नदिनु स्वभाविकै थियो । तर नेपाल सरकारले आफ्नो बाबुको अंशमा पनि आंशिक हकदार हुने कानून बनाएको भए खचडाहरूमा नेपालप्रतिको आस्थामा वृद्धि हुने थियो । नेपालमा बसोबास गर्ने रैतीले आफूभन्दा तल्लो जातमा विवाह गरी जन्मेका छोराहरूले बाबुको अंशमा दावी गर्न सक्दथे र पाउने व्यवस्था थियो ।[31]

नेपाली व्यापारीले स्थानीय भोटेनी विवाह गरी जन्मेका छोरीहरू भोटकै रैती हुने परम्पराले गर्दा उनीहरूको स्थिति पनि राम्रो थिएन । भोट सरकारले खचडाका स्वास्नी र छोरीलाई विभिन्न कर लगाएर विभिन्न समयमा दुःख दिएको प्रमाण पाइन्छ ।[32]

भोटस्थित नेपाली खचडाहरूले सरकारलाई विभिन्न करहरू बुझाउनु पर्दथ्यो । भोटमा विशेष सुविधा उपभोग गरे वापत[33] वार्षिक रूपमा दुई टङ्का अर्थात्

---

२८) मिश्र—**पूर्ववत्**, पाद टिप्पणी संख्या २५, पृ ५ (नेपाली खण्ड) ।

२९) वकील जीतबहादुरको खारेजी गर्नका कारणहरू विषयमा हेर्नुहोस, मिश्र, **पूर्ववत्**, पाद टिप्पणी, संख्या ९, पृ. १९१–९२ ।

३०) मिश्र, पूर्ववत, पाद टिप्पणी संख्या २५, पृ. ७ (नेपाली खण्ड) ।

३१) रेवतीरमण खनाल, **मुलुकी ऐन (केही विवेचना)**, काठमाडौं: निहारेन्द मल्ल, वि. स. २०२६, पृ. १५३–५५ ।

३२) वकील जीतबहादुरले श्री ३ चन्द्रशम्शेरलाई पठाएको विन्तीपत्र, वि. सं. १९७० श्रावण २९ रोज ३ (अगष्ट–१९१३), पोका नं. ९०, परराष्ट्र मन्त्रालय अभिलेखालय, काठमाडौं ।

३३) भोटमा नेपालीहरूले, सन् १८६५ को सन्धि अनुसार मुलुकभर वन्द व्यापार गर्न पाउने, भोटको कानून नलाग्ने, भन्सार तिर्नु नपर्ने जस्ता सुविधा पाएका थिए । यस विषयमा विशेष जानकारीका लागि हेर्नुहोस्– तीर्थप्रसाद मिश्र–सन् १८५६ ई. को सन्धिको मूल्यांकन–**नेपलिज कल्चर**, भोलुम ४(जुन १९८७), पृ १-७(नेपाली खण्ड) ।

छ आना बुझाउनु पर्दथ्यो ।[34] यसका अतिरिक्त कुनै खचडा भिक्षु (वाडा) हुन चाहेमा दुई काला मोहर वकीली कार्यालयमा बुझाउनु पर्दथ्यो। यस विषयमा जीतबहादुरको जाहेरी:

> फकिर सित मुडिग्या लेषियाका महल्का कामलाई हाम्रा रैती खचडा २ भाई छन भन्या १ भाई गुम्वामा वाडा गराउन इच्छ्या हुन्याले षचडा थकाली मार्फत वकीललाई वक्साई षाता १ काला मोहर २ राषी अघिदेषी गुम्बामा वाडा तुल्याउन हुन्या दस्तुर चली आयाको............[35]

यसका अतिरिक्त खचडाहरू मर्दा उठाउँदा सोता षाता १ को ।।। (बाह्र आना) र नगदी ॥ (आठ आना) बुझाउनु पर्दथ्यो ।[36] ग्याञ्ची डिगर्चा र यस्तै अन्य क्षेत्रबाट ल्हासामा व्यापार गर्न आउने खचडा व्यापारीले (अन्य व्यापारी सरह) २ काला मोहोर, ल्हासाबाट अन्य स्थानमा व्यापार गर्न जाँदा खचडाले २ काला मोहोर बुझाउनु पर्ने दस्तुर थियो ।[37] उपर्युक्त किसिमबाट हुने आय कौसीतोसाखानामा जम्मा नभैकन वकीलको सलामी हुन्थ्यो । यस बाहेक नेपाल आउँदा प्रत्येक खचडाले राहदानी दस्तुर ८।। (आठ रु. आठ आना) र अन्य व्यापारिक करहरू तिर्नु पर्दथ्यो ।[38] खचडाहरूले अन्य व्यापारीहरूले तिर्नु पर्ने ज्ञानपंजी रकमबाट भने छूट दिएको पाइन्छ ।[39]

## भोट सरकारको खचडाप्रतिको दृष्टिकोण

भोट सरकारको खचडाप्रतिको दृष्टिकोण सदैव राम्रो रहेको पाइँदैन । अहद र परम्परा विपरीत भोटका अधिकारीहरूले खचडा उपर कर लगाउने, उनीहरूको मुद्दामा नेपालका स्थानीय अधिकारीसंग सरोकार नै नगरी निर्णय गरेको पाइन्छ। वास्तवमा आफ्नो भूमिका नेपाली व्यापारीहरूले पाएको विशेष सुविधा र क्षेत्राधिकारबाट भोटका जनता रुष्ट थिए । यसका साथै खचडाहरू अफिम जस्ता निषिद्ध वस्तुको व्यापारमा संलग्न भएको र भोटका रैती र खचडाबीचको मुद्दा मामिलामा नेपालका स्थानीय अधिकारीहरूले खचडाकै पक्ष लिएको ठान्दथे । यी क्रियाकलापले गर्दा भोटका अधिकारी र जनताले अप्रत्यक्ष रूपमा खचडाहरूलाई दुःख दिने गरेको पाइन्छ ।

विभिन्न समयमा खचडाहरूको धनमाल लुटिएका घटनाहरू घटेका पाइन्छन् । यी घटनाहरूमा कतिपय वकीलको सत्प्रयासबाट भोटबाट भरिभराउ भएको छ भने कति घटनाहरूमा खचडाहरूको धनमालको क्षतिपूर्ति हुनसकेको थिएन। १८८३ ई. मा ल्हासामा नेपाली व्यापारीहरूको धन सम्पत्ति लुटेको र जलाएको घटनाको चपेटमा खचडाहरू पनि परेका थिए । तर यसमा खचडाहरूको धनमालको क्षतिपूर्ति भोटले गर्‍यो ।[40]

---

३४) प्रेमरमण उप्रेती– **नेपाल टिबेट रिलेसन्स**– १८५०–१९३०, काठमाडौं: युगानारा, १९८०, पृ. १४७ ।

३५) मिश्र, **पूर्ववत्**. पाद टिप्पणी संख्या–२५, पृ. ८ (नेपाली खण्ड) ।

३६) वकील जीतबहादुरले पठाएको जाहेरी. (मिति नभएको), पोका नं. ८८, परराष्ट्र मन्त्रालय अभिलेखालय, काठमाडौं।

३७) श्री ३ चन्द्रशम्शेरले वकील रणगंभीर सिंह घर्ति छेत्रीलाई पठाएको आदेश, वि. सं. १९८५ श्रावण ३२, (अगष्ट–१९२८) उही ।

३८) वकील जीतबहादुरले पठाएको जाहेरी, वि. सं. १९६१ माघ १८ रोज २ (जनवरी–१९०५) उही ।

३९) उही, यस विषयमा नेपालजीले बाह्र वर्ष पुगेपछि खचडाका छोराहरूलाई ज्ञानपञ्जी रकम लाग्दथ्यो भन्ने उल्लेख गर्नुभएको छ, नेपाल, **पूर्ववत्**, पाद टिप्पणी संख्या १२, पृ. २१३–१६, जीतबहादुरले पठाएको जाहेरीमा र ल्हासाको दस्तुर किताबमा खचडाहरूलाई ज्ञानपञ्जी रकम नलाग्ने उल्लेख छ ।

४०) १८८३–८४ मा नेपाली व्यापारीहरूको धनमाल लुटिएको काण्डमा नेपाल–भोटबीच युद्ध हुने स्थिति देखा पर्‍यो । अन्त्यमा भोटले नेपालीहरूको क्षतिपूर्ति दिन मञ्जुर गरेपछि विवाद टुङ्गियो । विशेष जानकारीको लागि हेर्नुहोस्, त्रिरत्न मानन्धर, **नेपाल–भोट विवाद**, काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि. सं. २०४१ ।

ग्य ग्तामा खचडाको धनमाल लुटिएकोमा अहद अनुसार लुटेको धनमाल भराउन वकीलले भोटका चार काजीसंग लेखापढी गर्दा पनि क्षतिपूर्ति हुन नसकेको देखिन्छ ।[41] ल्हासा, ग्याञ्ची, सिगात्से, ताक्लाखार, कुति, केरूङ्ग आदि क्षेत्रमा पनि खचडाको ज्यू, धनको नोक्सानी भएको र नेपालले लेखापढी गरेको पाइन्छ । यस्ता घटनाहरू १९३० को दशकसम्म घटि नै रह्यो ।[42]

१९०४ ई. पश्चात फरिको बाटो खुलेपछि भोट सरकारले अहद विपरीत त्यस मार्गबाट व्यापार गर्ने नेपाली व्यापारीहरूलाई भन्सार लगाउन खोज्दा दुवै देशको सम्बन्धमा तनाव आयो । यस परिस्थितिमा खचडाहरूको व्यापारमा नोक्सान पर्न गयो । सिगात्सेका खचडा रिनजिन तोप्केले ७०० भारी ऊन चवर फरिको बाटोबाट भारत निकासी गर्न लाग्दा भोटका अधिकारीले जगात दस्तुर लिने प्रयत्न गरे । निज खचडाले १२ सालको अहदको कुरा गर्दा उसको मालसामान सबै जफत गरी घोडा खच्चर सबै लुटियो ।[43] यस विषयमा दुवै देशका सरकारबीच लामो लेखापढी भयो । नेपाली वकीलले पिन्छेन लामासंग पत्राचार पनि गरे । तर यसमा कुनै उपलब्धि भएन ।[44] अन्तमा रिनजिन तोप्केले जगात महसूल तिरेर मात्र भारततर्फ आफ्नो मालसामान निकासी गर्न सके । यो त उदाहरणको लागि मात्र एक घटना प्रस्तुत गरिएको हो– यस्ता धेरै घटनाहरू घटेका छन् । कालान्तरमा नेपाली व्यापारीहरूले भारततफ फरिको बाटोबाट व्यापार गर्दा कर तिर्नुपर्ने भयो । तर भोटबाट नेपालमा आउने मालसामान भने करमुक्त हुने परम्परामा कुनै परिवर्तन भएन ।[45]

भोट सरकारले खचडाहरूलाई विभिन्न बाधा अड्चन पुऱ्याई दुःख दिएका दृष्टान्तहरू पाइन्छन् । उनीहरूको भट्टी पसलमा भोटबाट कर लगाउने प्रयत्न गर्दा ल्हासास्थित नेपाली वकीलले कडा विरोध जनाएका थिए ।[46] "भोटमा नेपाली महाजन खचडाको जाँड रक्सी भट्टीमा कर लगाउने कुरामा १२ सालको अहद देखाई हुन नदिनु कर हामीले नै लिनु पर्छ" भन्ने वकीलको नाममा आदेश गएको थियो ।[47] ल्हासास्थित नेपाली रैतीले बहाल तिरूञ्जेल भोटका रैतीले हटाउन नपाउने परम्परा थियो । ल्हासाको दस्तुर किताबमा "हाम्रा रैती महाजन मुसलमान षचराहरू माथि भोट सर्कारले केहि कुराको दावा राषदैनन ठेकिया वमोजिम कोठीको वाल–सम्म तिर्नुपर्छ–सो कोठीको वालमा अरू भोटेले बढन आए पनि पाउदैन"[48] भन्ने उल्लेख छ । तर ल्हासा-स्थित आने भन्ने खचडालाई साविक वमोजिम घरको वहाल तिरिरहेकोमा घर धनीले हटाएको प्रमाण पाइन्छ ।[49]

---

४१) श्री ३ चन्द्रशम्शेरले वकील जीतबहादुरलाई पठाएको आदेश, वि. सं. १९६८ साल कार्तिक ११ गते (अक्टोबर –१९११), पोका नं. ८८, परराष्ट्र मन्त्रालय अभिलेखालय, काठमाडौं ।

४२) मिश्र, **पूर्ववत्**, पाद टिप्पणी संख्या ९, पृ. २७४–७५ ।

४३) उही, पृ. ३९१–९२ ।

४४) उही ।

४५) उही ।

४६) वकील जीतबहादुरलाई पठाएको वडापत्र, वि. सं. १९६४ साल भाद्र २९ रोज ७ (सेप्टेम्वर–१९११) पोका नं. ५०, परराष्ट्र मन्त्रालय अभिलेखालय, काठमाडौं ।

४७) उही ।

४८) तीर्थप्रसाद मिश्र, निरन्जन शर्मा, "ल्हासाको दस्तुर किताब", **रोलम्वा**; वर्ष ३ अंक ४ (अक्टोबर–डिसेम्बर १९८३), पृ. १२ (नेपाली खण्ड) ।

४९) वकील लालबहादुर बस्नेतको जाहेरी, वि. सं. १९६९ फागुन ३ (फेब्रुवरी–१९१३) पोका नं. ८०, परराष्ट्र मन्त्रालय अभिलेखालय, काठमाडौं ।

भोट सरकारले खचडाको स्वास्नी र छोरीहरू कज्याउने नीति पनि लिएको देखिन्छ। खचडाको स्वास्नी र छोरीलाई अमतां भन्ने रकम उठाउन थालेको र यस्तो रकम पहिले कहिले पनि नलगाएको कुरा वकील लालबहादुरको जाहेरीमा परेको छ।[50] खचडाको स्वास्नीलाई जबरजस्ती भोटका अधिकारीहरूले झारामा सरकारी घर बनाउँदा ढुङ्गा ओसार्न लगाएको कुरा एक प्रत्यक्षदर्शीले बताएका छन्। यस विषयमा आवश्यक कुरा मिलाउन चन्द्रशम्शेरले वकील लालबहादुर बस्नेतलाई निम्न आदेश पठाएका थिए:

> ..... गोर्षा रैयत् लोग्ने तुल्याई वसेका षचर्नी तेसबाट जन्म्याका छोरीहरू स्मेत हाम्रा रैतीसंग वसंज्यालसम्म भोटबाट नया रकं लिन नपाउने अघि देषिको थीती हुनाले, सोही केरूझमा अघि ६६ सालमा रकं लिने कुरा उठाउदा पनि यहि वेहोराको कस्यालमा कुरा काहानी भै लेषापढी भै नया रकं लिन नपाउने ठहरी सोही वेहोराको अधिका केरू झोका ढेवाहरूमा कार्के स्मेत पठाई ........[51]

उक्त पत्रको आधारमा खचडासंग बस्ने स्वास्नी र छोरी पनि नेपाली रैती हुने नियम बाँधिएको थियो भन्ने उल्लेख पाइन्छ।[52] तर यो नियम बाँधिएको थिएन, केवल खचडासंग बसुन्जेल मात्र भोटकै रैती भए तापनि भोटबाट कुनै नयाँ रकम लिन नपाउने थिति भएको मात्र देखिन्छ– जुन परम्परालाई भोटबाट खलल भएको थियो।

खचडा र भोटका रैती बीचमा हुने मुद्दा मामिलामा नेपाल र भोटका अधिकारीहरूको संयुक्त कचहरीबाट निर्णय गर्ने विषयमा सन् १८५६ को सन्धिले व्यवस्था गरेको थियो। यसमा पनि भोटले सन्धिको मर्यादा तोडी एकतर्फी निर्णय गरेका घटनाहरू भेटिन्छन्। जुन १९२९ मा एक खचडाले स्थानीय कानूनको उल्लंघन गरेको आरोपमा भोटे अधिकारीले २०० कोर्रा लगाई तीन दिन कैद गरे। खचडाहरू भोटकै मुलुकमा जन्मेकाले उनीहरूलाई आफ्नै देशको रैती दावा गर्न पनि थाले।[53]

## खचडाप्रति चिनियाँ दृष्टिकोण

प्राचीनकालदेखि नै भोट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा (बीसौं शताब्दीको शुरूका केही दशक बाहेक) चीनको प्रभाव क्षेत्रमा रहेको थियो। भोटकै माध्यम र कारणले गर्दा नेपालको सम्बन्ध चीनसंग कायम भएको हो। नेपालले भोटमा प्राप्त गरेका विशेषाधिकारहरूप्रति चीनको नैतिक समर्थन भै आएको थियो। सन्धिद्वारा प्रदत्त अधिकारहरू निर्वाध रूपमा उपभोग गर्न नेपालले चीनलाई खुशी तुल्याई आफ्नो पक्षमा पार्न सदैव प्रयत्नशील रहेको पाइन्छ। यसैले खचडाप्रति चिनियाँ दृष्टिकोण पनि एक महत्त्वपूर्ण पक्ष ठानिएको हो।

खचडाहरूप्रति चिनियाँ अधिकारीले थिचोमिचो गरेका घटनाहरूका प्रमाणहरू पाइन्छन्। अन्य बेलामा यस्ता घटना छुटपुट रूपमा भएको पाइए तापनि १९०८–१२ मा भोट-चीन संघर्षको समयमा चीनद्वारा प्रत्यक्षरूपमा नेपालीहरूको विशेषाधिकारहरूप्रति दखल दिए। उक्त संघर्षको दौरानमा खचडाहरूलाई कर लगाउने, जबर्जस्ती झारामा काम गराउने, खचडा खचडाबीचको झगडामा हस्तक्षेप गर्ने, खचडा र भोटका रैतीबीचमा भएका मामिला पनि नेपाल सरकारका प्रतिनिधिसंग सम्पर्क नै नराखी एकतर्फी निर्णय गर्ने, जस्ता अहद विपरीतका कार्यवाही चीनबाट भएको थियो। यी सबै घटनामा नेपाली वकील, श्री ३ र श्री ५ को समेत विरोधलाई ल्हासास्थित चिनियाँ अम्बा र अन्य अधिकारी-

---

५०) राहुल सांकृत्यायान– **तिब्बत मे सवा वरस**, दिल्ली: शारदा मन्दिर, वि. सं. १९९०, पृ. २५१।

५१) नेपाल, **पूर्ववत्**, पाद टिप्पणी संख्या ६, पृ. २२४।

५२) **उही**, पृ. २०७।

५३) मिश्र, **पूर्ववत्**, पाद टिप्पणी संख्या ९, पृ. २०३–०४।

हरूले खास ध्यान दिएनन् ।[54] किम्या (?) खचडाले अनुचित स्थानमा मूत्रत्याग गरेको अभियोगमा चिनियाँ अधिकारीले कोर्रा हानी केही समय थुनामा राखेका थिए । मिमि खचडालाई भेडा चोरेको आरोपमा चिनियाँ-ले थुनामा राखेका थिए । यसका अतिरिक्त खचडालाई भोटमा सडक निर्माण गर्ने कार्यमा ज्याला नदिई काम लगाएका थिए ।[55]

भोट मुलुकमा रहेका खचडाहरूले चिनियाँ अधि-कारीलाई सलाम गर्ने प्रचलन भएकोमा लाङ्तारिन् अम्बाले साष्टाङ्ग दण्डवत (काउ टाउ) गर्न बाध्य गराए[56] र खचडाले यामुनबाट (अम्बाको कार्यालय) राहदानी र बन्दूकको अनुमति लिनुपर्ने आदेश दिन थाले ।[57] यी सबै घटनामा नेपालको विरोधको केही लागेन ।

चीन भोट संघर्षको दौरानमा नेपाली खचडाहरू-लाई भोटस्थित चिनियाँ अधिकारीहरूले आफ्नो फौजमा भर्ना गर्न पेटक पटक नेपाली वकील जीतबहादुरसंग अनुरोध गरेका थिए । तर नेपाल सरकारको निर्देशनमा वकीलले उक्त अनुरोधलाई स्वीकार गरेनन् ।[58] यस बाहेक नेपाली खचडाहरूलाई आफूखुशी पनि चिनियाँ फौजमा भर्ना हुन जान पनि रोक लगाए ।[59] यति हुँदा हुँदै पनि १४।१५ जना खचडाहरू चिनियाँ फौजमा भर्ना हुन गएकोमा केही समयमा अधिकांश छाउनीबाट भागेको र बाँकी खारेज भएका थिए ।[60]

ल्हासा बाहेक अन्यत्रका केही स्थानमा पनि स्थानीय चिनियाँ अधिकारीहरूले खचडाहरूलाई सताएका एक दुई घटनाहरू पाइन्छन् । ल्हारिगोको फापुनले धोर्जे भन्ने खचडालाई पिटेकोमा स्योखाङ्मा चिनियाँ पुलिस अड्डामा ल्हासा अदालतबाट डिठ्ठा पठाई संयुक्त कचहरी गर्दा फापुनले कुटेको ठहराई चिनियाँ रु. ३०(?)कुटिने-लाई भराइदिएको उल्लेख तत्कालीन एक प्रलेखमा परेको छ ।[61]

ल्हासास्थित चिनियाँ अम्बा र भोटमा विभिन्न स्थानमा रहेका चिनियाँ अधिकारीहरूले चीन–भोट संघर्ष (१९०८–१२) बाहेक अन्य समयमा खचडा विरुद्ध काम कारवाई गरेका खास दस्तावेजहरू पाइएका छैनन् । १९१२ ई. पछि केही दशकसम्म भोटमा चीनको प्रभुत्व खत्तम हुन जाँदा यस विषयमा कुनै विवाद उठेन र १९५६ ई. को नेपाल–चीन मैत्री सन्धि भएपछि खचडा सम्बन्धमा नयाँ व्यवस्था भयो ।

### खचडाको सामाजिक स्थिति

भोटमा नेपाली खचडाहरूको इतिहास सत्रौं शताब्दीमा शुरू भएर १९५६ ई. सम्म कायम भयो । यो समयमा दुबै देशबीच विभिन्न सन्धि भए तापनि खचडा व्यवस्थामा कुनै परिवर्तन या संशोधन भएन । वास्तवमा

५४) उही– पृ. १५७–६२ ।

५५) उही, र सांकृत्यायान, **पूर्ववत्**, पाद टिप्पणी संख्या ५१, पृ. २४८–५४ ।

५६) श्री ३ चन्द्रशम्शेरले वकील जीतबहादुरलाई पठाएको आदेश, वि. सं. १९६७, माघ ४(नोभेम्बर–१९११) पोका नं. ८०, परराष्ट्र मन्त्रालय अभिलेखालय, काठमाडौं ।

५७) उही, वि. सं. १९६७ जेष्ठ ८(मे-१९१०)उही ।

५८) फ्रान्सीस टुकर, **गोरखाः दि स्टोरी अफ गोर्खाज अफ नेपाल,** लण्डनः कन्स्टेवल एण्ड कंपनी, १९५७, पृ. १९० ।

५९) वकील जीतबहादुरले श्री ३ चन्द्रशम्शेरलाई पठाएको बिन्तीपत्र, वि. सं. १९७७ ज्येष्ठ ७ रोज ६(मे–१९१०) पोका नं. ८०, परराष्ट्र मन्त्रालय अभिलेखालय, काठमाडौं ।

६०) उही ।

६१) वकीलको जाहेरीको वहि, वि. सं. १९६७ श्रावण २९,(अगष्ट–१९१०)उही ।

नेवारी व्यापारीले भोटेनी स्त्री विवाह गरी पैदा भएका छोरालाई मात्र खचड़ा भनिने गरिएको पाइन्छ। नेपालको उत्तर सीमा क्षेत्रमा बस्ने शेर्पा जस्ता समुदायहरूले पनि भोटमा आफ्नो बन्द व्यापार चलाएका थिए। यस्ता जनताले भोटमा विवाह गरी उत्पन्न भएका छोरालाई खचडा भनेर उल्लेख गरेको पाइँदैन।[62] यस्ता नेपाली रैतीका सन्तान सम्बन्धमा भएको व्यवस्था विषयमा खास जानकारी पाइएको छैन। नेवार महाजनका खचडा छोराले बाबुको थर लेख्ने र नलेख्ने दुवै प्रचलन थियो।[63]

भोटमा व्यापार गर्न जाने सबै महाजन बौद्ध धर्म अवलम्बन गर्ने हुनाले, खचडाहरू सबै बौद्ध धर्मावलम्बी नै थिए। कति खचडाहरू बौद्ध भिक्षु (वाडा) हुन गएको प्रमाण पनि पाइएको छ। खचडाहरूमा एक भाइ मात्र भए भिक्षु हुन नसक्ने तर एकभन्दा बढी भएमा एक भाइ भिक्षु हुन पाउने नियम बाँधिएको पाइन्छ।[64] वकील अड्डाका प्रायःजसो सबै हाकिम र कामदार हिन्दू हुने हुँदा हिन्दूका चाडबाड जस्तै दशैंमा खचडाहरूले वकीलकहाँ टीका थाप्न आउने दस्तुर चलेको देखिँदैन।[65]

भोटमा रहेका खचडाहरूले मर्दा मशानमा लगी मुर्दा काटी चरा कुकुरलाई ख्वाउने प्रचलन थियो। यस्तै प्रकारले अन्त्येष्टि संस्कार गर्ने भोटका स्थानीय बासीहरूको परम्परा थियो। यसमा श्री ३ चन्द्रशम्शेरले ल्हासास्थित नेपाली वकीललाई उक्त प्रथालाई हटाई मुर्दा गाड्न लगाउन खचडाहरूलाई उर्दी दिन आदेश दिएका थिए।[66]

भोटका बासिन्दा र खचडाहरूको आकृति छुट्याउन ज्यादै मुश्किल पर्दथ्यो। चिनियाँ अधिकारीहरूले भोटका रैती भनी पक्राउ गर्दा कति पटक खचडा पनि परेका थिए। यो दुबिधा हटाउन नेपाली वकील जीतबहादुरले सबै खचडालाई टोपी लगाउन आदेश दिएका थिए।[67] यो आदेश कतिसम्म पालना भयो, शंकास्पद छ।

खचडाहरू आफ्नो बाबुको अंशियार हुन सक्दैन थिए। खचडाको छोराले मात्र बाबुको अंशमा दावा गर्न सक्दथे। भोटस्थित महाजन मरेमा नेपालस्थित मृतकका सन्तान वा उसका हकवालाले नै उसको सम्पत्ति पाउँदथ्यो। यदि उक्त मृतक निःसन्तान (खचडा बाहेक) भएमा वा उसका हकवाला नभएमा मृतकको सम्पत्ति कौसीतोसाखानामा जम्मा हुन्थ्यो।[68] यस बाहेक भोटस्थित नेपाली (नेवार) महाजनले आफ्नै सन्तान भए तापनि खचडालाई धर्मपुत्र राख्न पाउँदैन थिए। कुनै खचडाले आफ्नो सन्तान नभएमा खचडालाई नै धर्मपुत्र भने राख्न पाउँदथे।[69]

---

६२) यस विषयमा ज्ञानमणि नेपालसंग छलफल हुँदा, नेपालका अन्य जातिहरूले भोटका स्त्री विवाह गरी जन्मेका सन्तान पनि खचडा नै हुने गरेको राय व्यक्त गर्नु भएको छ। तर यस विषयमा प्रमाण पाउन सकिएको छैन। वकील अड्डामा काम गर्नेहरूले स्थानीय स्त्रीसंग विवाह गरेको प्रमाण पनि भेटिएको छैन।

६३) यस विषयमा थप अनुसन्धान हुन अपेक्षित छ।

६४) मिश्र, पूर्ववत, पाद टिप्पणी संख्या २५, पृ. ८–९ (नेपाली खण्ड)।

६५) मिश्र, पूर्ववत्, पाद टिप्पणी संख्या ४८, पृ. १३ (नेपाली खण्ड)।

६६) श्री ३ चन्द्रशम्शेरले ल्हासास्थित वकीलको नाममा पठाएको आदेश, वि. सं. १९६८ कार्तिक ११ (नोभेम्बर–१९११) पोका नं. ८८, परराष्ट्र मन्त्रालय अभिलेखालय काठमाडौं।

६७) उही

६८) मिश्र, पूर्ववत्, पाद टिप्पणी संख्या २५, पृ. ७ (नेपाली खण्ड)।

६९) उही, पृ ५–६।

भोटमा विभिन्न स्थानमा रहेका नेपाली व्यापारी हरूमध्ये एकलाई थकाली नियुक्त गर्ने परम्परा थियो। ग्याञ्चीमा १९०५ ई. देखि एक अड्डा खडा गरी सरकारद्वारा निजामती सेवाका व्यक्तिलाई थकाली नियुक्त गर्ने शुरूवात भएको पाइन्छ।[70] तर अन्यत्र भने पुरानै व्यवस्था अनुसार थकाली नियुक्त हुने परम्परा थियो। खचडाहरूको थकाली खचडा नै हुने गर्दथे। नेवार महाजन थकाली भएमा ज्ञानपंजी रकम माफी हुन्थ्यो– तर खचडालाई उक्त रकम नलाग्ने हुँदा अन्य सुविधा थिएन।

भोटमा रहेका खचडाहरूको आफ्नै गुठी थियो। खचडाहरूमध्ये कोही भिक्षु हुनगएमा उसले आफ्नो औकात अनुसार २ थानदेखि एक टांकसम्म गुठीलाई चन्दा दिनु पर्दथ्यो।[71] सिगात्सेमा फागुन शुदि २ मा लिंगो खडा गर्दा खचडाहरूलाई सरकार तर्फबाट भोज ख्वाउनु पर्ने चलन थियो।[72] पाँच सदस्यीय सौगात मण्डलका काजी चीनबाट फर्कंदा ल्हासामा खचडाहरूलाई भोज ख्वाउन २९ रु. दिने चलन थियो।[73] खचडाहरूले पनि श्री ५ को देहवासनमा आसौच बरखी बार्नु पर्ने चलन थियो। श्री ५ पृथ्वी स्वर्ग हुँदा भोटमा रहेका खचडाहरूले अरूले जस्तै १३ दिन आसौच र ४५ दिन बरखी बारेका थिए।[74]

## खचडा विवाद

प्रतापमल्लको राज्यकालमा भएको सन्धि अनुसार भोटमा नेपाली व्यापारी मरेमा उसको अपुताली पाउने विषयमा र नेपाली व्यापारीले भोटेनी स्वास्नी राखी जन्मेका सन्तानको छानबीन गरी निर्णय गर्न कुतिमा एक अड्डा खडा गरियो भनी भाषा वंशावलीमा उल्लेख छ।[75] कालान्तरमा यो अड्डा ल्हासा वकीली अदालतमा परिणत भएको अनुमान गरिएको छ।[76] खचडा व्यवस्थामा विवाद प्रारम्भमा आएको देखिदैन–खचडाहरूको संख्या कम भएको कारणबाट हुन सक्छ। तर राणाकालको शुरूदेखि नै खचडा विवाद चर्किन थालेको देखिन्छ। यथार्थमा खचडाहरूले उपयोग गरिरहेका विशेष अधिकारहरू नै विवादको मूल जड थियो। भोटका अधिकारीहरूको असभ्य तथा उग्र व्यवहारलाई नियन्त्रण गर्न नेपाल सरकारलाई अनुरोध गरेका दृष्टान्तहरू पाइन्छन्। स्थानीय रीति, रिवाज र धार्मिक मूल्य तथा मान्यतालाई अवहेलना गर्ने, अफिम जस्ता निषिद्ध वस्तुको व्यापारमा संलग्न हुने, सबै खचडा संयुक्त भै स्थानीय जनतालाई दुःख दिने आदि शिकायत खचडा उपर थियो।[77] ल्हासाका नेपाली वकील र ग्याञ्चीका लेफटेन थकाली सबैले खचडालाई यी कार्यमा उक्साएको आरोप पनि लागेको थियो।[78]

नेपाल भोटमा आफ्ना खचडाको संख्या बढी भएको हेर्न चाहन्थ्यो–तिनका मुद्दा मामिला, दण्ड जिताउरी पनि नेपालको हुने हुँदा सोही प्रकारले भोट सरकार

---

७०) तीर्थप्रसाद मिश्र–"नेपलिज थकाली एट ग्याण्टसे (१९०५–१९३८)" **प्राचीन नेपाल**, संख्या ११४ (अक्टोबर-डिसेम्बर–१९८९) पृ. ९–१७।

७१) मिश्र, **पूर्ववत्**, पाद टिप्पणी संख्या ४८, पृ. १२–१३ (नेपाली खण्ड)।

७२) **उही**।

७३) नेपाल, **पूर्ववत्**, पाद टिप्पणी संख्या- १२, पृ. ३२५।

७४) वकील जीतबहादुरको विन्तीपत्र, वि. सं. १९६८ माघ ३ रोज ३ (जनवरी–१९१२), पोका नं. ५५; परराष्ट्र मन्त्रालय अभिलेखालय, काठमाडौं।

७५) खनाल, **पूर्ववत्**, पाद टिप्पणी संख्या ३, पृ. ४।

७६) **उही**।

७७) बेल– **पूर्ववत्**, पाद टिप्पणी संख्या, १३, पृ २३०–३५।

७८) **उही**।

पनि धेरै रैती नेपाली भएमा उनीहरूबाट दण्ड कर उठाउन नपाउने हुँदा खचडाको संख्या कम भएको हेर्न चाहन्थे ।[79] रैतीहरू पनि नेपाली बन्न पाउँदा खुशी रहन्थे जसबाट भोटको कडा दण्ड सजायँ हुनेबाट बचिने र झारा तिर्नु नपर्ने हुनाले ।[80]

उपर्युक्त समस्याको समाधानका लागि भोटका चारकाजीले श्री ३ महाराज चन्द्रशम्शेरलाई बारम्बार पत्र पठाएको पाइन्छ । चारकाजीले खचडाहरूको बढ्दो उद्दण्डता र उनीहरूबाट उठने समस्या समाधानका लागि खचडाहरूले बुझाउनु पर्ने कर भोट सरकारबाट उठाई नेपाल पठाउने व्यवस्था गर्न अनुमति मागे । यसको साथै खचडाहरूको जन्म र मरणको अभिलेख राख्न पनि अनुरोध गरे ।[81] कस्यालले ल्हासास्थित नेपाली वकीलले श्री ३ महाराजकै आज्ञा उल्लंघन गर्ने गरेको आरोप पनि लगाए ।[82] भोटबाट कुनै निश्चित अवधि पश्चात खचडाहरू भोटकै रैती हुने व्यवस्था मिलाउनु पर्ने पनि लेखापढी भएको थियो । तर भोटका शिकायत, अनुरोध र सुझावहरूलाई नेपालले वास्ता गरेको देखिँदैन ।

खचडा विवाद समाप्त गर्न भोटले दिएका उपर्युक्त सुझाव र अनुरोधहरू नेपालबाट मान्य नभएपछि भोटबाट अर्को राय आयो । खचडाबाट नेपाल सरकारले वार्षिक रूपमा पाउने दस्तुर बढाई ५ दाम गर्ने तथा उक्त दस्तुर भोटले नेपाललाई दिने र यसको बदला खचडा उपर भोटको कानून लाग्ने व्यवस्था हुनु पर्ने ।[83] तर यो राय पनि नेपालले मान्य ठहराएन । पत्राचार र विभिन्न सुझाव पेश गर्दा पनि यो समस्या यथावत भएकाले समस्या समाधान गर्ने उद्देश्यले तीर्थयात्राको बहानामा १९२५ ई. मा छारुङ्ग काजीले नेपालको भ्रमण गरे । भ्रमणको अवसरमा उनले यो विवाद समाप्त गर्न दुई पुस्तापछि खचडाहरू भोटका रैती हुने व्यवस्था गर्नु पर्ने विषयमा सुझाव दिए । तर परम्परागत रूपमा नेपालले पाएको अधिकार त्याग गर्ने प्रश्नै थिएन– काजीको प्रस्ताव नेपाललाई पचेन । समस्या यथावत रह्यो ।[84]

विभिन्न प्रयासबाट पनि यो समस्या समाधान नभएपछि भोटले खचडाप्रतिको नीतिमा परिवर्तन ल्यायो । भोटमा जन्मेका खचडाहरू भोटकै रैती हुने भन्ने ठहराई उनीहरूलाई आफ्नै देशको कानून लगाउन थाल्यो । नेपाल सरकारबाट यसमा तीव्र विरोध भयो–लामो लेखापढी पनि भयो । खचडा विवादले गर्दा दुवै देशको सम्बन्धमा नकारात्मक असर देखा पर्न थाले । यो विवादबाट पनि नेपाल भोट सम्बन्ध तनाव आई १९२८–३०. ई. मा युद्धको स्थिति देखा पऱ्यो ।[85] १९५६ ई. खचडा विषयमा नयाँ व्यवस्था नहुन्जेल, यो समस्याको समाधान भएन ।

## खचडा व्यवस्थाको समाप्ति

भोटलाई पूर्ण रूपले गणतन्त्र चीनको अधिनस्थ क्षेत्र घोषणा गरेपछि, नेपाल र चीन दुवैले आपसी सम्बन्ध सदृढ बनाउन नयाँ व्यवस्थाको आवश्यकता महसूस गरे । यसै अनुरूप नेपाल र भोटबीच भएका सम्पूर्ण पूर्व सन्धि खारेज गरी नयाँ सन्धि १९५६ मा भयो । यस सन्धिले अन्य क्षेत्रमा जस्तै खचडा व्यवस्थामा पनि महत्त्वपूर्ण परिवर्तन ल्यायो । नेपालले भोटमा पाएका एकतर्फी सुविधाहरूको अन्त्य भयो । ल्हासा वकील अड्डा,

---

७९) नेपाल– **पूर्ववत्**, पाद टिप्पणी संख्या १२, पृ. २०७ ।

८०) **उही** ।

८१) उप्रेती– पूर्ववत् पाद टिप्पणी संख्या ३४, पृ. १४६ ।

८२) **उही** ।

८३) **उही**, पृ. १४७ ।

८४) तीर्थप्रसाद मिश्र– "भोटका प्रधान सेनापतिको नेपाल यात्रा: **गरिमा**, पूर्णाङ्क ५०; (माघ २०४३) पृ. ३०–४० ।

८५) **उही** ।

ग्याञ्ची, कुति, केरूङमा रहेका नेपालका अड्डाहरू खारेज भै समानताको आधारमा दूतहरू आदान प्रदान गर्ने व्यवस्था भयो र ल्हासामा नेपालको कन्सुलेट जनरल स्थापना गर्न चीन सरकारले मंजुर गऱ्यो ।[86] यस सन्धि मुताबिक चीनको तिब्बत (भोट) क्षेत्रमा बसोबास गरेका नेपालीहरूलाई स्थानीय नियम कानून लागू हुने व्यवस्था भयो । सन्धिको धारा १४ मा निम्न व्यवस्था भएको पाइन्छ:

> नेपाल र जनवादी चीनको राष्ट्रियता प्राप्त गरेका आमाबाबुबाट जन्मेका १८ वर्ष र सो भन्दा बढी उमेरका चीनको तिब्बत क्षेत्रमा रहेका कुनै व्यक्तिले आफ्नो र १८ वर्ष मुनिका बालबच्चाको निमित्त चीन सरकारको प्रचलित कार्यविधि पूरा गरी आफ्नो इच्छा अनुसार जनवादी चीनको राष्ट्रियता स्वीकार गर्न सक्नेछन्, भन्ने दुवै सरकार मञ्जुर गर्दछन् । पूर्व लिखितका विधि पूरा गरेपछि निजहरू र निजहरूका १८ वर्ष मुनिका बालबच्चाहरूले स्वतः नेपालको राष्ट्रियता परित्याग गरेको संझिने छ ।[87]

यो व्यवस्था लागू भएपछि खचडाहरू अधिकांशले चीनकै नागरिकता लिए । नेपाली महाजनले भोटका स्त्री विवाह गरी जन्मेका छोरा नेपालको र छोरी भोटकै रैती हुने पुरानो परम्परा पनि अन्त्य भयो– खचडा विवादको लागि समाधान भयो ।

नेपाली व्यापारीहरूले भोटका स्त्री विवाह गरी जन्मेका छोरा नेपालको र छोरी भोटको रैती हुने परम्परा निकै लामो समयसम्म चलेको एक अनौठो व्यवस्था थियो । यस व्यवस्थाले गर्दा नेपालको बन्द व्यापार भोटमा फष्टाएको थियो । स्थानीय स्त्री विवाह गर्दा स्थानीय जनताको सम्पर्कमा अभिबृद्धि भै व्यापारमा बढावा भयो । यो काम नेपाली स्त्रीबाट हुने संभावना थिएन । शुरूमा यो व्यवस्था पूर्णतया नेपाली व्यापारीको सुविधा सहुलियतलाई दृष्टिकोण राखी गरिएको भए तापनि समयानुकूल परिमार्जन हुन नसक्दा यसमा क्लिष्टता आयो । शुरूमा यस्ता खचडाहरूको संख्या कम हुनाले समस्या आएन र उन्नाइसौं शताब्दीको मध्यतिर यो समस्या चर्कंदै आयो । यो व्यवस्थालाई समयानुकूल बनाउने तर्फ नेपाल सरकारको ध्यान गएन–यस्ता खचडाहरूको तथ्यपूर्ण लगत राख्न सकेन । विवाद चर्कदै गए पछि मात्र खचडाहरूको अभिलेख राख्ने तर्खर नेपालबाट भयो । कतिपय भोटका रैतीले पनि सुविधा पाउन नेपाली खचडा भएको दावा गर्न थाले ।

नेपालले खचडालाई आफ्नो रैती दावा गर्ने, कर लिने गर्दथ्यो । तर उनीहरूको सुरक्षा, भलाइ र भविष्यप्रति खास चासो देखाएको पाइँदैन । खचडाहरूले बाबुको सम्पत्तिमा अंशीयार हुन नपाउने हुँदा यी वर्ग विपन्न भए । शुरूमा खचडाहरूलाई अंश दिने व्यवस्था गर्दा, नेपाली व्यापारीहरूले कमाइ भोटमा नै रहन सक्ने संभावना हुनाले उक्त बन्दोबस्त गर्नु परेको देखिन्छ । नेपाली महाजनको अंशको आंशिक उत्तराधिकारी खचडालाई बनाउने व्यवस्था भएको भए नेपालप्रति (प्रायः खचडा कोही कोही मात्र नेपाल आएका हुन्थे) आस्था बढने थियो । यस प्रकार नेपालले समयमा दृष्टि पुऱ्याउन नसक्दा खचडाहरूलाई नागरिकताको विकल्प दिंदा चिनियाँ रैती हुन नै रूचाए ।

खचडाहरूप्रति नेपाल र भोट दुवै सदा सकारात्मक दृष्टिकोण राख्न सकेन । खचडाहरूले सुविधा पाएकोमा भोटेहरू रूष्ट थिए । अतः खचडाहरूलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा दुःख दिन चुक्दैन थिए । अर्कोतिर खचडाहरूले पनि स्थानीय रीति, रिवाज, परम्परागत मान्यतालाई अवहेलना गर्ने गर्दथे । यी कारणहरूले गर्दा पनि खचडा विवाद हुन थाल्यो । खचडा विवादलाई समाधान गर्न भोटका विविध प्रयासलाई नेपालले कुनै वास्ता नै राखेन– जसबाट भोटले खचडा विषयमा एकतर्फी निर्णय गर्न थाल्यो । यसबाट दुवै देशको अन्य सम्बन्धमा पनि तनाव आयो ।

---

८६) योगी नरहरिनाथ– **इतिहास प्रकाशनमा सन्धिपत्र संग्रह**– काठमाडौं: दाङ आध्यात्मिक परिषद, वि. सं. २०२२, पृ. १६१ ।

८७) उही ।

# दक्षिण कालिका
## (फर्पिङ)

–कुलचन्द्र कोइराला

### भौगोलिक स्थिति

नेपाल उपत्यकाको दक्षिण पश्चिमको बीच नैऋत्यकोणतिर उपत्यकाको निम्नोच्च भूभागभन्दा अग्लो र केही पर्वत श्रेणीका काखमा उत्तर पूर्व पसारिएको अधित्यकाको दक्षिण पार्श्वमा लिच्छविकालीन बस्ती भएको मध्यकालतिर फनपीं नामक सामन्त शासित शहर,[1] भए तापनि वर्तमान कालमा भने ठाउँ ठाउँमा भग्नावशेषद्वारा प्राचीन गाथालाई द्योतन गर्ने फर्पिङ नामक गाउँ छ। त्यस क्षेत्रको केही अग्लो भागमा उक्त गाउँ छ भने त्यसभन्दा दक्षिणको जंगलले युक्त खोंचमा पश्चिमबाट र दक्षिणबाट बग्दै आएका दुइटा पहाडी खोलाको दोभानमा भगवती दक्षिण कालिकाको प्राचीन र प्रसिद्ध पीठ छ।

लिच्छविकालभन्दा पहिले यो ठाउँको अवस्था के थियो र यहाँका बासिन्दा को को थिए भन्ने कुरा जान्ने साधन छैन। परन्तु यस क्षेत्रमा लिच्छविकालिक अभिलेखहरू प्राप्त भएकोले त्यहाँ पाँचौं छैटौं शतीतिर घनाबस्ती भएको र मन्दिर, बौद्ध विहारको अवस्थिति रहेको कुरा अभिलेखद्वारा प्रमाणित हुन्छ।[2]

ठाउँ ठाउँमा पानीका स्रोतहरू डाँडा थुम्कामा घना जंगल पर्वतका काखमा दंस्याइला टारले गर्दा उपत्यका जलमग्न भएको बेलातिर पनि यहाँ बसोबास गर्ने केही जातिहरू हुनु पर्छ। पशुचारणको लागि दम्सिलो ठाउँ, पानी र खेतीको निम्ति पनि निम्नोन्नत भूभाग भएको उपत्यका ओसिलो र दलदल तथा पानीले छोपिएको बेलातिर पनि यहाँ बस्न लायक ठाउँ भएकोले आदिमकालिक बसोबासको अनुमान गर्न सकिन्छ।

पुराना वंशावलीका कथन अनुसार, उपत्यका क्षेत्रमा पहिले आउने जाति गोपालक जाति थियो। त्यस पछि यहाँ किराँत जाति आएको वर्णन छ। किराँत राजालाई विजय गरी लिच्छविले नेपालको शासन गरे।[3]

### फर्पिङ क्षेत्रका देवताहरू र दक्षिणकाली

फर्पिङ क्षेत्रमा निकै प्राचीन देवता गोपालेश्वर हुन् जसको लिंगको आकार प्रकार हेर्दा प्राचीनको बोध हुन्छ भने, गोपालेश्वर नामबाट प्राचीन गोपालक जातिले इष्टदेवताको रूपमा मान्दै आएका शिव–रूद्र हुन् कि भन्ने शंका हुन्छ। यसो भन्न पुष्ट प्रमाणको अभाव छ तापनि लिंगको प्राकृतिक बनौटले त्यो कुरा भन्न बाध्यता

गर्छ। साथै लिच्छवि राजाले शुरूमा नै स्थापना गरेका शिखरनारायणसंग सम्बन्ध जोड्ने हरिशंकर जात्राको प्रमुखता रहेकोले पनि वैष्णव धर्मप्रति झुकेका लिच्छवि र त्यहाँका शैव आदिवासीको समन्वय गर्ने प्रयासमा हरिशंकर जात्राको थालनी गरियो र पछि पछि स्थापना भएका अन्य देवीदेवताको पनि त्यस जात्रामा समन्वय हुँदै गयो।[4]

ऐतिहासिक प्रमाणले ईशाको शुरूतिर नै स्थापित भएका शिखरनारायणको भन्दा गोपालेश्वरको प्रमुख स्थान रहेको पाइनुले पनि गोपालेश्वरको अझ प्राचीनताको आभास पाइन्छ। फर्पिङसम्बन्धी अनुश्रुतिहरूबाट पनि गोपालेश्वर र त्यसपछि शिखरनारायणको अस्तित्व सुत्र पाइन्छ। नेपालका देवदेवीको वर्णन गर्ने हिमवत्खण्ड (स्कन्दपुराण) को १०६ अध्यायमा गोपालेश्वरको विशेष माहात्म्य वर्णन गरिएको छ भने शिखरनारायणको चाहिं संक्षिप्त वर्णन मात्र छ।[5]

## दक्षिणकाली पीठ

दक्षिणकाली पीठ सम्बन्धमा स्थानीय समाजमा एउटा महत्त्वपूर्ण अनुश्रुति छः– शिखरनारायणको मन्दिरभन्दा माथिल्लो लम्स्याइलो डाँडो पश्चिम उत्तर–बाट दक्षिणतिर पसारिंदै गोरखनाथ पादुका र खड्ग योगिनी मन्दिरनिर गएर टुंगिन्छ। त्यस पछिको समथल परेको ठाउँमा फर्पिङ शहर बसेको छ। उक्त डाँडाको बीचको थुम्कामा पहिले दक्षिणकालीको पीठ र क्रिडाभूमि थियो जहाँ आफ्ना गणहरू सहित दक्षिणकाली विचरण गर्थिन्। एकान्त जंगलमा मध्यरात्रितिर आफ्ना योगिनीगणसहित घुमेका बेलामा बाहिर निस्केका प्राणीहरू देखेमा योगिनी भक्षण गर्दथे। फर्पिङ शहरको घना आवादी उक्त अग्लो डाँडाबाट छर्लङ्ग देखिन्थ्यो र त्यहाँका बासिन्दा बाहिर निस्कँदा रात्रिमा देवीगणका शिकार हुन्थे। यसरी मान्छेको क्षति हुन थालेकोले त्यस बेलाका तांत्रिकाचार्यहरूले मंत्रबलद्वारा देवीगणलाई स्तंभन गरी उपासनाद्वारा रिझाई फर्पिङ शहरभन्दा तल खोंचमा पर्ने दुई नदीको दोभान र श्मशानघाटमा दक्षिणकालीलाई आफ्ना गणसहित आवास भूमि बनाउन बाध्य गरे। उनीलाई बेला बेलामा राँगा, हाँस, बोका, भेंडा बलि गर्ने प्रतिज्ञा पनि गरे। त्यस बेलादेखि निर्जन किनार, जङ्गलभित्र दक्षिणकालीको पीठ स्थापना भएको हो। अनि त्यसपछि उनको क्रिडाक्षेत्र त्यहीं वरिपरिको जंगल नै भयो। त्यहाँबाट फर्पिङको बस्ती दृष्टिगोचर नहुने भएकोले त्यसपछि त्यहाँका मानिस सुरक्षित रहे।

उपर्युक्त अनुश्रुतिबाट के थाहा हुन्छ भने जंगलको बीच डाँडामा रहेको पीठलाई खोलाको दोभानमा सारिएछ भन्ने कुरा थाहा हुन्छ। डाँडामा रहेका अवशेष चिन्हले पनि उक्त कथनको पुष्टि गर्दछ।

देवीदेवताहरूको मन्दिर बनाउँदा वनको निकट, नदी, पर्वत, झर्नाको नजीकका भूमिमा देवता रमाउँछन् तथा उपवनयुक्त शहरमा पनि देवता बास गर्दछन् भन्ने कुरा प्राचीन वास्तुशास्त्रमा लेखिएको पाइन्छ।[6]

हिन्दू जातिका देवदेवताको स्थापना यस्तै ठाउँमा नै भएको छ। त्यस माथि पनि बलिभोजी देवीहरूको पीठ घना जङ्गल, ठूला नदीका किनारको एकान्त ठाउँ र रातमा आवागमन नहुने श्मशानभूमि नजीक नै उग्रमूर्ति तथा देवीपीठहरूको स्थापना भएको पाइन्छ। शोभा भगवती विष्णुमतीको श्मशानभूमि तथा मान्छे काट्ने भाचाखुशीको दोभानमा निवास गर्दछिन् भने मतली रक्तकाली कंकालीको पीठ पनि पहिले यस्तै एकान्त ठाउँमा थियो। मयूरकुण्डको छेउ श्मशान भूमिमा मैतीदेवी छन्। पहिले यो क्षेत्र पनि निर्जन थियो। भद्रकाली पीठ त्यस बेला टुकुचाको श्मशानभूमि नजीक एकान्त ठाउँमा नै भएको बोध हुन्छ भने, गुह्येश्वरी पीठ बागमती किनार जङ्गलको बीचमा नै पर्दथ्यो।

तांत्रिक साधना गर्ने योगी सिद्ध तथा साधकहरूलाई सिद्धि प्राप्त गर्न तथा साधनारत् रहन पनि यस्तै एकान्त ठाउँको आवश्यक पर्छ। तांत्रिक साधनाको निम्ति भीडभाड आवादीका बीचका मन्दिरहरू उपयुक्त मानिंदैनन्। रात्रिमा एकान्त ठाउँ जङ्गल श्मशानभूमिमा योगिनी

गणसहित क्रिडा गर्ने हुँदा दक्षिणकालीको वर्तमान पीठ भएको ठाउँ अत्यन्त उपयोगी छ। त्यस क्षेत्रमा धाईधुई, हल्लाखल्ला हुने जनआवादी भएमा यस्ता पीठको महत्ता नै कम हुन्छ।

अनुश्रुति अनुसार डांडाबाट नदीको दोभानमा दक्षिणकालीको पीठ स्थापना गर्दा विना मूर्तिको शुद्ध पाषाणमा प्राणप्रतिष्ठा गरी जगाई स्थापना गरेको रहेछ भन्ने कुरा वंशावलीहरूका कथनबाट थाहा हुन्छ। मूर्ति निर्माण गर्दा शास्त्रोक्त ध्यान अनुसार रूप, भुजा, आयुध, आसन, बाहन, मुद्राहरूको ठीक ठीक अंकन गर्नु पर्ने र मूर्ति निर्माण गर्दाको ज्योतिषशास्त्र, वास्तुशास्त्र एवं तान्त्रिक विधिविधानका नियमहरू पुन्याएर मात्र बनाउनु पर्ने, फेरि तदनुसार नै पूजाविधि सम्पन्न गर्ने व्यवस्था हुनु पर्ने भएकोले मूर्तिको सट्टा साधा पाषाण प्रतिमा स्थापना गरी पीठ कायम गर्ने व्यवस्था गरिएको पाइन्छ। यस्ता शक्तिपीठहरू उपासकले अनेक रूपको भावना गरेर पूजा गर्न सक्दछन्।

टुँडीखेलको भद्रकाली पीठ र पंचकुमारीको नामले भावना गरिने मैतीदेवी पीठ यसका उदाहरण हुन्। पंचकुमारीको रूपाङ्कन गर्ने लक्षण वास्तुशास्त्रमा पाईंदैन। यस्तै वर्तमान भद्रकाली पीठलाई प्राचीनकाल– मा वैष्णवीपीठको रूपमा उपासना गरिन्थ्यो भन्ने अनुश्रुति पाइन्छ। पछि भद्रकालीको रूपमा उपासना गर्ने चलन चलेपछि भद्रकालीको मूर्ति बनाई उक्त पीठका पछाडि पूर्वपट्टि पीठकै गारोमा जडान गरिएको देखिन्छ।

दक्षिणकाली पीठ सम्बन्धमा देवमाला वंशावलीमा पनि अघि पीठ मात्रै थियो र राजा प्रताप मल्ललाई "मेरी मूर्ति प्रकाश गर" भन्ने स्वप्न भएको हुँदा मूर्ति बनाए र परन्तु त्यो मूर्ति अप्रकाशित "उग्रमूर्ति हो, दरबार भित्रै स्थापना गर" भन्ने पुनः स्वप्नमा आज्ञा भएकोले गुरु लम्बकर्ण भट्टसंग सम्मत गरी अर्को मूर्ति बनाउन लगाई स्थापना गरी दिएका हुन् भन्ने कुरा उल्लेख भएको पाइन्छ।[7]

उपर्युक्त वंशावलीकै कथनसंग मिल्दो कुरा भाषा वंशावली भागमा २, पृ. ८२ मा पनि उल्लेख भएको छ। दक्षिणपट्टि पूर्णवती गंगा र उत्तरपट्टि उद्धारवती गंगा संगम दक्षिणकालीका स्थान निकट श्मशानबासी प्रकाश स्वरूप महाकाली सुन्दर कालीकन सहस्त्र बलि, नरबलि महापूजा कोट्याहुति यज्ञ गरेर प्रतिष्ठा कर्मको विधि पुन्याई वैशाख शुक्ल तृतीया (अक्षय तृतीया) को दिन स्थापना गरेको कुरा उक्त वंशावलीमा उल्लेख भएको छ। यही कुरालाई नेपाल देशको इतिहास नामक वंशावलीले पनि उल्लेख गरेको छ।[8] यी दुवै वंशावलीमा काली र सुन्दरकाली तथा मातृकागणसहित स्थापना गरेको, महापूजा सहस्त्र बलि र कोट्याहुति गरेको कुरा उल्लेख भएकोले सबै मूर्तिहरूको प्राणप्रतिष्ठा र बलि कर्म दक्षिणकाली क्षेत्रमा नै सम्पन्न गरी मातृकागणसहित दक्षिणकाली वाहाँ स्थापना गरी सुन्दरकालीको विग्रह चाहिं ल्याएर दरबारको सुन्दरचोकमा स्थापना गरेछन् भन्ने कुरा ज्ञान हुन्छ। किन्तु वंशावलीमा स्पष्ट उल्लेख भने भएको छैन र हनुमानढोकामा अष्टमातृकागण मात्र छन्। राजा प्रतापमल्ल विद्वान्, कवि, गायक र तान्त्रिक विद्या र साधनामा पारंगत थिए भन्ने कुरा उनका जीवन चरित्रसंग सम्बन्ध राख्ने वंशावली स्तोत्र गीत आदिका अभिलेखहरू पढ्दा थाहा पाइन्छ। साथै उनका गुरु साधक लम्बकर्ण भट्ट, नृसिंह ठाकुर (मैथिल) जस्ता तान्त्रिक विद्वान्हरू थिए। त्यस्तै बौद्ध तान्त्रिक– हरूको पनि यहाँ कमी थिएन। अतः प्रतापमल्ल सबै तन्त्राचार्यहरूको उत्तिकै समादर गरी काम लिन्थे भन्ने कुरा उनको अभिलेख पढ्दा थाहा पाइन्छ। गुह्येश्वरी भगवतीको प्राचीन कुण्ड भएको पीठ कालक्रमले जङ्गल-भित्र लुप्तप्रायः थियो। गुह्येश्वरी पीठ बौद्धमार्गीको निम्ति पनि उत्तिकै पूज्य हुँदा र बौद्ध वंशावलीहरूमा स्वयंभू-संग गुह्येश्वरीको सम्बन्ध रहेको हुँदा स्वयंभूको उत्तर तर्फ गुह्येश्वरीको पीठ कल्पना गरी स्थापना भएकोले गुह्येश्वरीको पूजा मान्यता त्यहीं हुन लाग्यो। गुह्येश्वरीको एक ठाउँ अवस्थित भएपछि अन्यत्र पीठ भएको कल्पना समाजले गरेन।

राजा प्रतापमल्ल शास्त्रमा प्रवीण थिए। साथै

उनका सहयोगी लम्बकर्ण भट्ट तथा नृसिंह ठाकुर पनि प्रकाण्ड विद्वान् र तांत्रिक साधक भएकोले शास्त्रीय आधारमा श्लेषमान्तक वनभित्र पशुपतिको उत्तर तर्फ नै गुह्येश्वरीको प्राचीन पीठ हुनु पर्ने सोचियो। साधकहरूले प्राचीन केही चिह्नहरू भएको ठाउँमा अन्वेषण र साधना गरे, जसबाट प्राचीन गुह्येश्वरी पीठ त्यहाँ भएको निश्चित भएपछि त्यस कुण्डको जीर्णोद्धार गरी, साधनाद्वारा पीठ जगाएर नवनिर्माण जस्तै गरेर गुह्येश्वरी पीठको प्रकाश गरियो। वंशावली-हरूले प्रतापमल्लद्वारा पुनःनिर्माण गरिएको कुरा उल्लेख गर्दछन् भने, त्यसलाई प्रमाणित गर्ने राजा प्रताप मल्लको अभिलेखलाई गुह्येश्वरीको कलश रहेको पश्चिम-पट्टि भैरव भनिने उच्च सुवर्ण मण्डित स्थाण्डिलभित्र पारेर छोपिएको छ। ०४३-४४ सालमा जीर्णोद्धार गर्दा उक्त ठाउँको उपरीभाग झिकेको बेलामा उक्त अभिलेख पढ्न पाइएको हो।[9] गुह्येश्वरीको प्राचीन पीठको यसरी उद्धार भएपछि एघारौं शताब्दीदेखि गुह्येश्वरी पीठ भनिएको नागार्जुनदेखि उत्तर पर्ने पीठको दर्शनार्थीहरूको संख्या कम भयो। तर पुरानो गुह्येश्वरी भनेर त्यस पीठको नामकरण भएको छ र गुह्येश्वरीकै अनुरूप २०३६ सालमा त्यस पीठको जीर्णोद्धार भएको छ।

राजा प्रतापमल्लका अभिलेखहरू मल्लकालिक राजाहरूमध्ये सबैको भन्दा बढी पाइन्छ र नयाँ देव-देवीको मूर्ति स्थापना गर्ने कार्यमा पनि उनी अग्रणी नै देखिन्छन्।

दक्षिणकालीको प्रतापमल्लले मूर्ति बनाई स्थापना गरेका अनेक विवरण वंशावलीबाट थाहा भए तापनि निश्चित तिथिमिति पाउन सकिएको छैन।

## दक्षिणकालीको शास्त्रीय पक्ष

भगवतीका विभिन्न रूप छन्। काली, दुर्गा, लक्ष्मी, सरस्वती, अष्टमातृकागण, ६४ योगिनीगण आदि विभिन्न नामले देवीको उपासना गरिन्छ। जे भए तापनि काली, दुर्गा आदि अधिकांश देवीहरू भगवान् शिवसँग संबद्ध मानिन्छन्।

शिवलाई पंचवक्त्र शिवको रूपमा उत्तर वैदिक-कालदेखि नै उपासना गरिन्थ्यो। पाँच मुख पाँच आम्नायको प्रतीक मानिन्छ। अर्थात् शिवका पाँच मुख पाँच रूपका हुन्। सद्योजात, तत्पुरुष, अघोर, वामदेव, इशान, पाँच मुख वा शिवका पाँच रूप हुन्। मुखका भेदसँगै उपासना गर्ने विधिविधानमा पनि भेद छ। साथै पाँच मुखमा पूर्व, दक्षिण, पश्चिम, उत्तर र उर्ध्व पाँच आम्नाय मानिन्छ र पाँचै आम्नायका देवीहरूको नाम र साधनाक्रम पनि छुट्टै छ।[10]

शिवको दक्षिण मुखलाई अघोर मुख (भैरव रूप) मा उपासना गरिन्छ। यसलाई दक्षिण आम्नाय भनेर तंत्रशास्त्र र पुराणमा पनि उल्लेख भएको पाइन्छ।

दक्षिण आम्नायकी देवी दक्षिणकाली हुन्। संहारकर्ता रूप अघोर वक्त्र हो भने कालीको रूप पनि संहारकालकी देवी हुन्। चाँडै खुशी हुने र खुशी भएमा अभिलाषित फल दिने भएकोले दक्षिण कालिकाको उपासना साधकहरूले गर्दछन्।

भगवती दक्षिणकालीको मूर्ति अथवा ध्यान निम्न प्रकारको हुन्छ।

करालवदनां घोरां मुक्त केशीं चतुर्भुजाम्।
कालिकां दक्षिणां दिव्यां मुण्डमाला विभूषिताम्।
सद्य छिन्न शिरः खड्ग वामोधोर्ध्व कराम्बुजाम्।
अभयं वरदं चैव दक्षिणोर्ध्वार्ध पाणिकाम्।
महा मेघ प्रभां श्यामां तथा चैव दिगम्बराम्॥
कण्ठावसक्त मुण्डाली गलद्रुधिर चर्चिताम्।
कर्णावतंसता नीत शवयुग्म विराजिताम्।
घोर दंष्ट्रां करालास्यां पीनन्नत पयोधराम।
सवानां करसंघातै कृतकान्चीं हसन्मुखीम्।
सृक्कद्वय गलद्रक्त धारा विच्छुरिता ननाम्।
घोर रावां महा रौद्रीं श्मशानालय वासिनीम्।
दन्तुरां दक्षिण व्यापी लम्बमान कचोच्चयाम्।
शवरूप महादेव हृदयोपरि संस्थिताम्।
शिवाभि घोंर रूपाभिश्चतुर्दिक्षु समन्विताम्।

महाकलेन च समं विपरित रता तुराम् ।
सुख प्रसन्न वदनां स्मेरानन् सरोरूहाम् ।
कोटी कालानलाभासां चतुर्बाहुं त्रिलोचनाम् ।
श्मशानाष्टक मध्यस्थं मुण्डाष्टक विभूषिताम् ।
पंचप्रेत स्थितं देवं त्रिशूलं डमरू तथा ।
खड्गंच खपरं चैव वाम दक्षिण योगत: ।
विभ्रतं सुन्दरं देहं श्मशान भस्म भूषितम् ।
नाना शैबं: क्रीडमानं कालिका हृदय स्थिताम् ।
लालयन्तं रतासक्तं घोर चुम्वन तत्परम ।
गृद्ध गोमायु संयुक्त फेरवी गण संयुतम् ।
जटा पटल शोभाढ्यां सर्वशुन्यालये स्थिताम् ।
सर्व शून्यं मुण्ड भूषं प्रसन्न वदनं शिवम् ।
एवं ध्याये द्वन्द्व मूर्ति परब्रह्म स्वरूपिणीम् ।।

अर्थ: डरलाग्दो मूख भएकी, डरलाग्दो केश फैलिएकी, दक्षिणा नाम भएकी, दिव्य स्वरूपा, चारहात भएकी, मुण्डमाला धारणा गर्ने, बायाँपट्टिका हातमा तुरून्तै काटेको रगत चुहुने शिर र खड्ग लिएकी, दाहिने माथिल्लो हातमा अभय मुद्रा र तल्लो हात वरद मुद्राको प्रदर्शन गर्ने, काली बादल झैं श्यामवर्ण भएकी, दिगम्वरा, घाँटीमा पहिरेको मुण्डमालाबाट ताजा रगत चुहाउने र दुवै कानमा एक एक शव धारण गर्ने, डरलाग्दा दाँत र मुख बाएकी, ठूला र उन्नत स्तन हुने मुर्दाका हातको कांची (माला बनाएर कम्मर पेटी लगाएकी) बेला बेलामा हँसिलो मुख पार्ने मुखको दुवै छेउबाट रक्तधारा चुहाउने, डरलाग्दो शब्द गर्ने, डरलाग्दो श्मशानरूपी घरमा बसेकी, दाहिनेतिर फुका केशको झाँक्रो लर्काएकी, मुर्दा स्वरूप सुतेका शिवजीको छातीमा उभिएकी, डरलाग्दा स्यालका बथानले घेरिएकी महाकाल रूप रूद्रसंग विपरीत रतिमा आशक्त, यो बेलाचाहिं प्रसन्न मुद्रा भएकी काली छन् । करौडौं कालाग्नि रूद्रको तेज भएका, तीन नेत्र भएका चार हात हुने र श्मशानको बीचमा बस्ने, आठ मुण्डमाला धारण गर्ने, पंचप्रेत (विष्णु, रूद्र, महेश्वर, ब्रह्मा, शिव) रूप पाँच प्रेत (पृथ्वी, अप, तेज आदि पंच महाभूतको आसन भएका) माथि बसेका, त्रिशूल, डमरू, खड्ग र खप्पर धारण गर्ने, श्मशानको खरानी घसेका, सुन्दर शरीर भएका, अनेकौं मुर्दासंग खेलबाड गर्ने कालीलाई छातीमा बोक्ने रतासक्त घोर चुम्बन गर्न उत्सुक, गिद्ध श्याल कागको बथानले घेरिएका, जटा पटलले शोभित, सर्वशून्य घरमा बस्ने मुण्डमालाधारी प्रसन्न वदन भएका शिवले युक्त कालिका दक्षिणकाली हुन् र माथि भनिए जस्तो युगल मूर्तिको ध्यान दक्षिण कालिकाको ध्यान हुन्छ ।

उपर्युक्त दक्षिणकालीको रूप वर्णनबाट प्रलय कालिक शिवकालीको बोध हुन्छ र यस रूपको दार्शनिक अर्थ छुट्टै छ, जसको व्याख्या गर्नु यहाँ आवश्यक छैन ।

दक्षिणकालीलाई इष्टदेवता एवं कुलदेवीको रूपमा उपासना गर्नेहरूका लागि कालिकाको यो रूप जानिराख्नु पर्ने हुनाले यहाँ चर्चा गरियो । दक्षिण कालिकाको यस्तो उग्ररूपका मूर्तिहरू प्राय: गोप्य नै राखिन्छन् । यहाँ जुन दक्षिण कालिकाको मूर्तिसम्बन्धी चर्चा गरिएको छ, त्यो रूपमा मूर्ति निर्माण गरिएको छैन तापनि दक्षिण कालिकाका मूर्ति शिल्पभित्र हुनु पर्ने लक्षणको सांकेतिक चिह्नको अंकन भने त्यस मूर्तिमा पनि भएकै छ ।

दक्षिण कालिकाको शास्त्रीय रूपको अंकन भएका चित्रहरू बजारमा प्रशस्त पाइन्छ । तदनुरूप नै उग्ररूप मूर्ति निर्माण गरी स्थापना गर्नु वान्छनीय भए पनि भयावह रूप सबैको निम्ति दर्शनीय एवं श्रद्धास्पद नहुन पनि सक्छ । अत: दक्षिणकालीको पीठमा स्थापना भएको मूर्ति सौम्य छ ।

शक्तिको उपासनामा विशेष श्रद्धा राख्ने र दक्षिणकालीको रूपको दार्शनिक तत्त्व बुझेका भक्तजनका लागि भने भयावह रूपांकन भएको मूर्ति पनि श्रद्धास्पद र दर्शनीय हुनसक्छ ।

उपासना गरिने देवीदेवताको रूप प्राय: यस्तै भयावह हुने हुँदा पीठ देवताहरूको वास्तविक रूपका मूर्तिहरू आगमघरमा राखेर उपासना गरिन्छ र सबैलाई त्यस ठाउँमा जान दिइँदैन । बाहिर स्थापना गरिएका मूर्तिहरू सौम्य नै हुन्छन् अथवा साधापाषाण खण्ड नै

राखेर भावना गरिन्छ ।

शैव सम्प्रदायका तांत्रिक उपासना गरिने देवीहरूको भन्दा बौद्ध तंत्रवादका उपास्य देवीहरूको मूर्तिहरू झन दर्शनीय हुँदैनन् । किन्तु तांत्रिक परम्परामा यस्ता मूर्तिहरू तुरुन्तै फल दिने हुँदा सेवनीय छन् भन्ने विश्वास गरिन्छ ।

## पीठदेवताका सहयोगी आवरण देवताहरू

सबै देवताको पीठ पूजा गर्दा मुख्य देवताका वरिपरि आवरण देवताको पूजा मान्यता गर्न आवश्यक हुन्छ । सबै देवताको पूजा उपासना गर्दा विघ्न नपरोस् भनेर पहिले गणेशको पूजा गरिन्छ । गणेश पूजा शैव पूजा र बौद्धहरूको पूजा पद्धतिमा पनि पूजित हुने देवता हुन् । नेपालका शक्तिपीठहरूमा भैरव रूप शिवको पूजा पनि अनिवार्य संझिन्छ । देवीका पीठहरूमा भैरव रूप शिवको पूजा पनि अनिवार्य संझिन्छ । देवीका पीठहरूमा नित्यार्चन गर्दा अरू आवरण देवता, अष्टभैरव, ६४ योगिनीगण, अष्टमातृकाको पनि पूजा गरिन्छ । सम्पूर्ण आवरण देवताका मूर्तिहरू पीठमा राख्न नसके पनि अष्टमातृकागण (ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, इन्द्रायणी, नारसिंही, चामुण्डाका मूर्तिहरू) भने राखिएका हुन्छन् । गुह्येश्वरी पीठमा पनि अष्टमातृकाका मूर्तिहरू छन् । त्यस्तै जयवागीश्वरी, छिन्नमस्ता, दक्षिणकाली आदि पीठमा अष्टमातृकागणका मूर्तिहरू स्थापना गरिएका छन् । अष्टमातृकागणका कहीं नारसिंही र कहीं नारसिंहीको सट्टा महालक्ष्मीको गणना गरी आठ पुऱ्याइन्छ ।

दक्षिणकाली पीठमा दक्षिणकाली मूर्ति पूर्व दक्षिण मुख गरी स्थापना गरिएको छ । दक्षिणपट्टि पूर्व दक्षिणबाट क्रमैले ब्राह्मी, माहेश्वरी आदि मातृकागणको मूर्ति स्थापना भएको छ । यस क्रममा दक्षिणकालीको नजीक चामुण्डाको मूर्ति पर्दछ । चामुण्डा दक्षिणकालीकै एउटा रूप हुन् । शुम्भ निशुम्भसंगको युद्धमा भगवती दुर्गालाई मद्दत गर्न ब्रह्मा, विष्णु, शिव, इन्द्र आदिका शक्तिहरू उस्तै रूपधारण गरेर ब्रह्मा विष्णुकै जस्तो बाहन चढेर आएका थिए । चामुण्डाचाहिं स्वयं भगवती दुर्गाकै शरीरबाट उत्पन्न भएकी कालिका थिइन् । चण्ड-मुण्ड नामक दानव मारेदेखि उनको नाउँ चामुण्डा भएको कथा चण्डी (मार्कण्डेयपुराण अन्तर्गत सप्तशती) मा वर्णन गरिएको छ ।

यद्यपि अष्टमातृकागण सबैलाई बलि खाने रूपमा संझिन्छ तापनि सबै किसिमको बलि खाने र बलि नभै खुशी नै नहुने देवी कालिका, चामुण्डा, दुर्गा हुन् भन्ने विश्वास गरिन्छ । यसकारण, दक्षिणकालीमा बलिदान गर्दा चामुण्डा, बाराही, नारसिंहीलाई अनिवार्य रूपमा नै बलिको रक्त अर्पण गरिन्छ ।

दक्षिणकालीजस्तै अष्टमातृकागण पनि जीवन्यास गरी तांत्रिक विधिले जगाई स्थापना गरिएका छन् । यसकारण, दक्षिणकालीको पूजा उपासना गर्दा अष्टमातृकागणको पनि विधिवत् पूजा, वन्दना बलिदान गरिनु आवश्यक छ ।

भगवती दक्षिणकालीका सहचारिणीहरू, जसलाई आवरण देवताको रूपमा पूजा गरिन्छ, त्यस पीठमा समर्पण गरिएको बलिको भागीदार हुन्छन् । अतः त्यहाँ बलिदान गर्ने व्यक्तिले परम्परागत नियमानुसार सबैतिर बलि भाग (रक्त) अर्पण गर्दछन् ।

## दक्षिणकालीको ऐतिहासिक परम्परामा केही कथन

दक्षिणकालीको पीठ पुरानो हो भन्ने चर्चा भए तापनि निश्चित समय भन्ने प्रमाण छैन ।

फर्पिङ लिच्छविकालीन बस्ती हो भन्ने कुरा लिच्छवि राजा गणदेव (वि. सं. ६१४) को र राजा अंशुवर्मा (वि. सं. ६४७–६७८) को समयका शिलापत्रहरू त्यहाँ पाइएकाले निश्चित हुन्छ ।[11] सनदको काम गर्ने शिलापत्रहरू घनाबस्तीमा स्थापित गरिन्थे । यसकारण, लिच्छविहरू पहिले आएर फर्पिङमा बसे भने अनुश्रुतिलाई सत्यको नजीक छ भन्नु पर्छ । साथै ललितपुर क्षेत्रबाट तराई तर्फ जाने मूल बाटो फर्पिङ र छालिङ हुँदै कुलेखानी भएर जान सजिलो पर्थ्यो र

पछिसम्म पनि यस बाटाको प्रयोग गरिन्थ्यो भन्ने कुरा थाहा पाइन्छ । संभवतः लिच्छविकालमा पनि यो चलतीको बाटो रहेको हुनु पर्छ र यहाँको प्रशासन गर्न थिनै कारणले सामन्तहरूको नियुक्ति गर्ने गरिएको हुनुपर्छ ।

## लिच्छविकालपछिको अभिलेख

लिच्छविकालका अभिलेख ठाउँ ठाउँमा खण्डित भएकोले सबै कुरा थाहा पाइँदैन । त्यस समयमा दक्षिण–काली पीठको बारेमा पनि थाहा पाउने साधन छैन ।

परन्तु दक्षिणकालीको जात्रा (हरिशंकर जात्रा) मा रथारोहण गरी घुमाउने मूर्तिको मुकुटमा एउटा अभिलेख कुँदिएको छ। लक्ष्मीपालजीवको विजय राज्यमा त्रिभुवन कनकेश्वर भट्टारकको रथमा चार ढोका चढाएको कुरा त्यसमा लेखिएको छ र चढाउने टिपीटोल बस्ने दगो भारो हुन् भन्ने थाहा हुन्छ । यो अभिलेख ने. सं. ३६० (१२९७ वि. सं.) भाद्र शुक्ल पूर्णिमाको दिनको हो ।[12]

यहाँ ढोका चढाएको कुरा मुकुटमा लेखिएको र कनकेश्वर भट्टारकको उल्लेख भएकोले यो प्रश्न अचम्म लाग्ने भएको छ । दक्षिणकालीको आगमघर फर्पिङ शहरभित्रै पर्दछ । यहाँ नै उक्त जात्रा गर्ने मूर्ति राखिन्छ । यो अभिलेखबाट दक्षिणकालीलाई कनकेश्वरी भनिन्थ्यो र शिव शक्तिको संयोग गरी जात्रा गरिने हुँदा कनके–श्वरीका शिव कनकेश्वर हुनुपर्छ । यही देवी विग्रहपछि दक्षिणकालीका नाउँले प्रजित हुन थाल्यो होला भनेर अनुमान गर्न पर्ने भएको छ ।

लिच्छविकाल पछिका अभिलेखमा सबैभन्दा पुरानो यही मुकुटको अभिलेख हो र यसपछि यक्षमल्लका पालाका अभिलेख प्राप्त छन् । परन्तु त्यसमा दक्षिणकाली-सम्बन्धी विषय पाइँदैन ।

शक्ति पुरुषोत्तमको ने. सं. ५४१ मा ज्योतिमल्ल-को पालामा स्थापना गरेको र त्यसको दस वर्षपछि मन्दिर बनाएको कुरा त्यस अभिलेखमा परेको छ। त्यसबेला सुरंकी (सोलंकी) कुलमा राजपूत रामसिंह, धर्मसिंह, देवसिंह आदि भाइहरूको संयुक्त शासन त्यहाँ चलेको थियो । उनीहरू मुख्य राजा भने उपत्यकाको मल्ल कुललाई नै मान्दथे । सोलंकी वंशका देवसिंह सामन्तसंग सेनवंशकी राजकन्या विवाह भएको कुरा पनि त्यस अभिलेखमा छ । मकवानपुर सेनराज्यको त्यस बेला अस्तित्व नभएको साथै तनहूँ पनि पाल्पा अधीन नै रहेकोले पाल्पाकै सेन कन्या जयतलक्ष्मी हुन् भन्ने कुरा सिद्ध हुन्छ । यसबाट सेनको अस्तित्व वि. सं. १४७७ भन्दा निकै अघिदेखि भएको थाहा हुन्छ ।

राजपूत सामन्तहरूको शिखर पत्तन (फर्पिङ) मा शासन चलेपछि नै दक्षिणकाली पीठको विशेष मान्यता एवं पूजाआजा चल्यो होला भन्ने कुरा पनि अनुमान गर्नु परेको छ । सातौं शतीतिर काली तारा आदि शक्तिहरूको उपासना गर्ने परम्पराले व्यापकता पाइसकेको थियो ।

दक्षिणकाली देवीको विशेष पूजा पर्वको निम्ति गुठीको व्यवस्था श्री ५ गीर्वाणविक्रमको पालामा वि. सं. १८५६ देखि भएको कुरा एउटा तामापत्र र जग्गा जमीनको लगत तथा आम्दानी लेखिएको लालमोहर ढुङ्गाबाट थाहा पाइन्छ । श्री ५ गीर्वाणबाट नित्यपूजा र थापूजा (महापूजाको) निम्ति ५०४ मुरी (१२६ रोपनी) जग्गा संकल्प गरे र गुठी राखियो ।[13]

नेपालका शाह राजाहरू इष्टदेवताको रूपमा पहिलेदेखि नै कालीको उपासना गर्दथे भन्ने कुरा गोरखा दरबारकी कालिकाको अस्तित्वबाट थाहा हुन्छ । मल्ल राजाको इष्टदेवी तुलजा र कुलदेवी दिगुलि तलेज्यु (मानेश्वरी) का उपासक थिए । नेपालको एकीकरणपछि उपत्यकामा नै बस्न थालेपछि विशेष रूपमा इष्टदेवीको पूजा उपासनाको निम्ति गोरखासम्म पुग्ने समय मिलेन । अहिलेको जस्तो यातायातको सुविधा नभएकोले गोरखा–की कालिकाको पूजा पर्वको व्यवस्था, त्यहींका कुल पुरोहित र अन्य व्यक्तिहरूबाट चल्ने चलाउने गरियो र उपत्यकाको नजीक पर्ने फर्पिङकी दक्षिणकालीकै पूजा पर्व चलाउने व्यवस्था गरिएको थाहा पाइन्छ ।

राज्य ऐश्वर्य प्राप्ति, शत्रु विजय आदिको कामना गरी सेवा गरिने भगवती दक्षिणकाली श्री ५ को कुल परम्पराले मान्दै आएको हुँदा यहाँ श्री ३ को नाउँले

प्रशासन गर्ने राणा परिवारले पनि इष्टदेवीका रूपमा दक्षिण कालिकाकै पूजा वन्दना गर्ने र दीक्षा पनि दक्षिणकालीको महामंत्र (द्वाविंशाक्षरी) नै सुन्ने गरेको कुरा पनि अनुसन्धानबाट थाहा पाइन्छ। आशुतोषा कालिकाको उपासनाद्वारा इष्टलाभ हुने हेतुले नेपालका उच्च भारदारमा पनि दक्षिणकालीको उपासना गर्ने परम्परा रहेको थियो।[14]

उपत्यका विजयपछि परम्परागत आफूले मान्दै आएका इष्टदेवटाहरूको साथै मल्ल कुलद्वारा उपासना गरिने कुमारी तुलजा र दिगुतले आदिदेवीहरूको पनि उत्तिकै आस्था र विश्वासका साथ पूजा मान्यता गरिएको र विशेष दिनहरूमा थापूजा (महापूजा) गर्नको निम्ति शाहराजाहरूबाट प्रशस्त गुठी राखी पूजा पर्वको व्यवस्था बाँधेको कुरा अभिलेख र पूजा परम्पराद्वारा ज्ञात हुन्छ।[15]

## दक्षिण कालिकाका सांस्कृतिक पर्व र जात्रा

दक्षिण कालिका निम्ति प्राचीन राजाहरूले नित्य नैमित्यिक पूजा पर्व चलाउन के कति गुठी राखेका थिए, त्यसको विवरण स्पष्ट थाहा हुनसकेको छैन। परन्तु श्री ५ गीर्वाणबाट गुठी राखिएको दानपत्रबाट थापूजा (महापूजा) र अन्य नित्यपूजाको व्यवस्था गरिएको कुरा थाहा पाइन्छ। त्यो निम्न प्रकार छ।

गुठी समर्पण गरिएको जग्गा ५०४ मुरी थियो। त्यसको वार्षिक आय जिन्सी र नगदबाट प्रत्येक वर्ष वैशाख कृष्ण त्रयोदशी र भाद्रकृष्ण अष्टमी दुई दिन महापूजाको दिन तोकिएको छ।

राजा महाराजाको विशेष दिनहरूमा, जन्मोत्सव पर्व, विवाह, विजय या राज्यप्राप्ति भएको दिन जस्ता महत्त्वपूर्ण संझिएका तिथिमा इष्टदेवता कुलदेवताको महापूजा सम्पन्न गर्नको निम्ति विशेष गुठीको व्यवस्था गर्ने परम्परा थियो। मल्लकालमा तलेजुको महापूजा (थापूजा) को निम्ति राजा प्रतापमल्ल, नृपेन्द्र, पार्थिवेन्द्र, भूपालेन्द्र आदिले गुठीको व्यवस्था मिलाई थापूजाको प्रबन्ध गरेका थिए। यो परम्परा शाहवंशी राजाहरूबाट पनि निर्वाह गरियो।

श्री ५ गीर्वाणबाट तलेजुको थापूजाको पनि व्यवस्था भएको छ। त्यस्तै दक्षिणकालीको निम्ति पनि विशेष व्यवस्था गरिएको पाइन्छ।

दक्षिणकालीको निम्ति प्रति वर्ष वैशाख कृष्ण त्रयोदशीको दिनमा थापूजा (महापूजा) र भाद्र कृष्ण अष्टमीका दिन थापूजा (महापूजा) गर्नकोलागि यो गुठी राखिएको छ। नित्यपूजाको व्यवस्था पनि यसै गुठीबाट गरिएको छ।

थापूजा प्रायः राजाहरूको जन्मोत्सव पर्वमा नै राखिएको हुन्छ। परन्तु दक्षिणकालीको यो थापूजा भने त्यसो नभएर आमाको निम्ति भनिएकोले श्री ५ कान्तवतीको जन्मदिनको दिन र अर्को पूजाको निम्ति भाकल गरिएको दिन यो महापूजाको व्यवस्था गरिएको बुझिन्छ। वैशाखकृष्ण १३ र भाद्रकृष्ण ८ मध्ये कुनै दिन कान्तवतीको जन्मदिन हो, त्यो भन्ने प्रमाण प्राप्त छैन। श्री ५ गीर्वाणको जन्म १८५४ आश्विन शुक्ल द्वादशीमा भएको थियो र १८५५ फागुन १८ गते राजगद्दी आरोहण भएको मिति भएकोले आफ्नो विशेष पर्वमा यो गुठीको व्यवस्था भएको होइन भन्ने स्पष्ट छ। श्री ५ कान्तवतीको १८५६ साल कार्तिक १९ गते आर्यघाटमा इहलीला समाप्त भएको कुरा अभिलेखद्वारा थाहा हुन्छ। यो दक्षिणकालीको निम्ति गुठीको व्यवस्था मुमाको जीवित अवस्थामा १८५६ आश्विन कृष्ण अष्टमीका दिन संकल्प गरी आश्विन शुक्ल अष्टमी (१५ दिनपछि) का दिन तामापत्र टंकन गरिएको थियो।

भाद्रकृष्ण अष्टमी, भगवतीको पर्वदिन नै मानिन्छ। यो कृष्ण भगवान्को जन्मदिन पनि हो। प्रत्येक महीनाका अष्टमी र चतुर्दशी देवीका पर्वदिन मानिने हुँदा अष्टमी पर्वदिन नै भन्नु पर्छ। वैशाख कृष्ण त्रयोदशी विशेष पर्व नपर्ने हुँदा श्री ५ मुमा कान्तवतीको जन्मदिन हुनसक्छ।

यस बाहेक वर्षदिनभित्र देवीका चार नवरात्र पर्व पर्ने कुरा शास्त्रमा उल्लेख भएको पाइन्छ।[16] चारमध्ये

बडादशैं (आश्विन शुक्ल नवरात्र) र चैते दशैं (चैत्र शुक्ल नवरात्र) विशेष भगवतीको पर्व मानेर पूजाआजा बलिदान गर्ने अद्यावधि चलन छ। यी विशेष पर्वको दिन उक्त ताम्रपत्रमा महापूजाको उल्लेख नभए तापनि विशेष पूजा र बलिदानका कामहरू सम्पादन गरिन्छन्। यी दुई दशैं पर्वहरूमा भक्तजनहरूबाट पनि विशेष पूजा र बलिदान सम्पन्न हुन्छ।

दक्षिणकालीलाई कुलदेवीको रूपमा मानेर जेष्ठ कृष्ण अष्टमीमा श्री ५ महाराजाधिराज सरकारबाट प्रतिवर्ष स्वयं पूजाविधान सम्पन्न गरी बक्सन्छ र विशेष कार्यको अभीष्ट सिद्धि निम्ति पनि विशेष पूजा र पंचबलि गर्ने परम्परा रहेको छ।

## दक्षिणकालीसम्बन्धी जात्रा

भाद्र शुक्ल द्वादशीको दिनदेखि फर्पिङ शहरमा हरिशंकर जात्राको नाउँले १५ दिन चल्ने जात्रा शुरू हुन्छ। यसै दिनदेखि काठमाडौंमा इन्द्रको लिंगो उभ्याई इन्द्रजात्रा शुरू गरिन्छ भने, भक्तपुरमा पनि इन्द्रजात्राको प्रतिरूपमा जात्रा चलेको हुन्छ। मध्यकालमा उपत्यकाभित्र बनेका तीन मल्लराज्यमा आ-आफ्ना किसिमका विशेष चाडपर्व चलाउने व्यवस्था गरेका थिए। प्राचीन तथा मध्यकालमा देशभित्र सार्वजनिक मनोरञ्जनको साधन जात्रा नै हुन्थे। खेतीपातीको कामबाट विश्राम पाएको तथा नयाँ अन्न भित्र्याई आवश्यकताको पूर्ति भएको बेलामा अथवा हिउँदे बालीहरू थन्क्याई सकेको, नयाँ बाली लगाउने समय नभएको बेला पारेर यस्ता जात्राको चलन भएको पाइन्छ।

उपत्यकाका राजालाई राजाको रूपमा मानेर सामन्त तथा महासामन्त राजाको रूपमा शासन गर्ने व्यक्तिहरू फर्पिङ, बनेपा, पनौती आदि ठाउँमा थिए। सोलंकी राजपूत वंशका राबुत्त (राजपुत्र) हरूको परम्परागत शासन फर्पिङमा चलेको थियो र वरपरका ठकुरी राजघरानाका कन्याहरूले नै यी सामन्त राजपूतले विवाह गरेका हुन्थे। तीन शहरमध्येका कुनै मल्लराजालाई मानेर आफ्नो क्षेत्रमा स्वतंत्र रूपमा शासन गर्ने यी सामन्त शासित प्रदेशमा पनि अन्यत्र चाडपर्वको रमाइलोले मनोरञ्जन गरेको बेलामा कुनै महत्त्वपूर्ण जात्राको कार्यक्रम हुनु आवश्यक थियो। भक्तपुरमा एक हप्ता चल्ने बिस्केट जात्रा, काठमाडौंको इन्द्रजात्रा, पाटनको कार्तिक नाच, फर्पिङको १५ दिनको हरिशंकर जात्रा विशेष पर्वहरू हुन्।

फर्पिङका प्रचीन देवता गोपालेश्वर (शिव) र लिच्छवि शासन शुरू भएको बेला स्थापित शिखरनारायणको संयुक्त नाउँमा चलेको हरिशंकर जात्रालाई भव्य रूपमा मनाउन फर्पिङ क्षेत्रका समस्त देवीदेवताको पनि विशेष पूजाआजा गरी रथ (खट) मा राखी शहर घुमाउने र नाचगान, खानपानले मनोरञ्जन गरिन्छ।[17]

१. भाद्र शुक्ल द्वादशीका दिन पुरानो राजदरबार अगाडि पर्ने डबलीमा जात्राको शुरू गरिन्छ। जहाँ झंकेश्वरीको पीठ छ, त्यहाँ तलेजु (फर्पिङ) का पूजारी र दक्षिणकालीका पूजारी मिलेर तांत्रिकविधिले पूजा शुरू गर्दछन्। यस क्षेत्रका अन्य देवताका पूजारी र छूट गुठी तथा निजी गुठीका गुठीयार पनि भेला हुन्छन्। त्यहीं फर्पिङका समस्त देवताको आवाहन गर्ने विधि सकेपछि दुइटा बलि दिनु पर्छ।

२. भोलिपल्ट गोपालेश्वरको आगमघरमा पूजा गरी जात्रा गर्ने मूर्तिको रथारोहण गर्दछन् र जात्रामा सरिक हुने देवताहरूको मूर्ति पनि ल्याएर गणेशको पाटीमा ल्याई पूजा सम्पादन गरी रातभरि राखिन्छ। त्यसको भोलिपल्ट (चतुर्दशी) का दिन रात्रिमा शिखरनारायणका पूजारी राजोपाध्याय र जोशी, गोपालेश्वरका आगमका पूजारी आचाजु समेत मिली फर्पिङका समस्त देवतालाई प्राचीन विधि अनुसार काँचो धागाको पुथिका बनाई चढाउँछन् र यज्ञमण्डप बनाई रातभरि होमादि कर्म गरिन्छ। यस विधिविधानका यज्ञमान, छूट गुठीका अमात्य (पहिलेका मन्त्री खान्दान) ले गर्दछन्।

३. भाद्र शुक्ल पूर्णिमाको दिन गोपालेश्वरको रथ (खट) तयार गरी पाँच बजे जात्रा शुरू हुन्छ। चारमुखे शिवलिंग जस्तै ठूलो तामामा सुवर्ण मोलम्बा गरिएको

नाङलीङ (गोपालेश्वरको यात्रा गर्ने मूर्ति) रथमा राखिन्छ। सुवर्ण लेपित गजूर भएको रथ सिंगारिन्छ र ८।९ बजे रात्रिमा रथमा चंदुवा टांगी पोशाक पहिराइसकेपछि राजप्रतिनिधि (पुरानो सामन्त राजाको खान्दान) ठकुजुजु (हालका बद्रिराज मल्ल) ले सेतो जामा फेटा लगाई पूजा शुरू गर्दछन्। पुरोहित राजोपाध्याय हुन्छन् र रकमी चारजना विशेटहरूले बोलाउँछन् र कोटाल टोलका ५०–६० जना मानिसले खट बोकी बाजागाजा साथ कोटाल टोलदेखि माथि लाछीमा खट राखिन्छ।

४. आश्विन कृष्ण चौथीको दिन दिउँसो कोछुटोलमा तिलविक्रमेश्वर, थलखु टोलमा अघोरेश्वरको रथ, यलखु टोलमा नन्दिकेश्वरको रथ, थथेप टोलमा शेष-नारायण (शिखरनारायण) को रथ, कोटेप टोलमा महालक्ष्मीको रथ समेत ६ ओटा रथ(खट) समेत ठीक पारी पीठ पीठबाट पूजारी र रकमीद्वारा जीव-घट ल्याई स्नान गराई पूजा सम्पादन गरी जात्राका निम्ति बनेका पीठ देवताका प्रतीक मूर्तिहरू रथारूढ गरेर अलि अलि ठाउँ सारी राख्ने काम हुन्छ।

५. आश्विन कृष्ण अष्टमीको दिन गोपालेश्वर, तिल-विक्रमेश्वर, दक्षिणकालीको रथ, अघोरेश्वर, नन्दि-केश्वर, महालक्ष्मीको रथ र कालभैरवको मूर्ति चित्र अंकन भएको माटाको घ्याम्पा (जाँड भरिएको) समेत जात्रा गरिने देवता राख्ने आगमघरमा राखी, बलिदानको निम्ति अर्पण गरिएका सातओटा राँगा पनि त्यहीं बाँध्नु पर्छ।

६. आश्विन कृष्ण नवमीका दिन बिहान उक्त सात राँगा पीठ पीठमा लगी बलिदान गरी प्रसाद रूपमा सातै राँगाको मासु सातै टोलमा बाँडी दिनुपर्छ। यो खट बोक्ने व्यक्ति र विशेटहरूले मागशान्ति पाउँछन्।

बेलुका ८।१० बजेतिर बाजागाजाको साथ सर्व-प्रथम दक्षिणकालीको खट, टिपी टोलका व्यक्तिहरूले थलखु टोलबाट बोकी ल्याई कोछु टोल, यलखु टोल, थलखु टोल घुमाई थलखु टोलमा राख्दछन्। त्यसपछि नन्दिकेश्वर इन्द्रायणीको खट थलखु टोलका माझ्छेले बोकी थलखु, पीटि, कोछु टोल घुमाई यलखु टोलमा लगेर राख्दछन्। यो दिन ३ रथ(खट)यात्रा हुन्छ।

७. उक्त तीन रथ यात्रा पनि रात्रिमा कोछु टोलको "बौलोहँ" भनी स्वच्छन्द भैरवमा कोछु टोलका विशेटले कर्माचार्यद्वारा पूजा गराई एउटा बोकाको बलिदान गर्दछन्। बोकाको छाला, खुर र टाउको जम्मा गरी तिलविक्रमेश्वर कुमारी रथको द्वादक मुनिको भुजुङ्गो भरि भात राखेर बोकाको टाउकाको पूजा गरी सातै टोलका विशेट जम्मा भएर कसाहीलाई बाजा बजाउन लगाई फर्पिङका सातै टोलका देवी-देवताका पीठको क्षेत्र दोबाटो चौबाटोमा उक्त भातको बलि दिन्छन्। यो बलि देवताका सान्निध्यमा रहेका भूत, प्रेत, बेताल, क्षेत्रपालगण आदिलाई समर्पण गरिएको हो। यसलाई 'भूया' भन्दछन्।

८. आश्विन कृष्ण दशमीका दिन बिहान कोटेप टोलका रक्तभैरवमा पूजा गरी एउटा बोकाको बलि अर्पण गरिन्छ। यिनको प्रसाद रूप तामाको घ्याम्पामा भरि जाँड राखिन्छ र मकुण्डो लगाएका भैरवको घ्याम्पा बाजागाजाको साथ बोकी कोटाल टोल पुऱ्याउँछन्। त्यहाँ कालभैरव (प्रचण्डभैरव) को तामाको घ्याम्पा भरि जाँड राखेर रक्सी समेत भएको घ्याम्पालाई मकुण्डो, मुण्डमाला धारण गरेको, त्रिशूल डमरू हातमा लिने भैरवसाथ भई रक्तभैरव र कालभैरवको घ्याम्पाको बिहान भरि नै जात्रा चलाउने कार्य हुन्छ। यो जात्राको दशैंताकको पचलीभैरव जात्राकै अनुरूप हो।

आश्विन कृष्ण दशमीको राति १०।११ बजे बाजागाजाका साथ शिखरनारायण र महालक्ष्मीको खट यात्रा गरिन्छ।

### मूल जात्रा

आश्विन कृष्ण एकादशीको दिन रात्रि १०।११ बजेतिर कोछु टोलको चक्रपूजा गरिने ठाउँमा माटाका नौ ओटा घ्याम्पा जाँड भरेर राखी भात पकाई पूजाको सामान, कुखुराको भाले १, राँगा १ समेत ठीक पारेपछि

मृगस्थली गोरखनाथका महन्त वा उनले खटाएका कनफट्टा जोगीका समक्ष नौ ध्याम्पा जाँड राखेपछि भैरवहरूको आवाहन गरी चक्र पूजा गरिन्छ। पूजापछि कुखुरा र राँगाको बलि दिन्छन् र त्यसपछि भुजा(भातको बलि) छर्ने कार्य गरिन्छ। राति कुमारी सहित तिलविक्रमेश्वरको रथ र महालक्ष्मीको रथ समेत तीन रथ (खट) जम्मा गरी जात्रा प्रदर्शन गरिन्छ। यसपछि शेषनारायणको रथ बोकेर त्याई झंकेश्वरीको मन्दिर घुमाई, त्यस ठाउँभन्दा अलि अगाडिको चोटो ढुङ्गो नघाई उक्त रथ कोछु टोलमा पुगेमा जात्राको सांगे (समाप्ती) भएको मानिन्छ।

भोलिपल्ट बिहान फर्पिङ क्षेत्र भरिका देवीदेवतालाई "सिन्दूरभाग" पूजा गरी रकमीहरूलाई बाँडी सकेपछि एक एक पाउ सिन्दूरका पोका ठकु जुजु, शेषनारायणका पूजारी, दक्षिणकालीका पूजारी, बज्रयोगिनीका पूजारी, अन्य रकमी, जजमान हुने प्रधान, महाने, कसाही, कुसले, पोडे, कामी, सार्की, नाउ, भाट, बाजा खजकी, सबैलाई सिन्दूरका पोका बाँडिदिनु पर्छ। यसपछि बाजागाजा गरी सबै पूजारी रकमी पछि लागी हरिशंकर जात्रा गरिने सातै रथमा र अरू देवीदेवतालाई सिन्दूर चढाउने कार्य हुन्छ। पछाडि कोत तलेजुमा सिन्दूर चढाइन्छ। त्यसपछि जात्राको नवमी, दशमी, एकादशी समेत तीन दिन बत्ती बाल्ने गोनालमा सिन्दूर चढाई सकेपछि जात्रा सकिन्छ।

## यात्राको रथमा स्थापना गरिने देवताहरू

नन्दिकेश्वर इन्द्रायणी, अघोरेश्वर नील वाराही, कनकेश्वर दक्षिणकाली, सिद्धि गणेश्वर महालक्ष्मी, तिलविक्रमेश्वर कुमारी, शेषनारायण, गोपालेश्वरका रथहरू छन्। जात्रा गरिने केन्द्रविन्दु, जहाँ चक्रपूजा पनि सम्पादन गरिन्छ, झंकेश्वरी पीठ छ। यी देवी कालीकै एउटा रूप वा नाउँ हो।

उपर्युक्त देवताको रथहरू फर्पिङका सातै टोल घुमाई झंकेश्वरी पीठको बायाँ तर्फ पर्ने कोछु टोल घुमाई सबैभन्दा माथि गोपालेश्वर अनि नन्दिकेश्वर, त्यसपछि कनकेश्वर, अनि अघोरेश्वर र त्यसपछि सिद्धिगणेश्वर, त्यसपछि तिलविक्रमेश्वर, कोटाल टोलका शिवलिंग, त्यो भन्दा माथि शिखरनारायणको रथ राखी हरिशंकर रथ जोड्ने विधि गरिन्छ।

आश्विन कृष्ण त्रयोदशीमा १२।१ बजे दिनमा जुलुस सहित गोपालेश्वरको रथ सातै टोल घुमाई तलको पोडे टोलमा पुगेपछि पूजा गरी योमरी र फलफूलले रथलाई पर्सी प्रसाद बाँडिसकेपछि गोपालेश्वरलाई मन्दिरमा पुन्याइन्छ र नाङ्ग्रोल (जात्रा गर्ने मूर्ति) तथा जल सि देवता (मूल मूर्तिको प्रतीक) गोपालेश्वरको अचल लिंगमाथि चार दिनसम्म राखी पूजा गरी हवन गरिन्छ। चार दिनसम्म गरिने हवन र पूजा सकी उक्त मूर्तिहरू आगमघरमा फिर्ता ल्याइन्छ।

गोपालेश्वरको रथ मूल मन्दिरमा पुगेपछि मात्र अन्य ६ रथका मूर्तिहरूको खट ६ टोलमा लगिन्छ।

## परम्पराहरू

गोपालेश्वरको रथ यात्रा हुँदा उक्त रथ झंकेश्वरीको मन्दिर अगाडि पुग्यो भने, या कोटाल टोलका गौरगणेशको अगाडि पुग्यो भने, अतिक्रमण दोष शान्तिको निम्ति कालो भेंडो एउटा ल्याई गोपालेश्वरको छाकल (धुराका भैरव) लाई भोग दिनुपर्छ। साथै ११ ब्राह्मणद्वारा लघुरुद्रि पाठ, चण्डी पाठ, विष्णु सहस्त्रनाम, गणेश सहस्त्रनाम पाठ गर्नुपर्छ।

यस्तो अतिक्रमण २०३४ साल र २०३८ सालमा भएको थियो। शान्ति स्वस्तिको निम्ति गुठी संस्थानबाट सरसामानको निकासा दिनुपर्छ।[18]

उपर्युक्त जात्राको परम्पराको अध्ययन गर्दा शिखरनारायणभन्दा पनि अगाडिका गोपालेश्वरको फर्पिङमा प्रमुखता रहेको पाइन्छ र त्यसपछिका शिखरनारायणको सहभागिताले हरिशंकर जात्राको श्रीगणेश भयो।

प्रत्येक देवताका शक्तिहरूको पनि साहचर्य आवश्यक मानिएकोले दक्षिणकाली, वाराही, कौमारी,

महालक्ष्मी, वैष्णवी, इन्द्रायणी, चामुण्डा आदिको पनि भावना गरी मूर्ति राखी जात्रा चलाउने गरेको ज्ञात हुन्छ ।

कनकेश्वर शिवको शक्ति दक्षिणकाली स्थानीय मान्यतानुसार कनकेश्वरी नाउँले पनि प्रसिद्ध रहिछन् भन्ने थाहा हुन्छ भने ने. सं. ३६० को कनकेश्वरी मुकुटको अभिलेखले (३६०+९६०=१२९६ वि. सं.) भन्दा पनि निकै पहिलेदेखि नै दक्षिणकाली पीठको अवस्थिति र हरिशंकर जात्राको परम्परा चलेको रहेछ भन्ने कुरा जान्न सकिन्छ ।[19]

## फर्पिङको विकास-क्रममा दक्षिणकाली पीठको प्रमुखता

दक्षिणकाली पीठको प्रमुखताबारे हरिशंकर जात्राबाट ज्ञात हुँदैन । उत्तर प्राचीनकालमा तांत्रिक साधना पक्षको विकास र शक्तिपीठहरूको विशेष मान्यता हुन थालेपछि देश रक्षाको निम्ति आफ्ना नगर वरिपरिको क्षेत्रमा पीठ देवताको स्थापना गर्न थालेको कुरा थाहा पाइन्छ ।

राजा गुणकामदेवले काठमाडौंलाई राजधानी बनाएको क्रममा चारैतिर पीठ देवताको स्थापना गरिएको कुरा वंशावलीले प्रस्तुत गर्दछन् । प्राचीन वास्तुशास्त्र अनुसार नगर निर्माण गर्दा देवता स्थापना गरिने क्रमको जुन उल्लेख पाइन्छ, त्यो र आठौं शतीपछिका नगर निर्माणमा स्थापना गरिने पीठ देवतामा धेरै अन्तर थाहा हुन्छ ।

तांत्रिक पक्षको विशेष उत्थान भएपछि फर्पिङ चारैतिर दक्षिणकाली पीठलाई मध्यस्थान पारी अन्य पीठ देवी अष्टमातृकाको स्थापना गरियो । जसको विवरण निम्नस्थ छः-

१) गोपालेश्वर, फर्पिङ -पीठ देवी माहेश्वरी पीठ, कटुवाल दह
२) तिलविक्रमेश्वर, फर्पिङ -पीठ देवी कुमारी, फर्पिङ
३) अघोरेश्वर, फर्पिङ -नीलवाराही, फर्पिङ
४) नन्दिकेश्वर, फर्पिङ -इन्द्रायणी, गोरखापादुका नजीक
५) शिखरेश्वर, फर्पिङ -चामुण्डापीठ, शेषनारायण नजीक
६) कनकेश्वर, फर्पिङ -दक्षिणकाली
७) सिद्धि गणेश्वर, फर्पिङ -महालक्ष्मी
८) श्री...... -ब्रह्मायणी पीठ, पावर हाउस मुनि
९) श्री...... -वैष्णवीपीठ, दक्षिणकाली-भन्दा माथि डाँडामा, आमाको नाउले चर्चित ।

उपर्युक्त पीठ बाहेकका तलेजु (तुलजा) राजदबार कोतघर, झंकेश्वरी तुलजाको सामु अगाडि र त्यसैको केही पश्चिम उग्रचण्डीपीठ छ भने बौद्ध परम्पराकी देवी बज्रयोगिनी (खड्गयोगिनी नामले चिनिने) फर्पिङ पश्चिम डाँडाको फेदीमा स्थापित छन् । यसरी विभिन्न पीठ देवता, स्थानीय देवता र क्षेत्रपाल तथा विभिन्न भैरव देवताका पीठले युक्त गरी मध्यकालीन धार्मिक मान्यताको निर्वाह फर्पिङ शहरले पनि गरेको थाहा हुन्छ ।

### पाद टिप्पणी

१) फर्पिङ यल्खु टोलको अभिलेख... दशमी आदित्यवार कुन्हु फणपिदेश ।

२) राजा गणदेश (लिच्छवि) को र भोमगुप्तको अभिलेख (ख) अंशुवर्माको अभिलेख धनबज्र-लिच्छविकालका अभिलेख, पृष्ठ १८२-८४ र ३६८-३६९ ।

३) तत्रांचो राजा भूमिगुप्त । वर्ष ८६... गोपाल वंशावली, पृ. १७ ख ..तत् पश्चात् गोपाल महिषपाल निर्जित्य किरात राजा प्रवर्तते: गो वं., ऐ, पृ. १७ ख ।
..... अथ सूर्य वंस्सप्रभावात् नेपालि किरात राजा निर्जित्य ।। लिच्छवी वंस्स प्रवर्तते ।। ऐ. ऐ., पृ. १९ ख. ।

४) प्रज्ञा, वर्ष १७, अंक ६३-लेखकको हरिशंकर जात्रा फर्पिङ ।

५) हिमवत्खण्ड, अंक १०६ ।

६) सलिलोद्यान युक्तेषु कृतेष्व कृतकेषु च । स्थानेष्वेतेषु सान्निध्यमुपगच्छन्ति देवता ।।३।। वृहत्संहिता, अ. ५६, पृ. २५० ।
वनोपान्त नदी शैल निर्झरोपान्त भूमिषु । रमन्ते देवता नित्यं पुरेषुद्यानवत्सु च ।।८।। वाराही वृहत्संहिता, अ. ५६, पृ. २५० । वराहमिहिर ।

७) यस पीठ नेपालका मुख्य मैं विराजमान भैरहनु भएका, अघि कहीं मूर्ति प्रकाश छैन, पीठमात्र भएको थियो ।। पछि प्रतापमल्ल राजाका उपर ॐ श्री दक्षिणकाली प्रसन्न भै मेरो स्वयं मूर्ति प्रकाशित छ मलाई मूर्ति बनाई स्थापना गर भनी स्वप्न वाणी भएको याद नगरी रहंदा फेरी कन्याकुमारी प्रवेश भै मेरो स्वयं मूर्ति प्रकाशित छन् मलाई मूर्ति बनाई स्थापना गर महा भए रोग निवारण मैं आयुबृद्धि सामराज्य प्रख्यात होला भनि आज्ञा हुँदा राजाले मूर्ति बनाउन लाग्यो र तयार भएपछि त्यो मूर्ति अप्रकाशित हो दरबार भित्र स्थापना गर भनी स्वप्न वाणी हुंदा फेरी दोस्रो मूर्ति बनाउन लायो र तयार भया र गरु लम्वकर्ण भट्टसंग सम्मत गरी यिनै भट्टद्वारा ॐ श्री दक्षिण–कालीलाई दक्षिण दिशामा स्थापना गरी दिएका हुन । यिनी दक्षिणकाली वहुतै प्रख्यात छन् ।...... देवमाला वंशावली, पृ. ६१ र ६२ । योगी नरहरिद्वारा सम्पादित ।

८) नेपाल देशको इतिहास– प्राचीन नेपाल, सं. १८, पृ. १३ श्री ५ को सरकार, पुरातत्त्व विभागद्वारा प्रकाशित ।

९) स्वस्ति ।। श्रीश्रीश्री गुहेश्वरीयात प्रीतीन...सद... भासु संगीत वि... (दक्षिण पट्टि)द्या पारग महा–राजाधिराज विद्वद् चूडामणि श्रीश्री राजेन्द्र कवीन्द्र जय प्रतापमल्ल न धातु पत्न तथा सम्वत् ७८० आषाढ शुदि (पूर्वपट्टि) पृ. .. ।
(उत्तरपट्टि) पशुपति ललिते राजराजेन्द्र...संसार सार भूते रघुपति विमले वंशराजे सुतातैः ।... रविकुल तिलक श्री कवीन्द्रै ।
(पश्चिम पट्टि) प्रतापं गुह्येश्वर्या ..पितं कनकमपं पद्म पत्नं त्रपंच ।
गुह्येश्वरीको भित्र स्वर्णपाताले छोपिएको कलश पश्चिम भैरव(स्याण्डिल) को अभिलेख ।

१०) धनशम्शेर– निगमागम वैज्ञानिकसार द्वितीय पटल, पृ. ४१–८४ ।

११) यसै टिप्पणीको २ नं. हेर्नोस् ।

१२) ॐ श्रेयोस्तु ।। सम्वत् ३६० भाद्रपद शुक्ल पूर्णिम्यां ।। श्री त्रिभुवन कनकेश्वर भट्टारकस्य सर्व रथन खतिन पत चतरद्वार ।
२ सं प्रद्योकितम् ।। श्री लक्ष्मी पाल जीवस्य विजय राज्य ।। दानपती टिपीं टोल अधिवासिन दगो भारोस शुभम् ।।
दक्षिणकालीको जात्रा लैजाने मूर्तिको मुकुटको अभिलेख ।

१३) परिशिष्ट १ को अभिलेख ।

१४) राणा र अन्य भारदारका पुरोहितहरूको स्तोत्रबाट ।

१५) तलेजुमा रहेका ताम्रपत्रहरू (लेखकको तुलजा शोध-ग्रन्थ)

१६) लेखकको तुलजासम्बन्धी अप्रकाशित ग्रन्थ ।

१७) कुलचन्द्र कोइराला–दक्षिणकाली–क्षेत्र फर्पिङ हरि-शंकर जात्रा एक अध्ययन । प्रज्ञा, वर्ष १७, अंक १, पूर्णाङ्क ६३, पृ. १ देखि १२ सम्म । प्रकाशक–नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी ।

१८) स्रोतः-गुठी संस्थानको लेखा तथा व्यवस्था शाखा ।

१९) यसै टिप्पणीको १२ नं. को अभिलेख ।

## परिशिष्ट १

### दक्षिण कालिका

श्री मन्मात्रा

१) श्री दक्षिण कालिकायै नमः।। स्वस्ति श्री सालिवाहनीय शके विधु नयन ऋषि चन्द्र मिते १७२९

प्रमोद नाम संवत्सरे श्रीसूर्यं दक्षिणायने आश्विन मासे कृष्ण प—

२) क्षे अष्टम्यां पुण्य तिथौ रविवासरे आर्द्रा नक्षत्रे व्यतिपात योगे बालव करणे गिरिश मुहूर्ते कन्याराशि स्थिते सूर्यं मिथुन राशि स्थिते चन्द्रे देव गुरौच अन्येषु यथास्था।

३) न स्थितेषु सत्सु स्वस्ति श्री गिरिराज चक्र चुडामणि नर नारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्रीश्रीश्री महाराज गी—

४) र्वाण युद्ध विक्रम शाह वहादुर सम्सेर जंङ्ग देवानां सदा समर विजयिनाम् श्री २ प्रितये प्रति वर्षीय वैशाख कृष्ण त्रयोदश्यां भाद्र कृष्णष्टम्यां च दानम—

५) त्स्था यथालिपि सामग्री मिरन्यून्यामि महा पूजां प्रति दिन नित्य पूजां च कारयितुं फर्पिङ ग्राम भूभागान्तर्गत चतरूत्तरतः पञ्चशत ५०४ मुरि परिमितं क्षेत्रं सकुशो—

६) दकं संकल्प समर्पित मस्ति ।। महापूजा नित्य पूजार्थ समुत्सष्टै तत्क्षेत्र सीमा पूजन सामग्री देयं क्षेत्र रक्षाधिकारस्थ जनभोग्यं चैतत्सर्वं वृत्तान्त विलसि—

७) त मरूत मुद्रा लङ्कृत दान पत्र मधिकारिहस्ते स्थापित मस्ति अधिकारिणा च दानपत्र लिखिता यथा लिपि सामग्री नित्य नैमित्यिक पूजासु—

८) प्रापयितव्या कदाचिद्दैव वसादन्तराय प्रतिते सति अधिकारिणा राजद्वार मागत्य सचिव प्रभृति भारदार निकटे विज्ञप्तिं कृत्वा यथोक्त—

९) सामग्री संपाद नीयाः सचिवादिभिश्च तदीयोक्ति मव धार्य दानपत्र लिखित मानति क्रम्य नित्य पूजा नैमित्तिक पूजा च कारयितव्याः।। अथैतस्मिन्देव स्पेत दधि—

१०) कार्यन्योयः कश्चन पापात्मा लोममा चरिष्यन् नित्य नैमित्यिक पूजा खण्डन करिष्यति स पञ्च महा पातकी भविष्यति तमेव–कोपट्टष्टचा पश्यतु स—

११) एव पुनर्वर्णा श्रमानु सारेण पराधानु सारेण च वधार्ह श्वेद्धन्तव्यः।। तत्कल त्रादिक दास्यत्वे नियोज्यम् अवध्यो ब्राह्मणादिर्मुण्डना परा—

१२) ध युक्तश्वेतथा विधेयः। धनापहार योग्य श्वेत्तदीय धनं दायानुसारेण ग्राह्यम्। आपसारण योग्य श्वेद्देशतो वहिनिःसारणीयः। यःकश्चन ध—

१३) र्मात्मा तिधर्म संरक्षण विधास्यननुभय पूजां निर्वाहयिष्यति स पच महायज्ञ जन्य पुण्यभाग् भविष्यति तस्मिन्नेव कृष सुदृष्टिश्च नि—

१४) तरां पतिष्पतीत्यत्र साक्षिण आदित्य चन्द्रोदयो देवाः।। मुनुष्याश्चैते मंत्रिनायकाः श्रीरणोद्दतसाह श्री समसेर साह श्री वलभद्र साह श्री विदुर—

१५) साह श्री सेर वहादुर साहाः।।सचिवास्तु।। पाडे श्री रणजित पाडे श्री दामोदरः श्री त्रिभुवन श्री नरसिंह महाकोषध्यक्ष पाडे श्री भोटुः कोषाध्यक्षः

१६) स्यामलालोपाध्यायः। सोर्ण रौप्य मुद्राधिकारस्थः श्री भीमः। संकल्प वाक्यवक्ता पुरोहितः श्री दैवज्ञ केशरी पण्डितः। उदक न्यासकर्ता सचिव श्री की—

१७) तिमान सिंहः। सीमा समय साक्षिणः। पन्तोप नामक श्रीहर्षः। अर्यालोपनामकः श्री हरिः। खनालोप नामको भानुपाध्यायः। जगजित पाडे बोहोरोप नाम

१८) कःश्री हरिवंशः। रानोपनामक श्रीवंश वीरः। इतिश्री विक्रमार्क सम्वत् सरे १८५६ आश्विन शुक्लाष्टम्या आदित्य वासरे लेखो यं कान्तिपुर्यः शुभः।

१९) स्वदत्तां परदत्तां वा यो हरेच्च वसुन्धराम्। षष्टी वर्ष सहस्त्राणि विष्टायां जायते कृमिः।१।।शुमम्।।

अनुवाद—

श्री दक्षिण कालिकालाई नमस्कार। कल्याण होस् श्री सालो वाहनीय शक १७२१ प्रमोद नामको संवत्सर वर्षमा सूर्य दक्षिणायन भएको बेला आश्विन महीना कृष्णपक्षको अष्टमी पुण्य तिथिमा आइतवार, आर्द्रा नक्षत्र व्यतिपात योग, वालवकरण, गिरिश मुहूर्तमा, कन्या राशिमा सूर्य, मिथुन राशिमा चन्द्रमा र वृहस्पति भएको

र अन्य ग्रहहरू आ–आफ्नो स्थानमा भएको बेलामा कल्याण होस् (श्री ५ को प्रशस्ति) श्री ५ गीर्वाण वीर विक्रम शाहदेवबाट श्री दक्षिणकाली प्रीतये गरी प्रति वर्ष वैशाख कृष्ण त्रयोदशी र भाद्र कृष्ण अष्टमीमा पनि दानपत्रमा लेखिए बमोजिम सामग्रीमा अलिकति पनि कम नगरी महापूजा र नित्यपूजा गराउन फर्पिङ गाउँको भू–भाग अन्तर्गत पाँचसये चार मुरी परिमाणको खेत, पानी कुश लिएर संकल्प गरी चढाएको छ। महापूजा र नित्यपूजाको समयमा पूजाको सामग्री दिनु। महापूजा र नित्यपूजाको निम्ति खेतको सिमाना छुट्याइएको छ। खेतको रक्षा गर्नेको अधिकार र जनताले खान पाउने भागको सबै वृत्तान्त भएको लालमोहर लागेको दानपत्र अधिकारी (गुठीयार द्वारे) को हातमा राखिदिएको छ। यसको अधिकारवालाले दानपत्रमा लेखिएको सामग्री नित्यनैमित्य पूजाको बेलामा पुऱ्याई दिनु। कदाचित् दैव वश विघ्न आई पऱ्यो भने, अधिकारीले दरबारको ढोकामा आएर सचिवादि भारद्वारका नगीचमा निवेदन गरेर लेखिए बमोजिमको सामग्रीको प्रबन्ध गर्नू।

सचिवहरूले पनि गुठी चलाउनेको उक्ति अनुसार विचार गरी दानपत्रमा लेखिएको कुरा घटीबढी नपारी नित्यपूजा र नैमित्यिक पूजा गराउनु। यी देवताको यस्तो काममा जो कोही पापात्मा लोभ नैमित्यिक पूजा खण्डित गर्ला, त्यो पञ्च महापातकको भागी होला। त्यसलाई श्री दक्षिण कालिकाले कोप दृष्टिले हेरून्। त्यसलाई वर्णाश्रम अनुसार र अपराध अनुसार काट्न हुने जाति भए मारिनै दिनू। त्यसका स्वास्नी छोराछोरीलाई दास बनाई दिनू, मार्न नहुने ब्राह्मण आदिलाई अपराधी छ भने मुडी दिनू। सर्वस्व गर्न योग्य छ भने, त्यसको धन भाइ अंश छुट्याई हरण गर्नू। देश निकाला गर्न योग्य छ भने, देशबाट बाहिर धपाई दिनू जुन कोही धर्मात्माले यो धर्म (नित्य नैमित्यिक पूजा) संरक्षण गरेर दुवै किसिमको पूजा चलाई देला, यो पञ्चयज्ञ गरको पुण्यको भागी हुने छ। त्यसैलाई नै श्री दक्षिण कालिकाको सुदृष्टि पर्नेछ। यसमा साक्षी हुने सूर्यचन्द्र आदि देवताहरू छन्। मानिसहरूमा मंत्रिनायकहरू श्री रणोद्योत शाह श्री समसेर शाह श्री वलभद्र शाह श्री विदुर साह श्री सेरबहादुर शाह सचिवहरूमा पाडे श्री रणजित् पाडे श्री दामोदर श्री त्रिभुवन श्री नरसिंह महाकोषाध्यक्ष पाडे श्री भोटु, कोषाध्यक्ष स्यामलाल उपाध्याय, सुनचाँदीका मुद्राधिकारी (टक्सारी) श्री भीम। संकल्प वाक्य पढ्ने पुरोहित श्री दैवज्ञकेसरी पण्डित, पानी हाल्ने सचिव श्री कीर्तिमान सिंह। सिमाना लगाउँदाका साक्षीहरू पन्त थर हुने श्री हरि, अर्ज्याल थर हुने श्री हरि, खनाल थर हुने श्री भानु उपाध्याय, जगजित पाडे, वोहोरा श्री हरिवंश, राना थरका श्री वंशवीर, इतिश्री विक्रमार्क सम्वत् १८५६ आश्विन शुक्ल अष्टमी आइतवार यो लेखिएको मुकाम कान्तिपुर शुभ होस्।

आफूले दान गरेको र अर्कोले दान गरेको भए पनि जसले यस्तो जग्गा हरण गर्ला साठी हजार वर्षसम्म विष्टाको कीरो भै जन्मने छ। असल होस्।

# प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल–भोट युद्धको ऐतिहासिक सामग्री

(गताङ्कको बाँकी)

फागुन वदि ४ रोज ३ मा

यस्तै वखतमा श्री प्राइम मिनिष्टरका हजुरमा सुवेदार अैमान षतूले लेषि चह्लाई पठायाको भोट तरफका सुन्याको समाचार केरूंका ढेवा वदलीयो नञा ढेवा ल्हासावाट आई कोटमा वस्यौ. दोश्रा भोट्या १ ल्हासाका चिरूं भन्या शनिश्चरवारका दिन केरूंमा आईपुग्यो . तेस्का साथमा घोडा ९ छ भन्छन् ल्हासामा वस्न्या हाम्रा तरफका नाइक्या केरूंमा आदित्यवारका दिन आईपुग्यो भन्या समाचार सुनींछ . नाइक्या र त्यो चिरूं भन्या भोटे कत्ति विलम्व नगरि सरासर श्री मिनिष्टर साहेवका हजुरमा दर्शन गर्नु जान्छु भनि भन्छन् भन्या कुरा ञाहावाट जान्या, भोट्याहरूले यस्तै षवर ल्याउछन् नौ सय भित्रका भोट्याहरू साढै हड्वढाई सातुसामल गर्न लागि रह्याछन् भन्छन् क्यान सातु सामल तुल्यायो भनि सोढदा अघि गोर्षा र भोटको लडाञी हुंदा भोटले पक्री भरिया चिरूवादार गरि लग्याका भोटवाट येक पनि फर्केनन् . येसपाला पनि भोटे आयो भन्या भरिया तुल्याई लग्या . हामी येक पनि फर्कन पाउन्या छैन गोर्षादेखि हामीलाई डरछैन . यो सातु सामल ली भागि . हामि गोर्षा मुलुकतर्फ जांछौ भनि भन्छन् भन्या कुरा सुनिछ . केही दश वीश घर भोटेलेता . सातु सामल ली केरूंदेषि तल प्यांफेदि भन्या गाउंमा राष्याको छ भन्या सुनिछ . ताहा क्यान राष्याको भनि सोध्दा. मुल वाटामा लस्कर नेपालवाट आउन्या छ . हामी चोर वाटोगरि थुमन् नीकली गोल् जुङगदलाङ तरफ निकली जाउला भन्या कुरा सुनिछ . केरूंका १४ घट्ट आठौ प्रहर पिठो पिधा छ . षालि घडि भर रहेछैन भन्छन षाम्साङवाम्दी ढेवा पनि सुक्रवारका दिन ञाहावाट केरूं गयो . शनिचरवार-का दिन केरूं पुग्यो भन्या कुरो सुनिछ . उ पुग्याका दिनदेषिको हाल केही सुन्याको छैन . केरूंवाट आई ३ जना भोटे भोट्यानी स्याफ्रुमा वस्याको कप्तान सुवाका अर्जिले जाहेर भयो हो . आजकाल २०।२५ भोटेहरू झाराली ल्याई टिमुन्या. वंसावसी. षोलाटा घट्ट ५ तयार भयो . अरू पनि वनाउनाको तर्जुमा गर्दैछु . रसद अर्थलाई पश्चिम नेपाल . पाहाड षंडवाट अन्नाधुन गरि आउंछ कप्तान सुवाहरूलाई घडी भर फुर्सोत् पाउदैनन् . देवा धर्माका लामाले दोमास्याहरूलाई अर्जि दी ल्हासा-सम्म जानालाई पठायाको रहेछ . केरूंका ढेवाहरूसंग . ज्यालामा षोजिदेउ हिडी जान सकिदैन . हिउंले थुनिछ भनि दोमास्याहरूले भन्दा घोडा छैनन् . तिमीहरू पनि जानु पर्दैन . तिमीहरूले ल्यायाको अर्जि अम्चालाई चह्लाई पठायाको छ . हाम्रो पनि वदली भयापछि हामि

पनि जान्छु . तिम्रा अर्जिका कुरा हामि विन्ति गरूंला भनि ढेवाहरूले भन्दा ति दुवै दोभास्या फिरि नेपाल तरफ आया शुभम्—

फागुण वदि ६ रोज ५ मा

ताहापछि श्री प्राइम मिनिष्टरवाट श्री विर्गिडियेर जनरल षड्गवहादुर कुंवर राणाजिलाई लेषि गयाको . लेषिगया वमोजिम भोट तरफ चौरी लुलु गदाहा षचर भेडा रसद वोकन्या जनावर काहा काहा कति कति रह्याछन् वुझन निमित्त अघि अघि लंगुर पार जान आउनु गर्न्या भोट्याहरू अगुवा लगाई चिवा पठाउन्या काम वढीया भयेछ . वलाङचुङमा रसद आउन्या वाटाका कुरालाई दोहागढीवाट १७ दिन विजैपुरवाट १४ दिन लाग्दो रहेछ . पाहाडका दुनिआले आपना आपना अडामा वोकनाको पनि माझपर्न्या मधेसका रैयतलाई पनि रसद ल्याउंदा विजैपुरमा माझपर्न्या . रसद भर्नालाई पनि दोहागढीमा . पक्किघर नहुदा हाल वनाई तयार नहुनाले विजैपुरमा त . पिंडेश्वरको पक्काघर हुदा र पछि कदाचित् रसद उठिसकेन . वाकि रहन गयो भन्या पनि पक्काघरमा राषन हुन्या दोहागढी सिवानाको छेउ पनि पर्न्या संभार मद्दत पनि नपुग्न्या . विजैपुर भित्रिमाझ पनि पर्न्या पक्का घरमा राषि सँसंभार पनि हुन्या . आहावाट मद्दत पनि पुग्न्या रसद चलाउंदा वाटो पनि येहि मुल सडक षनियाको दुनिआहरू पनि येहि वाटो वोकदा राजि हुन्या आपना चित्तले ठहराई यो वाटो रसद चलायाको हो येस मैह्लाका ५।७ दिनदेषि रसदका भारि ५।७ सयेदेषि हजार वार सये भारिसम्म वरोवर चलन लागि रहेछ . भन्या विस्तार लेष्याका कुरालाई वढिया लेष्या छौ . वलाङचुङमा रसद ल्याउदा दोहागढी वाटो नजिक पर्छ भन्या कुरा सुनिदा र आज–सम्म रसदका चलानको केहि षवर नआउदा कस्का वुद्धिले गर्‍यौ भन्या कुरा लेषि पठायाको हो . दुनियालाई पनि सुभिता पर्न्या वाकि रहन गयाको रसद पनि पक्की घरमा थनक्याउन हुन्या विजैपुर भित्रीमाझ पर्न्या हुदा तजवीज गरि ठहराई माघका ५।७ दिनदेषि रोजको ५।७ सयेदेषि हजार वाह्र सैसम्म रसदका भारि चलान हुन्या वन्दोवस्त वांधी रसद वोकाउन्या काम वढिया गरे छौ येस्मा म षुसी भआ . दोहागढीमा गोला घर वनाउन पर्दैन. लेषि गया वमोजिम ताहाका पल्टनलाई दोचा वषु मोजा हिउं जाडोमा लाउन्या लुगाहरू वनाउनु भन्या उर्दि उर्दिन्या र डिगर्चा जान्या वेलालाई आफुले पनि चाहिन्या कुराको तयारि गरि राषन्या काम वढिया गर्‍याछौ . तोपका कुरालाई इलामको १।। पनिको तोप पुरानु उस्तो कामका नठहर्दामा कुप गरि ताहा रह्याका ४ पंनीका तोप ४ लाई गोला ३।३ सये गिराफ ४।४ सयेसम्म वनाउनाको तजवीज गरि तयार गर्न लाउन्या काम वेस भये छ . वनि सक्तछ भन्या आहावाट लेषिगया वमोजिम गोला ५।५ सये गिराफ १५।१५ सये तयार गर्नु वढीयै छ . कालिगढले पुगि सकिदैन भन्या र जो तिमीले तजवीज गर्‍या वमोजिम तयार गरि राषन्या कामगर्नु पल्टनको हाजिरी फर्द. विर्गिडियेर षिताप्को भेट सुनाका माझा असर्फी १ आई पुग्यो नआ पल्टनलाई रै वन्दी वमोजिम पिपाका ज्मादार २ हुवल्दार २ पिपा १०० ताहा भर्ति गर्नु भन्या लेषिगया वमोजिम भोट्ये किराति-हरूलाई झिकाउन्या काम वेस भयेछ . ताहा आउन्या नआ पल्टनको नाउं श्री हेमालये ध्वज रह्यो . तेस पल्टनलाई पिपा १०० ज्मादार २ हुवल्दार २ भर्ना गर्नु भन्या लेषिगयाको . पुराना पल्टन भर ५० जनामात्र ताहा गयाका हुनाले तेतिले पुगेन भनि तेस्माथि फेरी थप पिपा ज्मादार ३ पिपा हुवल्दार ३ पिपा १५० थपि अघि लेषिगयाका स्मेत ज्मा पिपाका ज्मादार ५ हुवल्दार ५ पिपा २५० भर्नागर्नु पर्‍यो . ताहाका किराति भोट्या झिकाई भर्ना गरी १२ साल वैशाष वदि १ रोजदेषि दरवन्दी वमोजिम मैह्लावारि दर्माहा दिन्या काम गर . श्री हिमालये ध्वज पल्टन पनि फागुणका १०।८ दिन जांदा आहावाट सायेत गरि हिडछ . डेरा छाउनीको तयार गर्न लाउन्या काम गर्नु पल्टन नआ छ . ताहा पुग्यापछि सघाउन्या सिखाउन्या कामगर्नु सिकार्जु पुग्यापछि ताहा तिमीले डिगर्चा हान्न जानु पर्‍यापछि आफुलाई चाहिन्या रसद षर्च जाना स्मेतको ताकिति गरि राषन्या काम भया वढीया होला सेषं सहर भन्याको षामको मुलुक होकी ल्हासाको मुलुक हो तेस्को पनि तहकित षवर

लेषि पठाउन्या कामगर्नु शुभम्—

फागुण वदि ६ रोज ५ मा

ताहापछि श्री प्राइम मिनिष्टरवाट मेजर कपतान भैरव-वहादुर पांडे प्रोहित चतुर्भुज दत्त अर्ज्याल सुवा धन-सुन्दर . सुवा चेतनाथ पाध्याके लेषि गयाको हेरकोर गर्न्या भोट्या स्वास्नी स्मेत जो भयाको लट्टी पट्टि स्मेत ली हाम्रा सरहद्दमा पिछा जान्छु . षेतिपाति गरी वहि वसुला भनि आउन्या भोट्यालाई पक्रि ल्याउनु भनि ढेवा षाम्साम् वाम्दीले पठायाका कुरालाई वढीया गर्‍यौ त्यो अपना स्वास्नी छोराछोरी लट्टिपट्टि वस्न आउन्या भोट्यालाई हाम्रा मुलुकमा जगाको वन्दोवस्त गरि षेतिपाति गरि वस भनि वस्न दिनु . ति पक्रन आउन्या भोट्या जना ४ लाई र तिम्रा छोराछोरी लट्टिपट्टि ली वस्न आउछौं भन्या वस्न पाउंछौ . स्वास्नी छोराछोरी लट्टिपट्टि ली आउदैनौ भंछौ भन्या तिमीहरूमात्र जाहा वस्न पाउदैनौ भनि तिजना ४ भोट्यालाई भोटै तरफ पठाई दिनु . रसुवाका नगिचमा वढीया जगा हेरि रसद घर वनाउनु लगाई रसद राषन्या कामगर्नु . रसद वुझाई आउन्या दुनीञा जाहा षोथ मोहर रुपिञा दिदा रह्या छन् भनि कराउंछन् . तेस कुराको तजवीज गरि दुनिञा-ले षटा रुपिञा नपाउंन्या वन्दोवस्त वाधन्या काम गर जाहावाट कपतान श्री भक्त षडकाहरूलाई षटाई पठायाको छ ताहा आई पुग्यापछि सवै कुराको वन्दोवस्त गर्न्या छन् शुभम् —

फागुण वदि ७ रोज ६ मा

येस्ता वखतमा श्री प्राइम मिनिष्टरका हजुरमा प्रोहित चतुर्भुज दत्त अर्ज्यालले लेषि चह्राई पठायाको पाहाडवाट रसद ल्याउनाले अन्ना धुन भैं रहेछ . भरिसष्ये श्री ५ सर्कारको नविग रि दुनिञालाई चाडो गरि उम्काउन्या काम गर्दैछौं माथितिरको षवर हाम्रा पट्टिका ल्हासामा वस्न्या नाईक्या केरूंमा आइ पुग्यो . ल्हासावाट नञा ढेवा आउंछन् भन्या अर्जि अघि चह्राई पठायाको हो . अव ढेवाहरू जना २ केरूंमा आई पुराना ढेवाका घरमा पुराना ढेवालाई छुटाई नञा ढेवाहरू वस्या भन्या षवर सुनिंछ . हाम्रा पट्टिको षाम्सु भन्या ढेवा केरूं गै हजुरवाट वन्दोवस्त गरि वक्सनु भयाको दस्षत देषाउदा हाम्रा पट्टि ढेवालाई ज्या मान्नु पर्न्या हो सो गरि मार्न्या भन्या षवर सुनिन्छ . तिमी ढेवाले अघि आउनु पर्न्या हो अलिक आउनु ढीलायौ ऐलेता ढेवा आई रहेछ ऐले हामी श्री ५ गोर्षा सर्कार पट्टि मिल्यादेषि हामीलाई सजाये गर्न्या छन् . ऐले ताहांमिले उसपट्टि लाग्नु पर्न्या छ . आषिरता हामि रैयेतहरू श्री ५ गोर्षा सरषारपट्टि मिलन्याछौ भनि वाहाका रैयेतहरूमा यस्ता कुरा गर्दछन् भन्या षवर सुनिन्छ . ल्हासावाट चितुंग्या काजि दर्जाको मालिक्संग आइ केरूंमा वसि रहेछ . घागर्न आयो भन्या षवर सुनिन्छ . हाम्रा पट्टिका नाईक्याले हजुरमा अर्जि चह्राई पठाउला र जो मर्जि होला सो वमोजिम गरूंला भंछन् नाइक्याहरू र फागुण वदि ५ रोज ४ का दिन केरूंमा आइपुग्या भन्या षवर सुनिन्छ शुभम् —

फागुण वदि ८ रोज ६ मा

श्री प्राइम मिनिष्टरका हजुरमा श्री मेजर जनरल कृस्न ध्वज कुंवर राणाजिले लेषि चह्राई पठायाको ताहा षटियाका पल्टन कंपनीका पगरि हुंदा सिपाहि लाजिमा गैह्रको वेराम गयेर षालि हाजिर कति छ. षसोषास हाजिरि ली फर्द लेखि पठाई देउ भन्या कुरो र जुमला हाम्रा सिवानादेषि उत्तरपट्टि भोटका मुलुकमा हाम्रा मानिस चेवा पठाई चौरी लुलु गदाहा भेडा षचर वाखा रसद वोकन्या जनावर छन् . तलास गरि येतियेति येस ठाउमा रहेछ भन्या तहकित गरि लेखि पठाउन्या काम गर भनि लेखि वक्सनु भयाको छ . जाहा सामेल भयाका पल्टन कम्पनीको हाजिर लेषन लगाई राष्याको छ . तयार हुनी मात्र चह्राई पठाउन्या काम गरूंला सेवाना-देषि उत्तरपट्टिका भोट मुलुकका चौरी गदाहा लुलु भेडा वाखाका विहोरालाई र हिउंले स्तावंध गर्‍याको वेला हुनाले झोवा चौरी लगि हिउ फोरि १।२ जना जान हुन्या वाटो वनाई झोवा चौरी घोडा भेडा षसि गदाहाको तहकित वुझी आउनु भनि मानिस षटाई पठाउन्दा काम गर्‍यूं हाल साल वसाल भोटतर्फ वेपार गर्न जान्या हाम्रा मुलुकका सेवानाका नजीकका मानिसहरूसंग सोध षोज

गर्दा उनिहरूले लेषिदिया बमोजिमको फर्द चन्हाई पठायाको छ. जाहेर होला पछि तहकित गरि कागज चन्हाई पठाउन्या काम गरूंला कपतान बुद्धिमान्सिंह बस्न्यात फागुण वदि ३ रोज १ का दिन आहा आई पुग्यो शुभम–

४२) ताकला षार भोट तरफका चौरी घोडा झोवा गदाहा भेंडा च्यांग्रा षसि गैन्हु भारि वोकन्या जनावर साल बसाल भोट तरफ बेपार गर्न जान्याहरू हाम्रा मुलुकका मानिसहरूले लेखि दियाको कागज बमोजिम तपसिल–

तपसिल

| | | |
|---|---|---|
| ज्मा जनावर– | | १४७९१ |
| नजिकका गाउंको जात छुट्याउन सक्याका– | | ७१०२ |
| सेरको– | | २८० |
| झोवा– २४ | चौरी– | १८ |
| घोडा– २ | गदाहा– | २ |
| च्यांग्रा वाखा– | | २३४ |
| षोच्यार– | | ५२८ |
| झोवा– ५५ | चौरी– | ६९ |
| घोडा– ३९ | गदाहा– | ६५ |
| वाखा च्यांग्रा– | | ३०० |
| ल्हाकोद– | | ३९७ |
| झोवा– ४८ | चौरी– | ५३ |
| घोडा– ४४ | गदाहा– | ५२ |
| वाखा च्यांग्रा– | | २०० |
| कांजेगाउं– | | ५८९७ |
| झोवा– १५ | चौरी | ३०८ |
| घोडा– ७२ | गदाहा– | ५२ |
| वाखा च्यांग्रा– | | ५४८० |

भेंडा च्यांग्रा षसि वाहेक चौरी झोवा घोडा गदाहामात्र हुन्या जगाको जात छुट्याउन नसकि गोसवारा लेषियाको चौरि झोवा घोडा गदाहा ज्मा– ७६८९

| | | | |
|---|---|---|---|
| किराज्यू गाउ भरको– | ३४० | थुइगुम्वा– | ३०० |
| फुगरू चौरगाउ– | २०० | यानुगुगुम्वा– | १०० |
| ढाग्याचेन् गाउं– | १०० | चरलुं गुम्वा– | २०० |
| तोया विष्टघ्यांवको– | ४०० | पुडीगुम्वा– | २०० |
| तोया गाउ भरको– | ६०० | सेकिगुम्वा– | १०० |
| छिति गाउं– | ३०० | लागु गुम्वा– | ३०० |
| नाई गाउं– | १०० | च्यूं गुम्वा– | ३०० |
| छिनाथांको– | ६० | गुसुली गुम्वा– | १०० |
| चौर गाउं– | २०० | कविलासुजुवेवुगुम्वा– | २०० |
| फुलक्– | ६० | येवादुरूजु गुम्वा– | ४०० |
| धोर्ज्ये गाउं– | ६० | ऐ विरफुंवादु गुम्वा– | ५०० |
| कर्तुइ कोट्– | १०० | तारचिनुज्यादा– | २०० |
| घ्वामारा– | ५०० | गेजिन् गुम्वा– | २०० |
| मुगुरूम्– | ३०० | याइकोलागाउं– | २०० |
| दोसालाका– | ६० | तोजक गाउं– | २०० |
| निलक् गाउं– | १५० | मुजां गाउं– | ३०० |
| तोजाल भन्या घ्यांपा ढनुलग्याका चौरी– | १५० | तोजाल् भन्या घ्वांपाटन् धरमा– | ९ |

तेरिज

| | |
|---|---|
| चौरि– | ४४८ |
| झोवा– | १४२ |
| घोडा– | १५७ |
| भेंडा षसि च्यांग्रा– | ६२१४ |
| गदाहा– | १४१ |
| गोसुवारा लेषियाको चौरि झोवा घोडा गदाहा ज्मा– | ७६८९ |
| | १४७९१ |

फागुण वदि १० रोज २ मा

ताहापछि श्री प्राइम मिनिष्टरवाट ढेवा षाम्साम् वाम्दीलाई लेषि गयाको हामी तंलाई गरि दियाको दस्तत् देषाउदा नौ सयेका रैतिहरूले विन्ति गन्याको कुरा आहा विन्ति गरी पठाउन्या काम वढीया गरेछन् केरूं नौ सयेका रैयतहरूले वढीया विन्ति गन्याछन् . तिनिहरूको लुट्पिट केहि हुन्या छैन तर तसल्लहु गरि तहिं केरूंमा राषन्या काम गर ल्हासावाट ढेवा १ र चेटुङ १ ज्मा २ केरूंका मालिक भै आयाको छन् वढीया हो . हामी-

संग तसल्लंह् राष्या भन्या तिनलाई पनि केहि हुन्या छैन् चेटुङ आहा आउछन् भन्या . तेस्कासंगका मानिस चिजविज भारि समेत आहा पठाई दिन्या काम गर्नु अरूपनि तेस्ता आहा आउछौ भन्यालाई सरासर पठाई दिनु . केरूंको रैति वावु आमा छोरी स्मेत पछिपर्न आउन्यालाई स्याफ्रुमा राषन्या काम वढीया गरे छस् ति ३ जनालाई वस्न्या जगा षटाई तर तसल्लह् गरि राषनु अरूपनि येस्ता पिछापर्न आउन्यालाई तर तसल्लह गरि राषनु . केरूंका ढेवाले ३ जनालाई पक्री ल्याउनु भनि पठायाका ४।५ जना मानिसलाई तिनिहरूका स्वास्नी झिकाछौं भन्या आहा वस्न पाउंछौं . झिकाउदैनौ भन्या आहा वस्न पाउँदैन भनि केरू तरफ पठाई दिन्या काम गर उपर ताहाका षैषवर स्मेत जो भयाको विस्तार विन्ति गर्दै पठाउन्या काम गर्दै रहनु र वढीया हुन्छ शुभम्—

फागुण वदि ११ रोज २ मा

श्री प्राइम मिनिष्टरका हजुरमा श्री जनरल वद्री नरसिंह कुंवर राणाजिवाट लेषि आयाको दाखिला झिकाउन्या हजुरका दस्षत वमोजिम अडा अडामा चिठी र ठाउ ठाउंमा हुदा सिपाहि षटाई नकल स्मेत दी पठायाको हो रसदको काममा दुनीयादार सवै गया छन् कोहि मानिस पाइन्दैन भन्या सवै ठाउंवाट जवाव आयो केही १०।८ भयाका मानिस पनि वहुत वेलायकका छन् शिवरात्रिका दिन. पोषरानेरा फलिया सांघु भन्या ठाउंमा श्री महादेवका स्थानमा जगा जगावाट दुनियाहरू मेला भर्न आउन्या छन् भन्या षवर सुन्दा मेला भर्या नीउ गरि निज जगा तरफ कुच गऱ्या . सामेल भयाका मानिसहरू सहलहमा आयेनन् भन्या जवर्जस्ति भर्ना गर्न्यछ. रीसानि माफ होला लेफटेन अम्वरसिं कुंवर राणाजिसंग विदा हुदा दोसांधमा जानु पर्न्या छ . उनीहरूले हात छोडे भन्या हामीले कसो गर्न्या हो भन्या र. आफुले कोहि कुरामा अघ्यालि कदाचित् नगर्नु अकस्मात् उनिहरूले हात छोडे भन्या तिमीहरूले पनि हात छोडनु भनि अह्राई दिआ जो मर्जि शुभम्—

४३) फागुण वदि ११ रोज २ मा पाल्पा

लेफटेन अम्वरसिं कुवर राणाजिले मोस्ताङमागै श्री प्राइम मिनिष्टर दाज्यैज्यूवाट ११ साल माघ वदि १४ रोज ४ ऐ सुदि १५ रोज ६ मा लेषि वक्सनु भया वमोजिम काम गर्न्या उहिको इझार—

तपसिल

फागुणका १ दिन जांदा श्री वरष पल्टनका ज्मादार गजराज कार्कि र हुदा सिपाहि गरि पट्टी १ ली नीज पट्टीलाई गोली गडा पत्थर जो चाहिन्या षरषजाना पिपालाई वोकाई वहिदार १ मैह्लावारि पैसा रुपिआ ९ का दर्माहा भर्ना भयाको नौसीन्दा २ स्मेतलि मुस्ताङ तरफ जानु— १

रसद षरिद गर्नालाई मोहर रुपिआ १० हजार आफना साथमा लि जानु— १

मोस्ताङ तरफका चौरि झोवा लुलु षचर गदाहा भेडा भारि वोकन्या जनावर गैन्ह जो जो पाइन्छ जजस्का छन् विल्कुल जादाजादै तायेदात गरि हामीले षोज्याका वेलामा पुऱ्यायेनौ भन्या ज्यू धनको षुसि गर्नु भन्या जजस्का जनावर छन् सवैका मुचुल्का लि राषि फागुणका १० दिन वांकीसम्म तिनहरूलाई आफ्नु वंद वेपार चलन् गर्न दिनु . विचविचमा तायेदात् गऱ्याका जनावर छन् कि छैनन् भनि आफुले वुझदै रहनु तायेदात् भयाका जनावर हर्गिज तलमाथि पर्न नपावस्— १

फागुनका १० दिन पछि आफुले तायेदात् गऱ्याका चौरी झोवा लुलु षचर गदाहा भेडा भारि वोकन्या जनावर गैन्ह कसैले दवाउन छपाउन नपाउन्या गरि ८।९ हजार मोस्ताङमा ज्मा गराई राषनु . ज्मा भयाका जनावरलाई घांस पनि जजस्का जनावर हुन् उनै उनैले षोजि षुवाउनु— १

षरिद गऱ्याका रसद झुगामा चलान नहुंज्याल ज्मा गरि राषनलाई थाकुठेनी ५ गाउं झारकोट मोस्ताङ छार्का तेस्तरफलाई झारा गरि मोस्ताङमा घर वनाउनलाई षरिद गऱ्याका रसद संभारसंग विग्रन नपाउन्या गरि राषन्या काम गर्नु— १

रसद गर्दा तनमनलाई ठाउं ठाउमा हुदा सिपाहि पठाई ज्मा भयाका जनावर गैन्हले वोकन सक्यासम्म पायाकरूको

सत्तु नपाया जौको सत्तु त्यो पनि नपाया चावल च्यूरा उवाफा पर येतिमा जोजो पाइन्छ सक्यासम्म झुगामा रह्याका पल्टन स्मेतलाई पुगोस् नभया श्री वरष पल्टन-लाई रसदको हर कट्न नहुन्ये . भगमगदुर गरि षरीद गर्नु— १

रसद षरिद गर्ने रुपिञा र पैसा र षरिद गन्याको रसद आफ्ना तालुक राषी आम्दानी षर्च वहिदारलाई लेषाउनु नौसिन्दा २ लाई आम्दानी षर्च र अरू जो परि आयाको काम गराउनु— १

वैशाष लाग्या संक्रान्तिका दिन झुगा पुग्न्या गरि श्री वरष पल्टन स्मेत लैजानु पर्न्या छ बाकि रह्याका पल्टनले गोलीगडा पत्थर जो चाहिन्या षर्ष जाना स्मेत ली फागुन नीगल्या तिमिसग मोस्ताङमा सामेल हुन आउला— १

षरिद भयाका रसद ज्मा भयाका जनावरलाई वोकाई श्री वरष पल्टन स्मेतले फलाना दिन मोस्ताङबाट झुगा जानु भन्या . श्री प्राइम मिनिष्टर यान दाज्यैज्यूका मर्जि वमोजिम लेषि आयापछि सो वमोजिम छिन भर विलम्व नगरि तत्पर भै ज्मा भयाका जनावर गैन्हलाई रसद वोकाई श्री वरष पल्टन स्मेत ली झुगा जानु . आहावाट लेषिन आइ अगावै नजानु रसद वोकन्या जनावर गैन्हको ज्याला मजुरी कदाचित् उजुर गन्यो भन्या मुस्ताङवाट नौ दिनमा झुगा पुग्दो रहेछ तेस हिसावले ज्याला मजुरी मुनासिव माफिक वन्दोवस्त गरि झुगा पुग्यापछि पाउला भनि रसद वोकाई लैजान्या काम गर्नु ,घास पनि माथि लेषिया वमोजिम गर्नु लदाउन्या वोरा र जस् जसका जनावर छन् नीजहरूका वोरामा वोकाई लैजान्या काम गर्नु– १

येस इझामा लेषिया वमोजिम काम गरि कदाचित् जंगि कामलाई अरू केहि चाहिन्या रहेछ भन्या तुरन्त लेषि पठाउनु र श्री प्राइम मिनिष्टर यान दाज्यैज्यूका हजुरमा विन्ति चन्हाई जवाफ आउन्या वित्तिकै लेषि आउला सो वमोजिम काम गर्नु– १

---

फागुण वदी १२ रोज ४

श्री प्राइम मिनिष्टरका हजुरमा कप्तान भैरववहादुर पांडे चतुर्भुजदत्त अर्ज्याल . सुवा धनसुन्दर सुवेदार अैमान षत्ले लेषि चन्हाई पठायाको ल्हासावाट आयाको चेटुङलाई स्मेत दस्षत पुग्नी मात्र ताहाका मानिस साथ लगाई रात सांझ गरी शिवरात्रीका वढाइमा आइ पुग्न्या गरी पठाई देउ वाटामा कौनै कुरामा तसदिया नहोस् भनि लेखि वक्स्याका दस्षत पुग्न्यै मात्र साषारौटे भन्या-देषि तल नआ वन्याका थर्पुमा चिटुङ पुगेछ चेटुंको दोभास्या २ हामीसंग आइपुग्या र दोभास्याले श्री मिनिष्टर साहेवका येसै तरफ सवारी हुन्छ भन्या सुनिछ चांडो गरि हामी जान्छु भनी दोभास्याले हामीलाई भन्यो र श्री प्राइम मिनिष्टर साहेववाट हामीलाई चिटुङ आई पुग्नी मात्र रस्ताको संभार ताकिती गरि मानिस साथ गरी चांडो गरी पठाउनु भन्या मर्जि छ भन्यौ र हामी चांडो गरि जान्छु भारी छ हामीमात्र पुगि पुग्दैन भारि पनि पुग्नु पर्छ भन्यो र अडा अडाका गाउंमा १ भारिका २ भारी गरि वोकाई रस्तामा षानालाई दोभास्याले भन्या वमोजिम चावल पाथि ।१।६ चिऊरा पाथि ५ दि सवै कुराको संभार ताकित गर्नु भनि हुदा १ सिपाहि ३ षटाई पठायाका छौं चेटुङको पनि हजुरका दर्शन गर्नाको वहुत ताकिति गर्छ आउदो आदित्यवार पुग्न्या तवर छ . ल्हासाको सिद्धिराज नाइक्या केरूगैमा छ . मुकाम टिमुन्या षासि शुभम्—

फागुण वदि १३ रोज ५ मा

श्री प्राइम मिनिष्टरका हजुरमा नाइक्या राम सुन्दरले लेषि चन्हाई पठायाको फागुण वदि ५ रोज ३ का दिन टिगरि पुगी ताल्वये र धापोसंग भेट गन्या मलाई भन्या चाडो जा भनि मर्जि भयाको छ . भन्यो ताल्वयेर धापोले भन्या . ल्हासामा अम्वासंग नसाधी हुदैन भनि राष्या फागुन वदि ७ रोज ६ का दिन तालोयेर धापोले फागुन वदि १३ रोज ४ का दिन ल्हासावाट स्याथ्याकाजि आयो जो हुन्या कुरा उनि आइ पुग्यापछी होला भन्यो धापो र भोट्याकाजिको षर्दारले नाइक्या सिद्धिराजको हातमा चिठी पनि चन्हाई पठायाको छ . ल्हासाको कुरा उनिलाई थाहा छ भंछन् प्रमाना चिठी वुझी लीयाको छैन शुभम्—

फागुण वदि १४ रोज ६ मा

ताहा पछि श्री प्राइम मिनिष्टरका हजुरमा श्री विगि-डियेर जनरल षड्ग वहादुर कुवर राणाजिवाट लेषि चन्हाई पठायाको रसद भन्याको रसिद पायेनौ भनि कोही कराउन आया र रसिद नदियाको ठहऱ्यो भन्या दोचन्दा जरिवाना होला . गोदाममा चावल नवुझी वरौ भन्या कित्यो रसिद गरि दियाको ठहऱ्यो भन्या हातकलम हुन्या छ . मनि रसद भन्या लेषन्याहरूलाई उँदि दिन्या काम गर भन्या र हाम्रा मुलुक तराईमा षेति गरि वस्छौ भनि स्वास्नी स्मेत ली जान्यालाई जान दिनु . येस्ताको राहदानि गर्न्या जिम्मा हालन्यालाई जरिवाना हुन्दैन भन्या अयेन भयाको छ . सो वमोजिम उँदिदिनु भनि लेषि वक्स्या वमोजिम रसद भर्न्या लेषन्यालाई गौडा गौडामा अमलाहरूलाई उँदिदिन्या काम गर्न्या सुषिमका राजाले आफ्ना राजी षुसीसंग घोडा चिजवीजका भारी पठाया भन्या. तैंले मानिस साथ गरि आहा पठाई दिन्या काम गर भनि मर्जि आया वमोजिम सुषिमवाट आया वमोजिम लामा २ ले घोडा २ र असुं भारि स्मेत ली आया र इनीहरूलाई सिपाहिका साथ लगाई फागुण वदि १२ रोज ४ मा आहावाट तेस्तरफ रवाना गरि पठाउन्या काम गऱ्या . ताहा आउन्या नआ पल्टनको नाउं श्री हिमालये ध्वज रह्यो . तेस पल्टनलाई पिपा १०० ज्मादार २ हवल्दार २ भर्ना गर्नु भन्या लेषिगया-को हो . पुराना पल्टनमा ५० जनामात्र ताहा गयाको हुनाले तेतिले पुग्दैन भनि तेस्माथि थप पिपा ज्मादार ३ हवल्दार ३ पिपा १५० थपि अघि लेषि गयाका स्मेत ज्मा पिपा ज्मादार ५ हवल्दार ५ पिपा २५० भर्ना गर्नु पऱ्यो सो वमोजिम भर्ना गर्नु भनि मर्जि आयाको सिर चन्हाआ. अघि पिपा ज्मादार २ हवल्दार २ पिपा १०० को ताकिति गऱ्याका थिआ . अव मर्जि वमोजिम फेरि जिल्ला जिल्लामा हुदा सिपाहि षटाई भोटे किराति प्रजाहरू झिकाई पिपा ज्मादार ५ हवल्दार ५ पिपा २५० भर्न्या गर्न्या काम गरूंला . श्री हिमालय ध्वज पल्टन पनि फागुनका १०।८ दिन जांदा आहावाट हिडछन् . ताहा डेरा छाउनीको तयारी पल्टन छ नयाँ ताहा पुग्यापछि सघाउनु सिकाउन भनि लेषि वक्स्या कार्य डेरा छाउनीलाइ पनि तयार गर्न लायाको छ . पल्टन आहा पुग्यापछि सघाई सिकाई तयार पनि गराउला म सिकार्जुं पुग्यापछि ताहावाट तैंले डिगर्चा हान्नु जान पऱ्या छ आफुलाई चाहीन्या रसद षजाना स्मेतको ताकिति गरि राषन्या काम वढीया होला पनि मर्जि आयो सिर चन्हाआ . रसद षजानाको वर वन्दोवस्त तरताकिति गरी राख्याको छ . हजुरको सवारी सिकारजुं पुगि मर्जि आया वमोजिम आहावाट मैले पनि आफुनाई चाहिन्या रसद षजाना गैन्हको तयार गरि फौज ली डिगर्चा हान्न जान्या काम गरूंला . सेषं सहर भन्याको षामको मुलुक हो कि ल्हासाको हो तेस्को तहकित गरि षवर लेषि पठाउन्या काम गर भनि लेषि वक्स्याका अर्थ . सेषें सहर भन्याको १ वलाङचुंदेषि ५।७ दिनको वाटो रहेछ . त्यो भन्या ल्हासाको हो भन्छन् . सवे सहर भन्याको १ ल्हासादेषि पुग्दा ४।५ दिनको वाटो छ भछन् . षामको राजा आफ्ना फौजलेली सेवे सहरमा आयाको छ भन्या षवर अघी वलाङचुंवाट लेषि पठाउदा हजुरमा पाया सुन्याको षवर विन्ति चन्हाई पठायाको हो अवर कुन चाहिं सेवे सहरमा त्यो राजा फौज ली वस्याको रहेछ. फेरी तहकित वुझि विन्ति चन्हाई पठाउन्या काम गरूंला . लंगुर पार चेवा गर्न जान्या मध्ये सो सांधदेषि ५।७ दिनको वाटो–सम्म पुगी चेवा चर्चा वुझी रसद वोकन्या जनावर जांची ल्यायाको र षैषवर ल्यायाको फर्द चन्हाई पठायाको छ . अरू चेवाहरू आई पुग्याको छैनन् . हाम्रा सिवाना भित्रका चौरी भेडाहरू वलाङचुङ तोपके गोलामा भन्या जाची मुचुल्का स्मेत आईपुग्यो हटीया च्यांटी तिर नान्याहरू अलिक दिन विराम हुन गयेछ र आई पुग्याको छैनन् २।४ दिनमा आई पुग्यापछि सवै जम्मा गरि चन्हाई पठाउला मैले डिगर्चा हान्न जान्दा रसदलाई ता जोपाईयाका चौरी भेडा षचरहरूलाई वोकाई वोकाई लैं जाउला ४ टोपको र २ हजार नालको षजाना असवाफ गैन्ह येति ३।४ सये पिपा षलासीले मात्रै उठाई सकन्या छैनन् वलाङचुंसम्मता दुनिआलाई वेगारीमा वोकाई पनि पुऱ्याउला ताहादेषि लंगुरपार लैजानालाई कस्ता पाठले यो षजाना असवाफ फौजसंग पुऱ्याउना हो हजुर-वाट तजवीज गरि येस माफिक गर्नु भन्या शिक्षा आया

मर्जि वमोजिम ताकिती गर्न्या काम गरूंला आहा आजसम्म षजाना तयार भयाको र रसद भरियाको चलान भयाको तेरीज चन्हाई पठायाको छ जाहेर होला ताकिति र वरावर भयाकै छ रसदका भारी रोजको हजार वान्हसै सम्म वरोवर चलान हुंदैछ . आहादेषि अरू षजाना तयार भयाको र रसद चलान भयाको पछि विन्ति चन्हाई पठाउला आहा रहन्या पल्टनलाई फिजवान पिछे १७ गडा तयार भयो अब वारूढ वाकि छैन . तहावाट श्री हिमालये ध्वज पल्टन आउदा नीज पल्टनलाई चाहिन्या षजाना असवाफ ताहीवाट पठाई वक्स्या वढीया होला श्री हिमालये ध्वज पल्टनलाई रैवन्दी वमोजिम १२ साल वैशाष वदि १ रोजदेषि मैह्लावारि दर्माहा वादि दिनु भनि मर्जि आयाका अर्थ येस किरातको ११ सालको तहसिल तैले गर्नु पर्दैन भन्या हजुरवाट अघी मलाई मर्जि भै पुराना कामदार षारेज हुंदा आजसम्म तहसिल भयाको छैन . साविक वमोजिम तहसिल गन्याको भया आजसम्म आधा असुल हुन्या थियो अवर कुन वेहोरासग तहसिल गरि वैशाषदेषी दर्माहा वाडन्या काम गरूला . येस वेहोरासंग मानिसको वन्दोवस्त गरि असुल तहसिल गर्नु भन्या सिक्ष्यार्ति मेहेर भै आया मर्जि वमोजिम वन्दोवस्त गर्न्या काम गरूंला शुभम्—

फागुन वदि १२ रोजसम्म असवाफ षजाना रसद गैन्हको हाजिरि तेरिज—

तपसिल

| | |
|---|---|
| विजैपुर गोदाम घरमा भरीयाको चावल मुरी | १४०००।.। |
| येमध्ये विजैपुरवाट चलान् भै आयाको धोका १७००० को दर . ।८। ताके चावल मुरी— | ६८००। |
| धनकुटावाट वलाङ तरफ चलान भयाको धोका १२००० के दर . ।८। ताके चावल मुरी— | ४८००।.।. |
| षजाना असवाफ तयारि— | |
| पिपा ८०० के कार्तोस गडा— | २६००० |
| पिपा ४०० के दर ३५ ले— | १४००० |
| पिपा ४०० के दर ३० ले— | १२००० |
| तोपका जंगी गोला— | १२००० |
| गिराफ— | १६०० |
| फुन्न्यागोला— | ४० |

छालाका तानावाना अरू फलाम काठ डोरी गैन्ह चाहिन्या सै सराजाम केहि तयार भयो केहि वनाउदै छन् जो चाहियाको तयार होला—

लंगुरपार चेवा वुझन जान्याले जांचवुझ चेवा गरि आया वमोजिम रसद वोकन्या जनावरको तायदात

उमा— २०७९४

असामि— चौरी घोडा भेडाच्या षचर गदाहा उमा

टेकन षलगा को काजि

| | चौरी | घोडा | भेडाच्या | षचर | गदाहा | उमा |
|---|---|---|---|---|---|---|
| रंतानको | ५४४ | ३० | २०० | २ | × | २५७६ |
| ऐ पूर्वमुकगाउंको | ७५ | १९ | ४९०० | १७ | १३ | ५०२४ |
| ऐ दक्षिनमुकलुंगाको | × | ८ | ३७०० | ८ | × | ३७१६ |
| ऐ आग्नयेलामागाउंअरूनपार | १३७ | ६ | १३०० | ८ | २८ | १४७९ |
| ऐ दक्षिन अरूनवारिमारीगाउं | ३२७ | ४२ | १०८० | ६३ | १० | १५२२ |
| ऐ पश्चिम सुंसुवाको ठानागाउं | ८३ | २३ | ४१०० | १० | ७४ | ४२९० |
| दोसाधनागिनको | ३३६ | १ | १८५० | × | × | २१८७ |
| | १५०२ | १२९ | १८९३० | १०८ | १२५ | २०७९४ |

## षवरको विस्तार

टेकन् षलंगा वस्न्या काजि २ ले आफ्ना अम्वल भित्रका रैयतलाई र घोडा सवै सामेल गरि ल्याउनु भनि पूर्जि लेषि ढेवा मझियालाई लिन पठाया ताकिति वरावर गर्छ फौज पनि ज्मा गर्दछ रयेतहरू भन्या जाह्रावाट रसदे लगुर पार लैजान वंद गरि दिदा सान्है हडवडाया छन् चांडै गोर्षा आया हामितो गोर्षालाई मान्न्याछौ भन्या कुरा गर्छन् लासाको काजि भन्या अघि अघि पनि घा वन्दोवस्त गर्न्या जान्या पुराना पाका वुढाहरू लि आफ्ना फौज समेत नेपाल तरफ गयो भंछन् भन्या षवर आयो र त्यो टेकन षलंगाको काजि भन्याको वेपारी वस्याको रहेछ सिपाहि भन्या ४०।५० जवान रहंथ्या यस्तालो आफ्ना रयेतहरू-लाई सामेल हुन पर्छ भनि झाराको उर्दि दियाको रहेछ . तर आजकाल जाहावाट रसद घ्यु तेल गंन्हु वंध गर्दा सान्है हडवढाया जस्तो भै रहेछ भन्छन् शुभम्—

## फागुण वदि ३० रोज ६ मा

गोर्षा सर्कारवाट ल्हासाका टुंतारिन अम्वालाई लेषिगया-को उप्रान्त हामि माथि भोटले अघिदेषि वारंवार विजाइ विद्दत गन्याको सवै कुराका विस्तारको श्री ५ वादसाह-का हजुरमा अर्जि र आफुहरूलाई चिठी लेषि चन्हाई पठायाको हो आफुहरूवाट ताहा आफु वाङको चित्त वुझ्न्या गरि लेषि पठाउंला भन्या कुरा लेषि आउंदा वाटो हेरि रह्याका थिञ्यू अहिले यो साल पौष मैन्हामा हाम्रा अठार सय षोलाको कुटां भन्याका गाउंमा वस्न्या भोट्याहरूले दोसाँधदेषि उंभो भोटका मुलुक साषा ढेवाका जगामा अघिका पूर्वदेषि हम्रा मुलुकका कुटों भोटका सामा गाउल्याले मोहर रु ३७ ॥ लोहो गाउल्याले मोहर रु २० ज्मा मोहरु ५७॥ सालवसाल षर्तरितिरि चौरीको गोठ राष्याको थियो भोटको मुलुक झुगा तर्फवाट घोडा चढन्या सवारजना ११ पैंडल मानिस जना १४ ज्मा जना २५ गोठमा आई गोठ हेर्न जान्या गोठको मालिकहरूलाई मालीक ठुलो येहि हो मार्नुपर्छ भनि देषाई च्यापसाले काटि मान्याको १ उस्का साथका जना ३ ज्मा जना ४ मारिया च्यापसाका चोट लाग्याका घाइत्या जना ८ जना ४ लाई दिउसो भारि वोकाई रातमा वांधि राषि चार दिनको वाटो झुगातर्फ लगी छाडिदियाछन् र फर्कि आयो भन्या विस्तार हाम्रा अठार सय षोलाका द्वान्या अम्वरसि थापाले मन्याका घाईत्या भयाका चौरि मालमत्ता लुटि-याका तपसिलको फर्द स्मेत लेषि विन्ति गरि पठायो र सो तपसिल लेषियाको फर्द १ चह्राई पठायाको छ . जहिर होला हामि अघिदेषि श्री ५ वादसाहका सरण पिछ्यापारि श्री ५ वादशाहका हुकुम र आफुहरूका अर्ति सिक्षा वमोजिम मानि रह्याका हुनाले अघि अघि भोटवाट विजाइ विदुत जवरजस्ति गन्याका सवै कुराको विस्तार ताहा आफुहरू छेउ विन्ति गरि पठायाको हो . उस कुराको आफुहरूवाट अर्ति सिक्षा आया वमोजिम गर्नु पर्न्या छ . भनि फागुन महिनामा फौज पठाउछौ भनि विन्ति गरि पठायाको थियो . तापनि हामिले फौज पठायाको थियेन अवर फेरि पनि आफुहरूको अयन मानि हाम्रा रैयतहरूका ज्यूधनमाथि यस्तो विजाई जवरजस्ति भोटले गन्यापछि हामीले सहन सकेनौ र भोटसंग चढाई गर्ना निमित्त फौज विदा गन्यौ श्री ५ वादशावका हकमा र आंखाले पनि हेर्न सकतौन हात जोरिनुह्याका छौं . भोटले यो विजाई विद्दत जवरजस्ति लुटपिट गन्या-को मानिस मान्याको सवै विस्तार आफुहरू छेउ जाहेर गर्न्या हो . भन्ना निमित्त विन्ति गरि पठायाको हो . भोटका रैयत आफना षुसिले नेपालका मुलुकमा वस्न आउथ्या . नेपाल रैयत आफ्ना षुसिले भोटमा वस्न जानथ्या कैले रोकटोक हुंदैनथ्यो आज अघिको रित छोडी केरूंवाट आफ्ना षुसिराजिले आफ्ना स्वास्नि छोराछोरी स्मेत आफ्नु जो भयाको आलमाल स्मेत ली हाम्रा मुलुकमा आउन्या केरूंगाउंको उजिकुंगो भन्याको भोट्यालाई केरूंका ढेवाले नेपाल मुलुकमा वसै गयो भनि थाहापाई भरिसक्य पक्रि ल्याउनु पक्रन सकिन भन्या हातखुट्टा भांच्ि भागि ल्याउनु भनि पठायाका ४ जना भोट्याले हाम्रा मुलुक नेपाल सहरदेषि १० कोश नगिच त्रिशूल गंगाका साघुसम्म आई उजिकुङगालाई पक्री कुटपिट गर्दा हाम्रा ढेवा षाम्साङ वाङदिले फेलापारि पक्रि-ति आफ्ना षुसि राजिले सवै आयाकालाई कुटपिट गरि पक्रि लैजान्या रित छैन . पक्रि लैजानु हुन्दैन भनि सवें आउन्या जुजिकुडगा भोट्यालाई हाम्रो मुलुक षानसै

षोलामा राषि छाड्याको छ . अघिको रित नाघि येस्मा विद्रने गन्याका कुरा काहासम्म विन्ति गरि पठाउ सर्वं कुरा आफुहरूलाई जाहेरै छ दोसाधदेषि उभो भोटको साष्या ढेवाका जगामा षर्चरि रुपिञा तिरि अघीदेषि हाम्रा रैयतहरूका चौरी गोठ रहन्थ्या आजसम्म यस्तो गरि चौरी लुटि मानिसहरू मारियाका कहिले थियेनन् . भोटले यस्तो विजाइ विद्रत गरि लुटपिट गऱ्यापछि जस्ता गरि ज्याज्या भोटवाट लुट्याका छन् उस्तै गरि हामीले पनि गर्नु पऱ्यो . हाम्रा वोल वितिको वाटो अघि पनि ल्हासामा वस्न्या अम्वाहरू हुन् आज पनि आफुहरू हुनुहुछ तस्तै विचमा अठार सय षोलाका अम्वलमध्ये कुटां भोटमा वस्न्या भोट्याहरूले दोसांधदेषि उभोका साषा ढेवाका जगामा पुदापु भोट्यालाई परापूर्वदेषि सोहि कुटांङ भोटका साझा गाउल्याले मोहर रु ३७।। लोहो गाउल्याले मोहर रू २० ज्मा मोहर रू ५७।। साल वसाल षर्तरि तिरि चौरीको गोठ राष्याको ठाउंमा यस सालका पौष महिनामा घोडा चढन्या सवार ११ पैदलवार जना १४ ज्मा जना २५ आइ गोठमा वस्न्या गोठालालाई काटी वांधी लुटि लग्याका मालमत्ता र चौरि घाइत्या भयाका र मऱ्याका मानिस स्मेत वमोजिम तपसिल—

तपसिल

| | |
|---|---|
| गोठका मालिकहरूलाई मालिक ठुलो यहि हो मार्नुपर्छ भन्दा च्यापसाले काटि मार्याको— | १ |
| येसैका साथका काटियाका जना— | ३ |
| च्यापसा काट्या लाग्याका जना— | ८ |
| दिउसो भारि वोकाई राति वांधी ४ दिनको वाटो झुगा तर्फ लगी छोडिदियाको जना— | ४ |
| चौरि लुटियाको ज्मा गोटा— | ६०३ |
| सामा गाउल्याको— | २३० |
| लोह गाउल्याको— | ३५३ |
| नामरूक गाउल्याको— | २० |

सामा गाउल्याको माल लुटियाको—

| | |
|---|---|
| अन्नको भारि— | ५५ |
| चौरिवाधन्या डोरि गोटा— | ५ |
| चौरिका काठि गोटा— | ५५ |
| चौरिका पीठमा रोपन्या पाषी— | ५५ |
| भारि वाधन्या डोरि— | ५५ |
| पाषि— | २ |
| तावाको झागा— | १ |
| घ्यु धार्नी— | १५ |
| मुगादाना— | १२ |
| मोहर रु ५ का चांदिकाको— | १ |
| चुपि— | १ |
| पाल— | १ |
| वषु १ तारावषु १ सेतो वषु ३ कालो वषु १ ज्मा— | ६ |
| मुगा पुलीक लाग्याको माला— | १ |
| मोहर रु १५।। को कानमा लायाको यु— | १ |
| मोहर रु १ को फुल— | १ |
| गोठाला ५ जनाले षान्या ७ महिनाको षर्च सामल स्मेत— | |

लोह गाउल्याको आलमाल लुटियाको—

| | |
|---|---|
| अन्नको भारि— | ८ |
| घ्यु धार्नि— | ४ |
| चियाफुरू— | ३ |
| वन्दुक— | २ |
| तरोवार— | ३ |
| पाषी— | ३ |
| हरियो तम्वुको २ तारावषु १ सेतोवषु ३ नम्चुका १ झेङतावषु १ रातो १ ज्मा वषु गोटा— | १० |
| मुगायु पुलिक लाग्याको लामुमाला २ छोटोमाला २ ज्मा माला— | ४ |
| मोहर रु १३।। को कानमा लायाको यु १ मुगा १ ज्मा— | २ |
| मोहर रु ६ पऱ्याको फलामको पटुका— | १ |
| मोहर रु २।। पऱ्याको भोट्या चकमक— | १ |
| विडमा चादि लाग्याको फुरू— | २ |
| मोहर रु ११।। पऱ्याको मुगायु पुलिक लाग्याको भोट्या चकमक— | १ |
| ठुलो ल्यु १ पाल १ ज्मा— | २ |
| पितल्या कसौडि २ फलामा कसौडि १ वधान १ फलाम्या डाडु २ ज्मा थान— | ६ |
| रातीकालो धागो मोहरु— | २।। |

| | |
|---|---|
| नआ पटुका– | १ |
| मोहरु १२।। को मुगाको माला– | १ |
| मोहरु १० को यु गोटा– | ५ |

हस्तिहाडको अंगुठि १ ठुलोपाल १ थापका ६ फलाम्या षील ६ पितल्या राक्सा १ फलाम्या तापक्या १ पितल्या थाल १ चौरि वाधन्या डोरि २ रित्ता थैला २ ज्मा– २१

| | |
|---|---|
| मोहरु ६ को यु १ मुगादाना ११ पुलिक १ ज्मा– | १३ |
| रातो दोर्मा १ पितल्या राक्सा १ नआ पटुका १ ज्मा– | ३ |
| चादिको वुट्टि– | १ |
| चुपि– | १ |
| मोहरु– | ३७ |

---

जङ्को काम उद्योग हुंदा निसान सहर काठमाडौका कोतमा राषि फौज षजाना हिडायाको सायेत १९११ साल फागुणका दिन १५ जांदा फागुन सुदि ९ रोज १ मा—

दिनगत घटि ५ पला १५ जांदा सवै पल्टनको निसान कोतमा राष्याको सायेत– १

दिनगत घटि ५ पला ११ जांदा केरूं कुतितिर फतोप हिडायाको सायेत– १

फागुण सुदी १ रोज ७ मा

---

ताहापछि श्री प्राइम मिनिष्टरका हजुरमा मेजर कपतान सताराम षत्रीले चन्हाई पठायाको फागुण वदि ३० रोज ६ का दिन घडी ३ वाकिमा काभ्यू पुन्यायां आज घडि ५ वाकिमा रामच्या पुन्याजा. ल्हासावाट छ्या वन्दोवस्त गर्न भनि राजा लामाचा र काजि पठायाका ल्हासाको ढेवा चिठी सौगात ली आयाको रहेछ भनि मैले वुझी हेर्दा आहावाट ल्हासामा लेषि गयाका चिठीको उत्तर र लडाञी नहोस् भन्या पाठको विन्ति चढाउन्या तवरसंग आयाको रहेछ सोलुषुम्वुमा हाम्रो रयेत मान्यां धोर्जे भन्या भोटेलाई पक्रि टिंगरिवाट ल्हासातिर यहि ढेवाले पठायेछ. झुगाका ढेवालाई पनि गोर्षाका वेपारिसंग जनहि मोहर कस्का हुकुमले षाइस भनि पत्री ल्हासातिर रवाना गरि आयेछ. केरूंका ढेवालाई पनि अघि १।। फुरू चावल लियाकामा आज ३ फुरू चावल कसका हुकुमले लिइस भनि पत्री ल्हासातिर रवाना गन्याका १० दिन भयेछ. इ विद्रुत गन्या सवैलाई हजुरका जो मर्जि होला सो सजाय गरूला भन्या कुरा गथ्यौं ल्हासामा नेवार मान्या-को कुराको जवाफ अघि नेवारले षम्वालि २ भोट्यालाई मार्दा षम्वालीले १ नेवार मान्या फेरी नेवारले २ षम्वा-लि मान्या भन्या वेहोराको विन्ति चन्हाउन्या तवर रहेछ. सवै यस्तो कुराको विन्ति चन्हाई लडाञीमा कुप गराउनु उति गर्दै पनि हजुरवाट मानि वक्सनु भयेन भन्या. याहा लाग्याको षर्च रुपिञा सुन चादि दी लडाञीमा कुप गराउन भन्या तवर सित यो ढेवा घोडा ३ छालाले मोन्ह्याका भारी ७ सौगात ली हजुरमा आया-को रहेछ. मैले वुझ्दा जान्या सुन्याको कुरा हजुरमा विन्ति चन्हाई पठायाको हो. मुकाम रामच्या शुभम्—

फागुण शुदि १ रोज ७ मा

---

श्री प्राइम मिनिष्टरका हजुरमा कर्णेल डिल्लीसिंह वस्न्यातले चन्हाई पठायाको हेटौडामा चावल वेमाष भयो. गोदाममा वढाई कुटाई गन्याको धुलो मिसियाको वेकम्वा चावल निकना निफिन् गरि यति छन् भनि भरि पर्सि विन्ति चन्हाई पठाउला. भिक्षाषोरी वडी वासमा विर्ता-वालहरूका चावल मुरी सये तिन येक छन्. ति चावल हेटौडासम्म वोकि ल्याया भन्या तिनै चावल पिपाहरूलाई सामल दिनु भनि मेजर कप्तान महारुद्री षत्री दलजित विष्टलाई अन्हाइ दिञा आजमोरंका चट्टी ३२५ र धर्मनारान मार्फत आयाको पाल २६ हातिमा लादि भिफेदि दाषिल भयो. धर्मनारान् मार्फत आयाको फलाम थान ५०० गाडा ५ मा लसइ भैस्यामा दाषिल भयो काजि सम्सेरजङ्ग षत्री मार्फत भडरुवावाट आउन्या तोपका तयारी गोला हेटौडा देषि भिफेदिसम्म हातिमा वोकाउ-न्या होकि उतातिरसम्म लिन पठाउन्या हो. भडरुवादेषि भैस्यासम्म ता गाडामा आउंछ येस कुराको षुलस्त आया. सोहि माफिक मेजर कपतानहरूलाई अह्राउदा हु हातिसारमा पनि उर्दि दिदा हु. येति २।३ दिनमा अन्हाउन्या कुरो अन्हाई फागुनका ११ दिन जांदा आहा-वाट कुच भै हजुरका पाउको दर्शन गर्नु हाजिर हुन्या छु. मुकाम हेटौडा शुभम्—

### फागुन शुदि १ रोज ७ मा

श्री प्राइम मिनिष्टरका हजुरमा सर्दार सर्वजित थापाले चऱ्हाई पठायाको जंगि कामको रसदका भारी ल्याउंदा वोर्लाङको साघुवाट लैजानु हुन्दैन डुंगातरि जानु भनि वोर्लाङको साघु थुन्याको छ भन्या आहा सुनियो तसअर्थ त्यो साघुको वाटो षोलनु भनि मंसिरमा दस्षत गयामा नामानि येस्तो जंगि काम पर्दा भयाको साघु थुन्या वहुत वेमुनासिव ठहर्छ. यो साघु काजि सेरजङ थापाले थुन्याको रहेछ. भन्या सर्दार सर्वजित थापाले काजिलाई २० रुपिआ जरिवाना गरि आहा पठाई देउ सर्दार सर्वजित थापाले थुन्याको रहेछ भन्या काजिले सर्दारलाई २० रुपिआ जरिवाना गरि आहा पठाई देउ यो जरिवानाका रुपैआ नपठाया र त्यो भाघुको वाटा तिमीहरूले नषोल्या पाँच पाँच सये रुपिया जरीवाना होला भन्या चेतंन्येको अर्ति सिक्ष्या भै आयाका अर्थलाई दुई दस्षत आयाथ्या. दस्षतमा लेषियाको थियेन. छोरावाट फ्रलाम्या साघु पनि षोलि दिनु पर्ला भनि वडा कपतान सनकसि षत्रीवाट भन्नु भयाको छ. साघु पनि षोलि दिनु पर्ला भन्या आयो र अघि पछिका जस्तो वन्द हुन्या त होइन अैले रसद चल्याको वेला छ. षुला रहनु पर्न्या हो तैपनि कसो छ भनि मानिस पठाउनाको अठोट गर्न लाग्याको वेलामा पालपालिहरू रसद लि आउन्याहरू झोलंगैवाट तरीगया झोलगौ पुलैछक्या र भन्या षवर सुनियो र यो साल वंदहुनु पर्न्या होइन षुल्याको भया वेस भये छ भनि मानिस पठाइन. पछि चौकिले वंद गऱ्या छन् आहा चांडो षवर आयन अलिक दिन वंद हुन गयेछ. पछि साघु त वंद भयछ. भन्या षवर पाया र कटुवाललाई पठाई साघु षोलन लाइदिआ. त्यो साघु मैले थुन्याको पनि होइन काजिले थुन्याको पनि होइन. थुन्याको जगातिहरूले रहेछ. पालपालिले रसद वोकि साघुवाट तरि गयापछि साघुवाट जानु हुन्दैन भनिक्यान थुन्याको हो भनि माझिसित सोद्धा माझिले लेषि दियाको कागज चऱ्हाई पठायाको छ. नजर भै जाहेर होला. आहा भयाको वैहोराको विन्ति हजुरमा जाहेर गरि पठायाको छ. मलाई जरिवाना लाग्न्या हो तापनि लाग्न्या होइन तापनि हजुरका तजविजमा जो ठहर्छ

मुकाम गोर्षा—

### जमान वंदिका नकल

लिखितम् वोर्लाङ घाटका मीझार रघुवीर माझी आगे. यही घाटको फलामको साघु हुदा ८८ सालमा श्री ५ सर्कारमा विन्ति पर्दा हिउदोमा साघु वन्द गर्नु वर्षामा षुलागर्नु भन्या लालमोहर भयाको थीयो. येस्तै रितले साल वसाल हिउदोमा त्यो साघु वंद गर्थ्यु. वर्षामा षुला गर्थ्यु. यो साल पनि हिउदमा वंध गऱ्याको थियो. पालपालि रसद पुऱ्याउनाहरूले त्यो साघु षोलि तऱ्या छन्. तेस्तै वेलामा यही घाटको जगाति विसमानसींको छोरा जित्मान भन्याको नेवारले त्यो साघु पनि चलन्या. यो घाट पनि चलन्या जगा पनि चलन्या जुन जांदा मैले यो कसो गरि उठाउन्या हो. ये काजीयेले ३ ठाउं कसो गरि कुर्न्या हो. तिमी धटुवार मिझारका नाउको सहीसाच पनि देउं चौकिको सहीसाच पनि देउ. हाम्रो जगातको सही साच समेत तिनै गोटा सनद ली गै त्यो षोलिया को साघु मथुन्छु भनि भन्दा त्यो षोलियाको साघु थुन भनि भन्न भन्या म सक्तीन. थुन्या नथुन्या तिमी जान हाम्रो सहीसाच भन्या यही हो. भनि मोहर दिआथ्यु सोही वमोजिम आफ्नु सनद चौकिदार पनि दिया र. हामिसितका सनद लगि. त्यो साघु तेही जगाति विस्मान नेवारको छोरा जित्मान नेवारले थुन्याको हो ह आमुनासीवले थुन्याको होइन. हामिसित तगेदा गरि मोहर मागि ली नीज जीत्मान नेवारले थुन्याको हो. यो कुरा होइन भनि तेस्ले भन्यो भन्या. तेस जित्मानलाई म कायेल गरूंला भनि मेरो मनोमान् राजि षुसिले जमान वंदी लेषि दिआं इति सम्वत् १९११ साल मिति फागुन वदी १४ रोज ५ शुभम्—

### फागुन शुदी ३ रोज २ मा

श्री प्राइम मिनिष्टरवाट श्री जनरल वद्री नर्सिह कुवर राणाजीलाई लेषि गयाको. लेषिया वमोजिम सुवा वीर भंजन् माझीका कारिन्दाहरूलाई डाकन पठाई सुनाई अव उप्रान्त येस्तो काम नगर्नु भनि हपकाई रुपिआ लिन्या वन्दोवस्त गरि वहाका रुपिआका कुरा मानीजसुवा

कारिन्दाका मुचुल्का समेत नीज सुवालाई मेजर जनरल कृस्न ध्वज कुंवर राणाजिले लेष्याको चिठी पठाउन्या काम वढीया गऱ्याछौं जवान वदीकानकलले र चिठीले सवै विस्तार वुझीयो . वांकि नपुग्याका १४० पीपाका कुरालाई श्री वरष पल्टनका १२० र श्री सम्सेर जंगका निसानको टहलुवा १ वांकि राषि अरू पिपा षलासि सवै ज्मा गर्दा जति ठहर्छ तेतिलाई पल्टनका संगमा षटाई पठाउन वढता भर्नागर्नु पर्दैन . कपतान अम्वरसिं कुवर राणाजिका जीम्मा सिलषाना र वारूद षानाको असवाफ रह्याको थीयो . नीज कपतानका जिम्मा जान्या भन्या . मजकुरमा रफत रह्याका पिपा ज्मादार २ र नर्कमि सार्कि कामि सिर्कमि स्मेतलाई पल्टन आदामासंग पठाउन्या होकि भनि लेष्याका कुरालाई जाहावाट लेषिगया वमोजिम कप्तान अम्वरसिं कुवर राणाजिलाई फागुन लागन्या संक्रान्तिका भोलिपल्ट श्री वरषको ज्मादार हुदा स्मेत येक पट्टि सिपाही र येक वहीदार २ नौसिंदा साथ गरि अह्राउन्या कुरा अह्राई पठाउंन्या काम आजसम्म गर्न्या हो चाडो गरि जानु भनि लेषि पठाउना काम गर . नौसिन्दा २ का तलवका कुरालाई रसदका हुंदिको कागज पुगे छ. वढीया भयो तेही रसद षरीदका रुपिञा मध्ये नौसिन्दा जना २ लाई मैह्लावारि दर्माहा दिन्या काम गर्नु . जाहावाट पठायाको सिपाहि झीकिन्या सनद पुगनोमाल जगा जगामा नकल र हुदा सिपाहि षटाउन्या काम वढीया भये छ . लेषिगया वमोजिम चाडो भर्ना गर्न्या काम गर्नु भर्ना भै सकियाका पट्टीलाई प्यूठाना पठाई वंदुक ली अघि लेषिया वमोजिम जाहा पठाउन्या काम गर्न्यैं छौ . छोराहरूलाई रोलमा दर्जा वढ्याका कुराको भेट सुनाका रुपैञा २ आईपुग्यो सुवेदास वषत वहादुरका कुरालाई श्री वरष पल्टन काममा जांदा येक मेजा होला भनि सिक्ष्या वक्स्या वमोजिम म संगै मानिस कोही छैनन् . मेहरमानगि गरि तेस्लाई यही राषि वक्स्या वढीया होला भनि लेष्याका कुरालाई जंगि काममा पल्टन षटिन्दा पल्टनका सुवेदारलाई थामनु मुनासिव पर्दैन . तिम्रा चित्तमा ताहा नराषि भयन भन्या तिन्का षान्गिमा अर्को सुवेदार भर्ना गरि पल्टनका संगमा पठाई दिन्या काम गर . शुभम्—

### फागुन शुदि ५ रोज ४ का दिन

ल्हासाका सेठा काजि मार्फत वकिल भै घा वन्दोवस्त गर्नु भनि आउन्या चेटुङ नामग्यार . इनैका साथमा आउन्या भोट्याहरू र केरूंका ढेवा षाम्सा मुताम्दी स्मेत थापाथली आइ श्री प्राइम मिनिष्टर साहेवका हजुरमा विन्ति गोचर गऱ्याको—

### फागुण शुदि ८ रोज ७ मा

ताहा पछि श्री प्राइम मिनिष्टरवाट साहु धर्मनारानल ई लेषिगयाको हजुरवाट मलाई मर्जि भयाको वोराका थैली ३ लाष मध्ये २८१ हजार भिक्ष्याषोरि दाषिल भयो मेरा चित्तलेता फेरि टाटको थैला ६० हजार भया पुग्ला भन्या झैं लाग्छ . भनि लेष्याका कुरालाई ३८१०० थैला पठाई छस् आइपुग्ला . फेरी टाटको थैला ६० हजार भया पुग्ला वढीया तजवीज गरी विन्ति गरि पठाइ छस् तेहि वमोजिम ६० हजार पठाउनु वढता पठाउनु पर्दैन पालका षावा १३२५ जाहावाट तयार गरि ल्याउनु भन्या श्री ५ सर्कारको नोक्सान पर्ला नुवाकोटतिर वांस कटाई तयार गर्नलाई वक्स्या किफायत होला कि भन्या झैं लाग्छ भनि लेष्याका कुरालाई पालका षावा १३२५ ताहा षरिद गरि ल्याउनु पर्दैन · येही तयार गर्न्या काम गरियेला कलकत्तावाट आयाको अर्गनूवाजा संभारसंग ल्याउनु भनि जाहावाट सुवेदार रणकेशर षत्रीलाई ताहा पठायाको छ , तेसलाई पानिमुसो घाम ठकर वषाई सह्यार सभार गरि लैजानु भनि अह्राई पठाई दिन्या कामगर्नु मेजर कपतान् लालसिं षत्रीले षरिद गरि जाहा जमाहा लि पटना आईपुग्याका असवाफ उठाई जाहा पठाउनालाई चाहिन्या भरिया गाडाको तैले ज्याला मजुरी दी वन्दोवन्त वाधि सुवेदार मर्नुसिलाई असवाफ कासंगमा सह्यार सभार गरि लैजान भनि वेसगरि अह्राई सिकाई जाहा पठाई दिन्या काम गर शुभम्—

### ४५) फागुन सुदि ९ रोज १ मा

तेस्तै वषतमा फागुनका १५ दिन जांदा जंगका काम उद्योग हुदा निसान सहरका काठमाडौं कोतमा राषि फौज षजाना हिडायाको सायेत—

दिनगत घटि ५ पला १५ जांदा सर्व पल्टनको निसान कोतमा राष्या— १

दिनगत घटि ५ पला ११ जांदा केरू कुति तरफ तोप हिडायाको— १

ताहा पछि श्री प्राइम मिनिष्टरका हजुरमा मेजर कप्तान जवर कार्किले चऱ्हाई पठायाको अघि डाङ सल्ल्यानमा १०।११ वजारको रसद तयार गर्नु भनि दस्षत भैं आउंदा म सल्ल्यानवाट हिड्याका १० दिन पछि वाटामा आइपुग्यो रसदको वन्दोवस्त गर्नु भनि कारवाही पठाया . जाहा आई श्री मेजर जनरल साहेवका हजुरमा विन्ति गर्दा ११ हजार रुपिआको तनुषाह गरी वक्सनु भयाको अवत ११ हजार पनि जगावाट झीकाउन्या रसदको वन्दो वस्त गरि हुमलामध्ये सिमकोट भुचु पुऱ्याई वक्सनु भयो . हामि जाहा सामेल भआका कपनि जो छ नआ पुरानीआ र हामी समेत राषी भरमारको हात र तारो हान्न आफु वस्नु भै सिकाई वक्सनु हुंछ . सिपाहि पनि धेरै तयार भयो रसद कंपनि षरषजाना आफुलाई चाहिन्या कुराको हामिलाई पनि अऱ्हाई वक्सनु हुंछ . आफुवाट पनि हुसियारि गर्नु हुनु हुन्छ . अवर चैत वैशाषदेषि त डाडो-नाका घाटको हिउंपनि विलाउला हजुरका मर्जि आई पुग्नीमात हामी डाडो काट्न्या काम गर्छौं शुभम्—

फागुन सुदी ९ रोज १ मा

श्री प्राइम मिनिष्टरका हजुरमा कपतान भैरव वहादुर पाडे प्रोहित चतुर्भुज दत्त अर्ज्याल सुवा धनसुन्दर सुवेदार श्रीमान षतृहरूले चऱ्हाई पठायाको फाल्गुनका २३ दिन जांदा येतावाट रमाना भै चैत लागन्या संक्रान्तिका दिन टिमुऱ्या आइ पुग्न्या काम गरि पल्हालम्वर श्री मिनिष्टर जनरल माहिला साहेव र भैरवनाथ जंगनाथ गोरखनाथ पल्टन ३ टोप ८ मैलाजिमा समेत ताहा पुग्न्या छन् ताहा तिमीहरूले रसदको र पल्टन वस्न्या छाउनी थर्पुको कोचा ओ तजविज मिलाई राषन्या कामगर्नु भनि लेषि वक्स्याका अर्थ जाहाका काजलाई आयाका कोत्या धर्मराज थापा जरहर गुरूं षलासि पट्टि १३ आयाका हुन् . टिमुऱ्यामा रसद घर षरका छाना चित्राका वार . काठका टाला लाग्याका १३ तयार गरी पछि जांछु भन्या टिमुऱ्यामा रसद राषनु भन्या मर्जी छ . रसद घर पुग्दैनन् भनि हामीले भन्दा षलासि तेसै तरफ हिडायाछन् र २ कोत्या पनि तेसै तरफ हिड्या . सोहि विस्तारको विन्ति अर्जि श्री कम्पाडर जनरल कृष्ण वहादुर कुवर राणाजि साहेवलाई चऱ्हाई पठाउदा इनैको त्याषला सिलाई टिमुऱ्या गोदामका काजमा जानु भन्या मर्जि आये छ र फागुन सुदि २ रोज १ मा आइपुग्यो कोत्या षलासिको हाजिरीको टिप चऱ्हाई पठायाको छ . मुलुकवाट रसद दफाका दफा गरि वरोवर रसद चलन लागि रहेछ . रसद ल्याउना र रसद भर्न्या र रसिद गर्नु पर्न्या . दुनियाको भिड भाड १०।१२ हजार छन् . हामी र अघि जाहाका मुखीया २ नौसिन्दा २० फागुन सुदि २ रोज १ मा थप भै आयाको नौसिन्दा जना १२ ज्मा नौसिन्दा ३२ ले रातदिन भरमगदुर गर्दा पनि भराउन रसिद गराउन भ्याइ सकदैन रसद जो वन्याका रसदले भरी यो टिमुऱ्याको भोट्याका घर पनि रफु गरि हुन्यासम्मका घर रसदले भरियो २ कोत्याले षतडा गर्दा २६।२७ दिन षलासिको काम जाहा षालि गरी दिदा रसद राषन्या ढुकुति हर्कत छ . आईपुग्याको कोत्या षलासिलाई वरोवर रसद घर तयार गर्न लायाका छौ . रसद तयारी छ . पल्टन ३ का छाउनीजाई र सर्व भ्याउन काजले कठिन पऱ्यो . पल्टनलाई वस्न्या जगा सांगुरो छ. जो मर्जि मुकाम टिमुऱ्या गोदाम शुभम्—

फागुण सुदि ११ रोज ३ मा

येति भयापछि ल्हासावाट घां वन्दोवस्त गर्न भनि आउन्या चेटुङ नामग्याल कुरा नमिलि फर्कि जांदा जगा जगालाई लेषिगयाका दस्षतको वेहोरा आगे जुमला तरफ गैन्ह मुहुदा मुहुदामा वस्न्या श्री कम्याण्डर इन चीफ जनरल लेफटेन् जनरल मेजर विगिडीयेर जनरल कम्याण्डर कर्णेल लेफटेन् कर्णेल विगिडीयेर मेजर कपतान काजि कपतान सर्दार लेफटेन् षर्दार इन्सायेन सुवेदार राइटर अजिटन् कोत्या ज्मादार सार्ज नलेन् हवल्दार वहिदार निसान हवल्दार अमल्दार पिउट् गोलंदाज सिपाहि पिपा षलाषि जगिनि जामति गैन्हके येथोचित् उप्रान्त ल्हासावाट

आउन्या चेटुङ नामग्याल जाहावाट विदा भै आफना साथका मानिस स्मेत ली आयाको छ . येसलाई सरासर जान देउ अरू ल्हासा डिगर्चा भोट तरफवाट चिठीपत्न लीजाहा भेट गर्न आउन्या र ताहा तिमीहरूसंग भेट गर्न आउन्याहरूले सेतो धोजा घुमाई आउन्या वकिल हुन् . तिनिहरूलाई वन्दुक तिर कमान भालावर्छा वाहेक च्यापस ली आउन्याहरूमा २५।३० जनासम्म आउनदिनु येस्ता रितसंग आउन्यालाई फौजमा जसले हतियार चलाई काटौला भारौला कुटौला पाता फर्काउला असवाफ गैन्ह लुटौला . तेस्ता मानिस जंगि अैन वमोजिम काटीयेला ति सेतो ध्वजा लि आउन्याहरूलाई षातिर तसल्लह गरी जाहा आउन भनि आयाकालाई चाहिन्या कुराको वन्दोवन्त गरि जाहा पठाइदिनु ताहा तिमीहरूसंग आउन्यालाई षातिर तसल्लह गरी उनहरूले गन्याका कुराको मुनासिव जवाफ दि विदा गरि पठाई दिनु शुभम—

आगे धनकुटा तरफ गैन्ह मुहुदा मुहुदामा वस्न्या के वेहोरा सदर—

आगे मोस्ताङ तरफ गैन्ह मुहुदा मुहुदामा वस्न्या के वेहोरा सदर—

आगे षुवु तरफ मुहुदा मुहुदामा वस्न्या के वेहोरा सदर—

आगे कुति तरफ मुहुदा मुहुदामा वस्न्या के वेहोरा सदर—

आगे केरू तरफ मुहुदा मुहुदामा वस्न्याके वेहोरा सदर—

फागुण सुदि १२ रोज ४ मा

ताहा पछि श्री प्राइम मिनिष्टरवाट मेजर कप्तान दलजित विष्टलाई लेषि गयाको चैत्रको १५ दिन जांदासम्ममा ताहाका रसदको चावल सवै काठमाडौ माउतारी सक्यौ भन्या लडाजी फत्य गन्याको तिमीले ठहन्र्याछ . येस काममा पिपा हुलाकि झालि गैन्हलाई चाहिन्या माफिकको काप लगाई चाडो उतारन्या काम गर येस्मा जाजीविजाई तिमीले गन्याको काम मंजुर छ . धर्मनारान् मार्फत षरीद भै आयाका रूपाल धोक्रा पनि पठाई देउ . मास्न काटनाको अषटियारि पनि जंगि काम गर्दा तिमीलाई दियाको छ . येति सांभाषट्ली विजाजीमा किन काट्या मास्या भनि तिमीलाई केही षतवाट छैन सो वुझी काम गर शुभम्—

मेजर कपतान् महारुद्रके लेषिगयाको वेहोरा सदर—

श्री प्राइम मिनिष्टरवाट श्री कर्णेल षड्ग वहादुर कुवर राणाजिलाई पुजि लेषि गयाको तेस्तरर्फ चेवाचर्चा गर्न कोहि मानिस आया भन्या येस्ता डवलका येति मानिस येस मितिमा येस तरफ आया भन्या षवर लेषनु आफ्ना तरफवाट पनि उनिहरूका मुलुकको पाया सुन्याको षैषवर वुझी लेषि पठाउदै रहनु शुभम्—

फागुन सुदि १४ रोज ६ मा

ताहापछि श्री प्राइम मिनिष्टरवाट जनरल कपतान महारुद्र षत्रीके लेषिगयाको भैंस्या अडामा रह्याका पिपा षलासि उठाई भिफेदीमा मेजर कपतान् दलजित विष्ट गया भन्या र गांडा वयेलको मजुरी दिनालाई अमिन कंपनिको सुवेदार वीर केशरसिं र ज्मादार राषि वीर सुवा मधेस तरफ गया म पनि भैंस्या भिफेदिको रसदका भारी चलान गर्नाका ताकितिलाई भैंस्या अडामा आजा भनि लेष्याको कुरालाई वढीया गन्याछौ भैंस्या भिफेदीको रसद चाडो गरि रवाना गन्या काम गर्नु . औडाकको वन्दोवस्त गर्न्या अंगरेज १ मधेसवाट जाहा आउन भनि ताहा आउन्या छन् १।२ जना सिपाहि भिक्षाखोरीसम्म पठाईदिनु उसले रुपिञा दी साहा वेसाहा षोजि देउ भन्या साहा वेसाहा षोजि दिनु तिमीहरूले उसैकासंगमा आउनु भनि अह्राई सिपाहि पठाइ त्यो अंगरेज आयापछि यस्तरफ छोडीदिन्या काम गर्नु शुभम्—

(क्रमशः)

# ABOUT THE AUTHORS


| | |
|---|---|
| Dr. Dieter Schuh | —Professor, Bonn University, West Germany |
| Dr. Heinz Bechert | —Professor of Indology and Buddhism, University of Gottingen, West Germany |
| Mr. Beni Madhav Dhakal | —Assistant Lecturer, Balmeeki Campus, Mahendra Sanskrit University, Nepal |
| Dr. Tirtha Prasad Mishra | —Lecturer, Central Department of History, T. U., Nepal |
| Mr. Kul Chandra Koirala | —Research Scholar, Nepal |

**'प्राचीन नेपाल'** का निमित्त प्राग्–इतिहास तथा पुरातत्त्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, मानवशास्त्र, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तथा प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ । प्रकाशित लेखहरूमा व्यक्त गरिएको भावना वा मत सम्बन्धित लेखकको हो ।

महानिर्देशक
**पुरातत्त्व विभाग**
रामशाहपथ
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art, anthropology and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to **'Ancient Nepal'.**

The contribution should be concise and well-documented, and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

The opinions expressed are those of the authors and do not necessarily reflect the views of the editor or the Department of Archaeology.

Photographs and illustrations (line drawing) may be sent. The typescript should be in double space and on side of the paper only sent to:

The Director General
**Department of Archaeology**
Ramshahpath
Kathmandu, Nepal.